# नेपाली साहित्य सुमन

## भाग–दुई
## १२ कक्षाका लागि


प्रधान सम्पादक
डा खगेन शर्मा

सम्पादकमण्डल
गोपालचन्द्र शर्मा
घनश्याम तिमसिना
ढाकाराम काफ्ले
मदन थापा
रुद्र बराल



असम उच्चतर माध्यमिक शिक्षा संसद

**NEPALI SAHITYA SUMAN :** *A textbook on Nepali (MIL) for Class XII prepared and approved by Assam Higher Secondary Education Council and published by the Assam State Textbook Production and Publication Corporation Ltd., Guwahati on behalf of Govt. of Assam.* **FREE TEXTBOOK**

© असम उच्चतर माध्यमिक शिक्षा संसद

पहिलो प्रकाशन –2011
दोस्रो प्रकाशन –2018
(परिवर्धित नयाँ संस्करण)

**सर्वस्वत्व संरक्षित**

❖ प्रकाशकको अनुमतिबिना यस प्रकाशनको कुनै पनि अंश कसैले पनि छपाउनु तथा कुनै पनि इलेक्ट्रनिक तथा यान्त्रिक माध्यमद्वारा फटोकपी गर्नु तथा रेकर्डिङ गर्नु सम्पूर्ण रूपले निषिद्ध छ।

Printed on : 70 GSM paper

Cover Paper : 165 GSM

Published by : The Assam State Textbook Production and Publication Corporation Limited on behalf of Govt. of Assam for free distribution.

Prepared by : Assam Higher Secondary Education Council, Bamunimaidam, Guwahati

Printed at : Capital Offset Press
Dhirenpara, Guwahati-25

# भूमिका

समयको परिवर्तनका साथ ज्ञान विज्ञानको प्रगतिलाई ध्यानमा राखी समयसापेक्ष पाठ्यक्रमहरूमा सुधार हुनु आवश्यक ठहरिन्छ। उच्चतर माध्यमिक तह चाहिँ विद्यार्थीहरूका लागि खास तह हो भनिन्छ। असमका विद्यार्थीहरूले पनि अरू राज्यका विद्यार्थीहरूसरह तथा अझ प्रगति गर्न सकून् भनेर राष्ट्रिय शैक्षिक गवेषणा तथा प्रशिक्षण परिषद्को पाठ्यक्रमको नमुनाअनुसार असम उच्चतर माध्यिमक शिक्षा संसदले पनि पाठ्यक्रमहरूको सुधार गरिआएको छ। यसै सिलसिलामा हामीले नेपाली विषय तथा नेपाली एम आई एल–को पाठ्यक्रम थपथाप काँटछाँट गरी नयाँ तथा संशोधित नेपाली साहित्य सुमन, भाग दुई १२ कक्षाका लागि दोस्रोपल्ट प्रस्तुत तथा प्रकाशन गरेका छौँ।

सम्पादनमण्डलले सक्दो प्रयास गरी यो पाठ्यपुस्तक बेलैमा तयार गरिदिएकामा उहाँहरूप्रति हामी आभारी छौँ। आशा छ, यस पाठ्यपुस्तकद्वारा नेपाली मातृभाषा पढ्ने विद्यार्थीहरूको युगसापेक्षको अपेक्षा पुरा हुने छ।

सचिव

बामुनिमैदाम, गुवाहाटी–२१ — असम उच्चतर माध्यमिक शिक्षा संसद

**पाठ्यपुस्तक सम्पादनमण्डल**

प्रधान सम्पादक ः डा खगेन शर्मा
उप प्राध्यापक
आधुनिक भारतीय भाषा र साहित्य अध्ययन विभाग
गुवाहाटी विश्वविद्यालय

सम्पादकमण्डल ः गोपालचन्द्र शर्मा
विषय शिक्षक,नेपाली, ज्ञानपीठ कलेज, निकासी,बाक्सा

घनश्याम तिमसिना
उप प्राध्यापक, नेपाली विभाग, दरङ कलेज, तेजपुर

ढाकाराम काफ्ले
उप प्राध्यापक, नेपाली, एस आर एकाडेमी, गुवाहाटी

मदन थापा
विषय शिक्षक, नेपाली, बडगाउँ उच्चतर माध्यमिक विद्यालय, शोणितपुर

रुद्र बराल
मूल सचिव, असम नेपाली साहित्य सभा

# भारतीय संविधान

## प्रस्तावना

हामी भारतका जनगणले भारतलाई एउटा सार्वभौम समाजवादी धर्मनिरपेक्ष लोकतान्त्रिक गणराज्यका रूपमा गठन गर्न तथा यसका सबै नागरिकका लागि सामाजिक, अर्थनैतिक र राजनैतिक न्याय, विचार, अभिव्यक्ति, आस्था, धर्म र उपासनाको स्वतन्त्रता, प्रतिष्ठा तथा अवसरको समानता प्राप्त गराउन अनि उनीहरू सबैका बिचमा व्यक्तिको मर्यादा तथा राष्ट्रिय एकता अनि अखण्डता सुनिश्चित गर्दै भ्रातृत्व भाव वृद्धि गर्न निष्ठाका साथ सङ्कल्प गरी– हाम्रो यो संविधान सभामा आज २६ नोभेम्बर १९४९ का दिन ग्रहण गरी आफैले आफैँलाई अर्पण गर्दछौँ।

## SYLLABUS FOR HIGHER SECONDARY SECOND YEAR COURSE

## NEPALI (MIL)

**One Paper** **Time : Three Hours** **Marks : 100**

**Unitwise Distribution of Marks & Periods :**

| Unit | Topics | Marks | Periods |
|---|---|---|---|
| Unit-I | Prose | 35 | 50 |
| Unit-II | Poetry | 25 | 45 |
| Unit-III | (A) Adolescence Education | 10 | 20 |
| | (B) Value Education | | |
| Unit-IV | Grammar | 20 | 25 |
| Unit-V | Essay writing | 10 | 10 |
| | **Total :** | **100** | **140** |

## सूचीपत्र

### एकाइ-१- गद्य


१ असमे नेपाली संस्कृति - दुर्गाप्रसाद घिमिरे 1
२. नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष - लक्ष्मीप्रसाद देवकोटा 13
३. शत्रु - विश्वेश्वरप्रसाद कोइराला 22
४. स्वतन्त्रता सङ्ग्रामी छविलाल उपाध्याय - विष्णुलाल उपाध्याय 32
५. कुनै गुलाफ ओभानो छैन यहाँ - पारिजात 44
६. चर्यापद र नेपाली भाषा - डा खेमराज नेपाल 54
७. अव्यवस्थित संरचना - खडगराज गिरी 62


### एकाइ-२-पद्य


१. साहित्य सुधा - धरणीधर कोइराला 73
२. नचिनिने भएछौ - अगमसिंह गिरी 78
३. तीजको बयान - महानन्द सापकोटा 84
४. आकाशका तारा के तारा - हरिभक्त कटुवाल 92
५. म रमाउन सक्ने मेरो देश - हरि गजुरेल 99


### एकाइ-३-नैतिक शिक्षा


१. किशोरकाल र उनीहरूका लागि उपयोगी शिक्षा - गुरुप्रसाद उपाध्याय 104
२. शिक्षाको आधार र उद्देश्य - तारापति उपाध्याय 114

**एकाइ-४-व्याकरण ः**

| | | |
|---|---|---|
| • पुरुष | - | 126 |
| • वचन | - | 131 |
| • लिङ्ग | - | 139 |
| • काल | - | 147 |
| • पक्ष | - | 154 |
| • आदरार्थी | - | 164 |

**एकाइ-५-निबन्ध**

| | | |
|---|---|---|
| • सयमको मूल्य | - | 167 |
| • अनुशासन | - | 170 |
| • परोपकार | - | 173 |
| • विज्ञानको चमत्कार | - | 176 |
| • नारीशिक्षा | - | 178 |


# असमे नेपाली संस्कृति

**दुर्गाप्रसाद घिमिरे**

**पाठ चयनको उद्देश्य :**

असमे नेपालीहरूले मनाउँदै आएका विभिन्न संस्कृतिहरूको ज्ञानवर्द्धक जानकारी दिनका साथै कुसंस्कृतिको सिकार बनेर हाम्रा युवा-युवती कुन दिशातर्फ जाँदैछन् त्यसमा सतर्कतामूलक उपदेश सुनाउँदै अपसंस्कृतिले समाजलाई कुबाटोतिर धकेलेर हानि पुऱ्याउने हो कि भन्ने कुराप्रति सजग पार्ने उद्देश्यले यो पाठ चयन गरिएको हो।

**परिचय :**

१ जुलाई १९३७ का दिन तेजपुर (बुढाछपडी) मा जन्मिएका दुर्गाप्रसाद घिमिरे नेपाली र राजनीति विज्ञानका एम.ए हुन्। सन् १९६५ मा दरङ महाविद्यालय, तेजपुरमा नेपाली भाषाको अध्यापकका रूपमा नियुक्त भई आजीवन नेपाली भाषा साहित्य संस्कृतिको सेवा गरी सेवानिवृत्त हुने घिमिरेका पाँचवटा कृति छन्- **मेरो दृष्टिको सेरोफेरोमा बुढाछपडी** (निबन्ध),**साधना** (निबन्ध सङ्कलन),**धुकधुकी** (कविता सङ्कलन), **शतभिषा** (कविता सङ्कलन) **शान्तिको खोजीमा** (कविता सङ्कलन),**कवि पुष्पलाल उपाध्यायको व्यक्तित्व र कृतित्व** (जीवनी)।

**मूलपाठ :**

सर्वप्रथम संस्कृति भन्नाले के बुझिन्छ ? भाषाविद महानन्द सापकोटाज्यू– *भाषा र शिक्षाको सम्बन्ध चानचुन* मा लेख्नुहुन्छ– *पुर्खाको चलन हाम्रो संस्कृति हुन्छ। हामी पनि भोलिका पुर्खा हुन्छौँ अनि हाम्रो चलन हाम्रो सन्तानको संस्कृति हुन जान्छ। हामीले हाम्रा सन्तानलाई त्यस्तो चलन छाडेर जानु पर्‍यो जसमा सुधारको आवश्यकता भरसक नपरोस् र उनीहरू अझै राम्रो र ठुलो कुरो सोच्ने अधिक अवसर पाऊन्।* कोशकार बालचन्द्र शर्माद्वारा सम्पादित शब्दकोशअनुसार – *कुनै जातिको परम्परागत आचार–विचार, कला–कौशल, बौद्धिक विकास आदिको परिस्कृत रूप र धेरै लामो समयसम्म कुनै जातिले आफूमा पचाइसकेको रहन–सहन, आचार–विचारसम्बन्धी मान्यता, भावना र त्यसका भौतिक अभिव्यक्तिहरूको समूह।*साहित्यकार इन्द्रबहादुर राईका अनुसार– *संस्कृति देश कालको सचेतता टिपेका टिप्पणीहरू*मा यसरी लेखिएको छ– *संस्कृतिको बृहत् धारणाभित्र हाम्रा मान्यता र दृष्टिहरू नै रहेका हुन्छन् रचनात्मक माध्यम पाएर ती अभिव्यक्त हुन्छन्, हाम्रा कलाहरूमा, आध्यात्मिकतामा, रीति–थितिहरूमा, दैनिक व्यवहारका अनेक विधाहरूमा।*सन्–१९६६ मा तेजपुरबाट प्रकाशित प्रभात पत्रिकामा लेखिएको लेख *नेपाली संस्कृति*मा सापकोटाज्यू लेख्नुहुन्छ– *इतिहासले थाहा पाएका र नपाएका नैमित्तिक र औपासनिक कारणहरूबाट उठान भई समाजले मान्दै र मनाउँदै आएका चाल–चलन, रीति–थिति, चाड–पर्वहरूका समष्टिहरूको नाम संस्कृति हो।*

माथि दर्शाइएका विभिन्न विद्वानहरूका परिभाषाबाट संस्कृतिको अर्थ स्पष्ट हुन्छ। अर्थ नबुझिकन प्रयोग गरियो भने अर्थको अनर्थ हुन जान्छ। हाम्रा सभा–समारोह आदिमा धेरै वक्ताहरूले यो शब्द उच्चारण गरेको सुनिन्छ तर सही अर्थ बुझेर गरिएजस्तो लाग्दैन। अन्धाधुन्द व्यवहार गरेका शब्दले भविष्य पिढी अल्मलिन्छ।

हामी जति–जति चाल–चलन र व्यवहारमा निक्खर हुँदै जान्छौँ हामी सुसभ्य सुसंस्कृत हुँदै जान्छौँ अनि हाम्रो जीवनस्तर पनि उचालिँदै जान्छ। राम्रो, दह्रिलो र रमाइलो हुँदै जान्छ। हाम्रो बोली अथवा शब्द प्रयोग परिमार्जित छैन भने हामी अनुन्नत, असभ्य कहलाउँछौँ। ठाडो बोलीले हामी व्यवहारमा रुखा हुन्छौँ, सभ्य संसारका नजरमा होचिएर जिल्ल पर्दै जान्छौँ अनि हीन भावनाले सधैँ कक्रिँदै जान्छौँ। सभ्य संसारले आफ्नो व्यवहार, चाल–चलन, रीति–थितिहरू यसरी नै फलेर, छिन्केर, चालेर, निफनेर अवाञ्छित चलनहरू पगेटा फ्याँक्ताझैँ फ्याँकेका छन् र कसिङ्गरझैँ बढारेका छन्।



अब हाम्रा पुर्खाहरूले माऊ थलोलाई चटक्क माया मारी कुनै कालमा यता आउँदा कुन रूपमा आएका थिए, कस्तो भावना सँगालेर ल्याएका थिए ? धरमर र हो कि होइनमा चाकाचुली खेल्दै बसेका हाम्रा पुर्खाले भाषा संस्कृतिलाई कुन रूपमा जोगाएर राखे ? माऊ थलोबाट ल्याएका यी संस्कृतिका पेवाहरू परदेशको पेलाइ र थिचोमिचोमा कसरी वर्तिरहे समयको अनुकूल र प्रतिकूल परिस्थितिमा च्याप्टिँदै, न्याप्टिँदै अनेक बुँदाहरू जोडिएर आएको यो संस्कृतिले हामीलाई कतिसम्म उज्याल्याएको छ ? समयको सफाइलाई हामीले कतिसम्म ग्रहण गर्‍यौँ, त्यसको असरले हामी रागे त बनेका छैनौँ ? समय गतिशील तथा परिवर्तनशील छ। युगौँदेखि चलिआएका हाम्रा चलन, चिन्तन मननमा पनि परिवर्तनले असर पार्छ। आजका आसामे नेपाली समाजका सन्तानहरूको प्रतिक्रिया यो रकेटको युगमा विश्लेषणयोग्य बनेको छ।

राम्रा नराम्रा दुवै थरीका चलन समयका भेलमा आएका हुन्छन्। राम्रा कुराहरू सम्झनादेखि पर हुँदै बिर्सिइँदै गइन्छ र चलनका ठाउँमा शोभा वृद्धि गराउन जोडिएका थप कुराहरू पनि संस्कृतिका नामले लोकमा चल्न आउँछन्। राम्रालाई जगेडा गर्नु र अवाञ्छित कुराहरू त्याग्नु उचित हुन्छ। जुन प्रथा, चलन, शास्त्र, धर्म आदिले समाजको कल्याण गर्दैन त्यस्तालाई आँखा चिम्लिएर त्याग्नाले लोलुपताको उलाउ त ल्याउँदैन ? कुनै पनि चाडपर्व जातीय खुसीको चिज हुनुपर्छ, विषाद्को बिज हुनु हुँदैन। धेरै लामो आयोजना गर्नु पर्दा दसैँ नै खर्ल्याङखुट्टीमा हिँडेझैँ लाग्छ। यस दसामा चल्ने दसैँको केही संशोधन हुन जरूरी देखिन्छ।

हाम्रो धर्मकर्म, पूजाआजा आदिमा पनि विचार गरौँ। हाम्रो धर्म वैदिक धर्म हो। धर्मले संयमी, विनयी, आत्मिकता शुद्धि र अहिंसावादी बनाउनमा ठुलो भूमिका लिएको देखिन्छ। कालक्रममा यही सनातन धर्म ब्राह्मणहरूको अचुक अस्त्र बन्न गयो। आफ्नो पेशामा पुलिक लगाउन बाठाजनले कल, छल, बलले धर्मलाई अमोध अस्त्र बनाएर स्वर्ग र नर्क रचे अनि व्यापारिक दृष्टिले कर्मकाण्ड गराउन थाले। लाटा–बुङ्गा यजमानहरू नरकगामी हुनबाट जोगिन र स्वर्ग सुख सोहोर्न आँखा चिम्लिएर दानको भडखाल्डोमा गर्ल्याम–गुर्लुम जाकिन थाले। दान नगर्ने विधर्मी, पापी कहलाइन थाले र जति सक्तो दान गर्ने दानी,धर्मी आदि विश्लेषणले विभूषित हुन थाले। यसरी नै यजमानहरूको आत्मबल अन्धविश्वासको अँध्यारोमा छामछुम गर्न थालियो। विशेष गरी हाम्रा नारीहरू तेत्तिसकोटि देवताहरूका पूजाका कोकोहोलोमा कता अल्मलिए कता। ब्रत गरिन्छ ब्रतको उद्देश्य र अर्थमा अनभिज्ञ रहेर। अनाहारले अजिर्णसम्म हुन्छ ठिकै हो, तर बर्ताउको अन्धविश्वासी भोको पेटले भोक रोकिन्छ, रिस सङ्गालिन्छ र भुतभुते अरूमाथि खन्याइयो भने ब्रतको अर्थले विपरीत बाटोबाट सुइँकुच्चा ठोकेको बुझिन्छ। अम्लपित्तले ग्रस्त हाम्रा बर्तालुहरूले ब्रतको उचित अर्थ बुझेर आत्मबल बढाउन विज्ञानसम्मत चिन्तन गरौँ। धार्मिक उद्देश्य अज्ञानताको ओडारमा विलिन भएर नजाओस्।

पूजा–आजाको क्रममा धामी झाँक्रीको पनि उल्लेख गर्नु वाञ्छनीय छ। समाज गठनमा सबै चीज अङ्गाङ्गी भएर आउँछन् र समाजले पूर्णता लाभ गर्छ। विज्ञानसम्मत हुनसक्नु ज्यादै विज्ञानसिद्ध कुरा हुनेछ। उहिलेको माऊ थलोको सामन्तवादी संस्कृतिको मरिकुच्चे भारी हाम्रा पुर्खाले ल्याएर असममा बिसाएका थिए। त्यस भारीभित्र केही नराम्रा चलन पनि थिए होलान् र यो युगका सन्तानले त्यसैका झुसिला डकार डकारिरहेका छन्। युगसापेक्ष कतिपय चलनको परिवर्तन हुनु जरूरी थियो तर धार्मिक अक्टोपसले किलकिलेमा अँठ्याएको हुँदा हाम्रो जनताले फुस्रा आँखा लगाएर हेर्नु सिवाय अर्को गत्यन्तर छैन। हाम्रो समाज कृषि र पशुपालन मै ज्यादा सीमित छ। नोकरी र वाणिज्य व्यवसायमा नगण्य छ। कृषि र पशुपालन उही



पुरानो पद्धतिमा निर्भरशील छ। अब हामीले हाम्रा पेशालाई विभिन्न दृष्टिकोणबाट हेर्ने समय आएको छ नत्र धनतान्त्रिक यो युगको सङ्गालिँदो महँगाइमा झुल्सिएर हाम्रो जीवनस्तर निम्नगामी हुनु केही अस्वाभाविक होइन। गहिरिएर विचार गर्दा बहुसङ्ख्यक भाले ठुँगाइमा हामी एकुमठी पोथी बचाउनका लागि रक्षणशील हुन चाहन्छौँ। यो अल्पसङ्ख्यक कमप्लेक्स त्रास र भीतिमा अढेसिएको हुन्छ। परिवर्तन उसका लागि लङ्डाले नालो फडकिएर पार गर्नु जस्तै कठिन हुन्छ। परिवर्तनका लागि उसको ह्याउ छैन। मसक्क आँट गरेर नयाँ कुरा अँगाल्यो भने उसको वाक्य फुट्तैफुट्तैन। असमे नेपालीको दुर्बलताको भित्री कुरो यही जस्तो लाग्छ।

मृतकको सुध्याइँ कार्य र दसैँलाई हेर्दा सुध्याइँ कार्य सम्बन्धमा युगसापेक्ष सुहाउँदिलो र कम्ती अर्थमा समाधान हुने उपाय आजका वैज्ञानिक युगका बुद्धिजीवीहरूले निकाले केही अप्ठ्यारो होला र! दसैँ नेपालीहरूको ठुलो रमाइलो चाड हो। यसले कुनै जमानामा हाम्रो मनको आनन्दको दिउल फुटाएको हुँदो हो। अर्थाभावले निसासिँदै र महँगीले जर्जरित यस युगमा सप्तमीदेखि पूर्णिमासम्मको दसैँ साधारण आय हुने जनताका लागि पहाड जत्रो भारी र कहिल्यै नटुङ्गिने बाटोझैँ लामो बन्न गएको छ। अहिलेको टिको प्रथामा सानोले आफूभन्दा उमेरमा जेठालाई टिको लगाइदिने चलन चल्न थाल्यो। चिकित्सा विज्ञानको विकास भएपश्चात् पनि भूत–प्रेत, सिकारी, बोक्सी आदिमा विश्वास गर्ने हाम्रो समाजले डाक्टरमा विश्वास कम मात्रामा गर्दछ। हाम्रा आमैहरूलाई धामी नलगाए धित मर्दैन, रोग निख्रिँदैन। शिक्षाको कमीमा पन्पिने चिज हो यो। शिक्षितवर्गले धामीको सेर्ग्यामलाई विश्वास गर्न छाडिसकेको छ।

संस्कृतिका नाममा चलेको चलनभित्र चौथी हान्ने प्रथा पनि एक हो। तीजका भोलिपल्ट राति काँक्रा–फर्सी चोर्नु, घरमा डल्ला हान्नु, बाख्राका खोर खोलिदिनु र कुसे औँसीका दिन पोथी पात्रा र लुगाहरू बाहिर निकालेर घाममा सुकाउनु जस्ता प्रथा अब चलनमा छैनन्।

यो युग वैज्ञानिक विश्लेषणको युग हो। यहाँ विज्ञानसम्मत कुरालाई मात्र

मान्यता दिइन्छ। अहिलेको चिन्तन एब्सट्रेक्ट (अमूर्त) भइसकेको छ। हिँडने बेलामा कालो बिरालोले बाटो काटिदिँदा यात्रा अमङ्गलीय हुनु, केटा र केटीको टिपन (चिना) मिलाएर बिहा गराइएन भने सुखी दाम्पत्य जीवनबाट विमुख हुनु जस्ता कुरा हाम्रा समाजमा अझै चलिआएकै छन्। योदेखि बाहेक एकजनाको हातले अर्काको हातमा खोर्सानी दिँदा बाँझो हुनु, खुट्टा निदाएर झन्झनायो भने अर्काको तिघ्रामा चिमोट्ता निदाएको खुट्टो जाती हुनु, स्वास्नीले लोग्नेको नाम सोझै मुखले उच्चारण गर्न निषेध हुनु, घाँटीमा अनायास औँलाले छोइएछ भने औँलो फुक्नु पर्छ नभए गाँड हुन्छ, रोगी शरीरबाट लुतो र मुसो हटाउन लौरोमा लुतो दलेर र मुसाको रगत दलेर लौरो माझ बाटामा राखिदिँदा कसैले लौरो लगिदियो भने लुतो, मुसो शरीरबाट हराउँछ भन्ने विश्वासका चलनहरू हाम्रो नेपाली समाजमा अझै प्रचलित होलान्। बार्ने बारको दिन लगेको चाज फर्काउन सकेनन् भने चिज लगिने घरको मान्छेले गएर लाने घरका मान्छेका घरबाट लगिने चिजको साटोमा दसी लिएर आउने चलन पनि चलेकै छ। साँझका बेलामा ओछ्यानमा सुतिरहन नहुनु, भात खान नहुनु, फलानाका घरमा आग लागि भएछ भन्दा आगामा पानीका छिटा छम्किनु पर्ने चलन चलेकै देखिन्छ। पहिलो पल्ट घरका छोरी–चेलीहरू छुवा हुँदा घरका दाजु–भाइहरूले नदेखिने अर्काका घरमा महिना दिनसम्म चेलीलाई राखेर चोखिएपछि घर ल्याउने चलनले सहरीयाहरूलाई अप्ठ्यारो पार्न थालेकाले सातदिनसम्म यसो राखिदिएर रीतिसम्म मनाएर ल्याउने चलन चल्न थाल्यो। बदलिँदो परिस्थितिमा माथि दर्शाइएका चलनहरू कतिसम्म ग्रहणयोग्य छन्, विचार गर्ने बेला आएको छ।

हाम्रा बाजागाजा, भाँडाकुँडा, चाडपर्व, हतियार, बुनाइ आदिले पनि लोक संस्कृतिको रङ्ग वहन गरेको हुन्छ। आजको आधुनिकीकरणले कतिपय संस्कृतिका बुँदाहरू छाँट्तै लाँदैछ। नेपाली पञ्चे बाजा र नौमती बाजाको चलन लुप्तप्राय अवस्थामा छ। कर्नाल, नरसिङ्ग, दमाहा, ढोलकी जस्ता नेपाली बाजालाई आजका माइक र रेकर्ड प्लेयरले नापत्ता पारे जस्तै छन। झ्याइँ–झ्याइँबाजा बजाएर ल्याएकी भन्ने शब्दमा नेपालीपन थियो। अब त माइकका अगाडि कुन विशेषण लगाएर ल्याएकी भन्नु ? हतियारका नाममा खुकुरी र चुलैँसी मात्रै चलनमा देखिन्छ।



भाँडा–कुँडाहरूमा पनि जातिगत भाँडा–कुँडा हुन्छन्– खँडकुलो, तामाका गाग्री, ठेकी, हर्पे, ताई, आम्खोरा, ताप्के, चुठुवा, गुसे, गरिया आदिमा नेपालीत्व छ, तर स्टिलका बर्तनले आलमारी सजाइन थालेकाले नेपाली भाँडाकुँडाहरू तलामाथि थन्किन लागिरहेछन। नेपाली नारीहरूका कम्मरमा अब तामाका गाग्रीले सोभायमान हुनुको सट्टा हातमा डेक्की र दुँदेरो बाल्टीले पानी ओसारिन थालियो। नेती, मधानी, बटनेउटो, सितन, फ्याउरी, सिकिया जस्ता शब्द चलनमा नआउँदा शब्दकोशमा मात्र पाइने भए।

गुन्द्रुक सिन्की हाल्नु, गुन्द्रीको तान लाउनु, दुनाटपरा, बोहोता बरनीको ठहर गाँस्नु, सिन्का चिर्नु, मस्यौरा बनाउनु, गोलाघाटेका सिन्काका पङ्खा बनाउनु, कुरो उखेलेर कुचो बनाउनु आदि काम भने असमका गाउँहरूमा अझै प्रचलित छन्।

धान रोपाइँको बेला बेठी पाराको बाजा घन्काइने चलन अब छैन। दसैँमा मार हान्दा मालसिरी राग गाउने चलन पनि प्राय: हराइसके जस्तो छ।

चाडहरूमा तीज, दसैँ, तिहार, माघे सग्राँती, असार पन्ध्र मानिन्छन्। सरस्वती पूजा, छात्र–छात्राहरूको मात्र चाड हुन लागिरहेछ। जन्मष्टमी, ठुली एकादशी, जनै पुर्णे, नाग पञ्चमी, कुसे औँसी आदि धार्मिक चाड हिसाबले मानिन्छन्।

शिक्षाको व्यापकता र आधुनिक वातावरणको प्रभावले नेपाली नारीहरूको सँगिनी खेल्ने चलन हराइसके जस्तो छ। बेउलो अन्माएर लगेपछि राति बेउलाका घरमा रतेली खेल्ने चलन छ। अघिको जमानामा नारीहरूलाई आजको जस्तो नारी स्वतन्त्रता थिएन। केही छिनका लागि भए पनि हाम्रा नारीहरूलाई रहर लाग्दा फुर्ति, हाँस–खेल, ठट्टा गर्ने छुट समाजले दियो होला। रतेली खेल्दा हाम्रा नारीहरू युवतीदेखि कुप्रे बुढीसम्म बेसमारी फुर्ति गर्छन्। बैँसालुहरू उन्मुक्त हाँसो हाँस्छन र पुराना ढाँचाका चाहिँ रङ्गाएको मजेत्रो मुखमा कोचीकोची हाँस्छन्। अघि–अघि रतेलीमा लोग्ने मानिसलाई निषेध थियो तर आजका आधुनिकहरूले त्यस्तो

निषेधलाई मानेको देखिँदैन।

अरू जातिगत वैशिष्ट्यहरूमा आउने कुराहरू हुन्–विशेष भङ्गिमाले अश्लिल शब्द प्रयोग गरेर गाली गर्ने चलन, सराप्ता आङ्‌सिरिङ्ग हुने शब्दहरूको प्रयोग जस्तै– 'मोरालाई एका बिहानै हरिया बाँसमा टुँ–टुँ पार्दै लगेको देख्न पाऊँ।' दोष स्वीकार गराउन तामा तुलसी छुवाउनु, हरिया गोबरले लिपेर लोहोरामा उभ्याउनु आदि। अदाहा कपाल दुख्दा पिनासको दोहोलो काढ्नु, सप्ताह लाग्दा सात गाँठा पारेर बलैँसीमा सिउरिनु जस्ता चलन हाम्रा जातिमा चलेकै छन्।

अहिले बिर्सिंदै गएका चलनमा नारीहरूले मान्यजनलाई ढोग्ने तरिकामा आफ्नोपन थियो तर, त्यो कौशल पनि हरायो। त्यस्तै अघि–अघिको जस्तो गाम्छाले नारीहरूको छाती बाँध्ने चलन पनि अब रहेन।

हाम्रो समाजमा कुनै युवतीले कुनै युवकसँग गुपचुपमा प्रेमालाप गरेको देख्दा खासखुस आवाजमा भनिने वाक्य – 'फलानी त फलानासँग सल्किछ।' सल्किनु शब्दमा क्या मिठो नेपाली बास्ना छ। असमवासी नेपालीमा अब जातीय पहिरन छैन। यहाँको रैथाने पहिरन नै नेपाली पहिरन बनेको छ। नेपाली पहिरन छुट्याउन अलमलिनु पर्छ।

गहना–गुरियामा पनि अब पुराना अघिका गहनाहरू चलनमा आउन छोडिसके जस्तै– बुलाकी, कल्ली, नाकफुली, तिलहरी, गोदावरी, कर्नफुल, शिरफुल, शिरबन्दी, ढुङरी, कण्ठ, चन्द्राहार, च्याप्टे सुन, छापे मुन्द्रो, बेरूवा मुन्द्रो, मुन्द्रो, बाइँ, नौगेडी आदि। तिलहरीचाहिँ अहिले सानो चिटिक्क पारेर बान्की परेर निक्लिएको छ। बुलाकीको चलन पनि हराइसक्यो। अहिले अन्तर्जातिक आधुनिक गहनाको चलन चल्न थाल्यो।

आजभोलि नेपालीका घरमा ओलन तताउन छाडियो, लाच्छो हान्न बिर्सियो। दुधको ठाउँमा गाखिर खान थालियो। तामुल पान पनि 'एक खान' खान थालियो। मकै–तोरीका गेडाले गुटी नाम पाए, घुमाउने रोटा (सेल रोटी), बाबर, ढकने, पक्कु त पाक्तै छन् तर सुप–चाँसुर हालेर पकाउने पुवा हराउने हो कि।



नेपालीहरूका आफ्नै घरेलु औषधीहरू छन्। नेपाली ज्यादै परिश्रमी जात हुनाले गह्रौँ भारी उचाल्दा–थेचार्दा गानो जान्छ, पेटकट्टी हुन्छ। यस्ता मधौरूहरूलाई पाङ्‌ग्रो र लाटागुटी फोरेर त्यसको गुदी दहीमा घोलेर ख्वाउँदा रोग च्याट्टै निको हुन्छ भन्ने विश्वास छ। तर अहिलेका पिढीले यस्ता औषधीहरू रूचाउँदैनन्। चोखा लाग्दा धामीले सुद्धी हराएको रोगीलाई उल्टा काटेर ख्वाउने चलन पनि चलेकै छ। बारीमा फल लाग्न लागेका बोटमा सोझै चोर औँलाले देखायो भने फल कुहिन्छ भन्ने विश्वास पनि प्रचलित भएकै देखिन्छ।

जन्त जाँदा सिमलीका हाँगा बोकेर भात खउरे (खरउ) जाने घर गाउँलेका बिचमा हुने प्रतिस्पर्धात्मक प्रश्नोत्तर, विवाह जग्गेमा सिलोक हाँक्ने चलन, पूजा–आजामा राति जाग्राम बस्ता खेलिने बालन अब निभ्न लागेको बत्ती जस्तै हुन लागिरहेछ।

लोकगीत, झ्याउरे, बालन, सँगिनी, सवाई, दन्ते कथा, गाउँखाने कथा आदिमा लोक संस्कृति बहन भएको हुन्छ। तुक्का उखानले पनि यस सम्बन्धमा धेरै खुराक दिन्छन्। यी अलिखित साहित्य हुन र मौखिक रूपमा चलेर आउने हुनाले जातिको प्रारम्भिक अवस्थादेखि सभ्यताको उपल्लो स्तरसम्म जनश्रुति हिसाबले परिचित छन्। लोक संस्कृतिमा धर्म, पूजा–आजा, लोक विश्वास, नाच–गान, आदि निहित भएका हुन्छन्। असमे नेपाली जन–जीवनसम्बन्धी कुराहरू अझै चपरी मनि रहेका होलान्। लोक संस्कृतिलाई मन्थन गरेर यसको यही रूप प्रस्तुत गर्ने बेला बितिसक्न लाग्यो।

श्रेष्ठ र उत्कृष्ट जीवन बाँच्नु नै जीवनको ध्येय हो भने अपठ्यारो लाग्ने, असुहाउँदिला चलनहरूलाई त्यागेर युगसापेक्ष चलनहरू अँगाल्नु नराम्रो हो र ? अहिलेको असमे नेपाली संस्कृति मूल्यबोध र आदर्शका दृष्टिकोणबाट पुरानो पुर्खाको संस्कृतिभन्दा केही फरक हुनु अस्वाभाविक देखिँदैन।

**शब्दार्थ**–

संस्कृति – कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्य र परम्पराको समष्टि नाम।

पुर्खा – पूर्वपुरूष, पूर्वज, बाबु–बाजे।

| | | |
|---|---|---|
| विधा | – | भाग, अंश, हिस्सा। |
| नैमित्तिक | – | नियमपूर्वक, कुनै विशेष निमित्तसँग सम्बन्धित। |
| औपासनिक | – | उपासना, पूजा वा आराधनासँग सम्बन्धित। |
| परिभाषा | – | कथान, व्याख्या, लक्षण। |
| अन्धाधुन्ध | – | वेगले, जोडसित, ज्यादै। |
| पिढी | – | पुस्ता, वंश परम्परा। |
| परिमार्जित | – | परिस्कृत,राम्ररी धोई पखाली गरिएको। |
| अनुकूल | – | आफूले चिताएको वा भने जस्तो। |
| प्रतिकूल | – | नमिल्दो, अनुकूलको विपरीत। |
| विश्लेषण | – | केलाएर हर्ने काम वा प्रक्रिया। |
| जगेडा | – | जोगाएर वा साँचेर राख्ने चलन। |
| अवाञ्छित | – | नचाहेको, इच्छा नगरेको। |
| लोलुपता | – | लोभीपन वा लालच। |
| खर्ल्याडखुट्टी | – | एउटा खुट्टो उचालेर अर्को खुट्टाले मात्र दौडने केटा-केटीको खेल। |
| अचुक | – | चुक वा भुल नभएको, विफल नहुने। |
| यजमान | – | ब्राह्मणद्वारा यज्ञ आदि धार्मिक कार्य गर्ने व्यक्ति, यज्ञ गराउने व्यक्ति। |
| अजीर्ण | – | अपच, खाएको कुरो नपच्दा हुन जाने पेटको रोग। |
| अम्लपित्त | – | पित्तका दोषले गर्दा खाएको वस्तु अमिलो हुने रोग विशेष। |
| धामी-झाँक्री | – | तन्त्र-मन्त्रको प्रयोग गरी झारफुक गर्ने र रोगीको उपचार गर्ने व्यक्ति। |
| सामन्तवादी | – | सर्वसाधारण व्यक्तिलाई शोषण गर्ने व्यक्ति। |
| अक्टोपस | – | लहराजस्ता आठवटा खुट्टा भएको साढे अठार फुटसम्म लामो गुलाफी रडको एक हिंस्रक जलचर प्राणी। |



| | | |
|---|---|---|
| दिउल | – | बियाँ, अन्न आदिको उम्रने भाग। |
| सेर्ग्याम | – | उपचारका लागि धामीले गर्ने क्रिया। |
| दसी | – | चिनो, निसान, साक्षी। |
| नौमती बाजा | – | ढोलक, ट्याम्को, सनही, तुरही, कर्नाल आदि वाद्ययन्त्र। |
| मस्यौरा | – | मुला, आलु, काटेको कर्कलो आदि मिसाई सुकाएर तरकारी खानका निम्ति बनाइएको डल्लो-डल्लो खाद्य पदार्थ। |
| बेठी | – | रोपाइमा पञ्चेबाजा बजाई भोज खुवाई गरिने उत्सव। |
| पञ्चेबाजा | – | उहिलेउहिले दमाइहरूले बजाउने सनै, ट्याम्को, दमाहा, झ्याम्टा, नरसिंह आदि पाँच किसिमका बाजा। |
| रतेली | – | बिहेको दिन बेहुलो अन्माए। पछि बेहुलाको घरमा आइमाईहरूद्वारा राति गरिने नाचगान वा फुर्ति। |
| अश्लील | – | लज्जाजनक, नराम्रो वा फोहोरी कुरो। |
| ओलन | – | दुध। |
| ढकने | – | नेपालीका चाडबाडमा वा तीजमा चामललाई घिउमा भुटेर दुधमा पकाएको चाम्रे जस्तो खाद्य पदार्थ। |
| प्रतिस्पर्धा | – | प्रतियोगिता। |
| मालसिरी | – | दसैँमा बिहान बेलुकी गाइने दुर्गा देवीको स्तुति भएको भक्ति गीत। |

**प्रश्नः**

१. नौमती बाजा र पञ्चेबाजा भनेको के हो ? यिनीहरूमा के फरक छ ?

२. हाम्रो संस्कृतिमा वर्णन गरेका चाडहरूको नाम लेखी कुनै एक चाडको छोटो परिचय देऊ।

३. हाम्रा धर्म-कर्म र पूजाआजा सम्बन्धमा असमे नेपाली संस्कृति निबन्धमा निबन्धकारले कस्तो मत व्यक्त गरेका छन् ? चर्चा गर।

४. बेठी र मालसिरी भनेको के हो ?

५. नेपाली गहनाहरूको नाम लेख।
६. नेपाली भाँडाकुँडाहरूको नाम लेख।
७. संस्कृति सम्बन्धमा भाषाविद् महानन्द सापकोटाको परिभाषा लेख।
८. कोशकार बालचन्द्र शर्माले व्यक्त गरेको संस्कृतिसम्बन्धी परिभाषा के हो ? लेख ।
९. साहित्यकार इन्द्रबहादुर राईले संस्कृतिलाई के कस्तो रूपमा परिभाषित गरेका छन् ?
१०. चौथी कहिले खेलिन्छ ?
११. असमे नेपाली संस्कृति निबन्धमा उल्लेखित निषेध मानिएका चलनहरूबारे वर्णन गर।
१२. झाँक्री र वैद्यको फरक देखाऊ।

**पाठबोध :**

असमे नेपाली संस्कृतिसम्बन्धमा निबन्धकारले धनात्मक र ऋणात्मक दुवै पाटालाई नियालेर हेर्ने प्रयास गरेका छन्। अपसंस्कृतिले समाजलाई कुबाटोतिर धकेल्छ र हानि पुऱ्याउँछ भन्ने मत व्यक्त गरेका छन्।

**थप तथ्य :**

निबन्धकार दुर्गाप्रसाद घिमिरे भाषा, साहित्य, संस्कृतिको जगेडाका निम्ति मरिमेट्ने असमका अग्रणी कर्मीहरूमध्ये एकजना हुन्। उनका फुटकर रचनाहरू धेरै प्रकाशित भएका छन्।

**शिक्षण निर्देशन :**

नेपाली संस्कृतिसम्बन्धमा गुरु/गुरुआमाले निबन्धमा उल्लेखित सामग्रीहरूको जानकारीका अतिरिक्त त्यससम्बन्धी सही तथ्य दिँदै संस्कृति र जातिको सम्बन्धलाई व्याख्या गर्ने।

● ● ●

# नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष

**लक्ष्मीप्रसाद देवकोटा**

**पाठ चयनको उद्देश्य–**

नेपाली साहित्यको निबन्ध विधामा पनि लक्ष्मीप्रसाद देवकोटाको अहम भूमिका छ। भानुभक्त आचार्यप्रति देवकोटाको मूल्याङ्कन र निबन्ध लेखन शैलीबारे विद्यार्थीलाई ज्ञान दिलाउनु यस पाठको उद्देश्य रहेको छ।

**लेखक परिचय–**

नेपालको डिल्लीबजार,काठमाडौँमा १२ नभेम्बर १९०९ का दिन जन्मिएर ५० वर्ष बाँची १४ सेप्टेम्बर १९५९ का दिन मृत्युवरण गर्ने नेपाली साहित्यका ध्रुवतारा लक्ष्मीप्रसाद देवकोटाले बी एल पास गरी अङग्रेजीमा एम् ए–को अध्ययन गरेका हुन्।

देवकोटाको असली नाम तीर्थमाधव देवकोटा हो तर लक्ष्मीपूजाका दिन जन्मिएका हुनाले उनको नाम लक्ष्मीप्रसाद देवकोटा अनि माताको नाम अमर राज्यलक्ष्मी देवी हो। 'आषाढको पन्ध्र' उनको पहिलो निबन्ध हो। सन् १९३५ मा 'शारदा' पत्रिकामा 'आषाढको पन्ध्र' निबन्ध प्रकाशित भएको थियो। उनले नेपाली निबन्धयात्रामा रोमान्टिक अथवा स्वच्छन्दतावादी धाराको प्रवर्तन गरे अनि नेपाली साहित्यमा आधुनिक धारा पनि भित्रियो। उनले सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले नेपाली साहित्यको

भण्डारलाई काव्यिक मलजलले भरेका छन्। देवकोटाको निबन्धमा गहनताभन्दा हार्दिकता बढी पाइन्छ। उनी कोमल, लयदार एवम् सहज अभिव्यक्ति गर्ने पोथी गद्यका रचनाकार हुन्। उनका निबन्धगत प्रवृत्तिहरूमा प्रकृतिचित्रण, राष्ट्रियता, व्यङ्ग्यात्मकता, नवीनता, सरलता, कोमलता, मौलिकता आदि हुन्।

**उनका प्रकाशित कृतिहरू** – कविता सङ्ग्रहः–पुतली (१९५२), भिखारी (१९५३), सुनको बिहान (१९५३), छहरा (१९५९), चिल्ला पातहरू (१९६४) आदि।

**खण्डकाव्य** – मुनामदन (१९३५), कुञ्जिनी (१९४५), बसन्ती (१९५२), लुनी (१९५८) आदि।

**बापू एन्ड अदर सनेट्स**(२००६), यो देवकोटाले अङ्ग्रेजीमै लेखेको लामो कविता हो, यो कविता महात्मा गान्धीको हत्या भएको दिन राति लेखिएको हो, त्यो दिन उनी बनारसमा थिए।

**महाकाव्य** – शाकुन्तल (१९४५), सुलोचना (१९४६), महाराणा प्रताप (१९५७), वनकुसुम (१९५८), प्रमिथस (१९६१), पृथ्विराज चौहान (१९९२)

**निबन्ध सङ्ग्रह** – प्रसिद्ध प्रबन्ध सङ्ग्रह (१९४१), लक्ष्मी निबन्ध सङ्ग्रह (१९४५), दाडिमको रुखनेर (१९८२)

**मूलपाठ** –

साहित्यिक श्रेष्ठताको नाम जनतामा परेको प्रभाव र सर्वकालीन हृदयस्पर्शितामा निर्भर रहन्छ। नेपाली साहित्यको इतिहास हेर्दा हामीलाई त्यतिको प्रभावकारी र सर्वप्रिय रचनाहरू अरू जँच्चैन, जत्तिको भानुभक्त कविको नेपाली रामायण। धेरै यस रचनालाई हेला पनि गर्छन् तर उनीहरू सम्झँदैनन्–यो रचना आफ्नै हृदयको कति नजिक छ।

हामीहरू ज्यादाजसो साहित्यलाई खालि शृङ्गार देख्छौं, शब्दलाई फा लगाएको, लाली चढाएको, आधुनिकता निकालेको, अथवा कालिदासको झैँ उपमाहरूले झल्लरी–मल्लरी बनाएको एउटा रङ्गिलो आडम्बर, एउटा रसगोले



माधुर्य, अथवा संस्कृतिको आडम्बर, या खिंचातानी चमत्कार। हामी 'अलङ्कार-चन्द्रोदय' लाई साहित्य सम्झन चाहन्छौँ। हामी बौद्धिक र बोक्रे रुचि देखाउँछौं। हामीहरू अनुप्रासलाई किताप भन्दछौँ र भडकलाई आधुनिकता। हाम्रो माग रुग्णको रुचि जस्तो छ। निःसारमा हामी सार देख्छौँ, हाम्रो बीसौँ शताब्दी ज्यादाजसो कृत्रिमतामै रमाउँछ। हामी मुटु चाहँदैनौं, भुलभुलावटको जरूरत छैन, सच्चा हृदयको स्वदेशी सौन्दर्यको कदर गर्न सक्ने शक्तिको न्यूनता हामीहरूमा अरू सबै दोषभन्दा ज्यादा टड्कारो छ।

म चाहन्छु हृदय। कविको छन्द भुलभुलावट होस्, न कि तगण र आँलागनाइ। प्रसिद्धिप्रेमको प्रेरणा मलाई निको लाग्दैन। म चाहन्छु हृदयको ऐंडी। कविलाई त्यहाँबाट लेख्न मन लागोस्, जहाँ मानव आँसुहरू प्राकृतिक भावमा पग्लिन्छन्, जहाँ सत्यको आमन्त्रण आत्मामा सुन्दरको ध्वनिमा स्पष्टीकृत हुन्छ। कवि बोलोस्–जसरी चराहरू बोल्दछन्, न कि जसरी उस्तादहरू कसरत गर्दछन्, हृदयले हृदयलाई बोलाओस् कवितामा, न कि आडम्बरलाई। सोझो–सच्चा–नाङ्गा पहाडको महत्त्व होस् कवितामा, जसबाट नालाहरू आफसेआफ भुलभुलाउँदै उठ्तछन्। धेरै जसो यी कुराहरू भानुभक्तमा पाउँछु, त्यसैले मलाई यी सच्चा स्वदेशी कविहरू उपर जत्तिको श्रद्धा लाग्दछ, उत्तिको अरू कम पुरुषमा लाग्ला जस्तो लाग्दछ। उनले लेखे हृदयको प्रेरणाले र नेपाली हृदयमा प्रेरणा दिन। उनमा नेपाली साहित्यको उत्पत्ति स्वदेशी डोको र घाँससँग सम्बन्ध राख्छ। भानुभक्तले ढुङ्गाको तकियामा सुतेर ब्युँझँदा फुलको हृदय भेट्टाए। घाँसीमा उनको परमेश्वर बोल्यो, सच्चा नेपाली हृदयलाई ब्युँझाइदियो, सुन्दरको देशमा बोलाएर लग्यो। कविले त्यस बेलामा हार्दिक अनुभूति जुन श्लोकमा उद्गार गरेका छन्, त्यसमा भाषा र भाव सत्य झल्किने क्षणहरूको आँसुनजिक आउँदछन्। भानुभक्तको आत्मालाई हृदयको देशमा धारा बनाउन मन लाग्यो। संसारका आतपम्लान यात्रीहरूका निमित्त एउटा पाटीको पौवाली हुन मन लाग्यो। जुन भावले अशोकले बाटामा वृक्ष रोपे होलान्, त्यही भावनाले सच्चा कविहरूलाई पैलो ऐंडी मिल्दछ। घाँसीको कथा हामी सबै

नेपालीको हृदयमा गड्दछ अनि हामी प्राकृतिक प्रेरणाहरू र मानवहृदयमा प्राथमिक आभासहरूको मुहानतिर फर्कन्छौं।

भानुभक्तले त्यस बेला रामायण लेख्ने विचार गरे, जुन बेला नेपाली भाषा नेपालीको ओठैमा मात्र रहन्थ्यो, जब त्यसमा निश्चित आकार र उद्देश्य थिएन, जब व्याकरण गर्भमा थियो, जब पढेका अहंमानी पण्डितहरू भाषाको नामलाई नाक चेप्राएर नफरत गर्दथे, जब उनीहरूको मनमा 'नेपाली साहित्य' नामक शब्दयोजना नै उपहास जस्तो लाग्थ्यो। त्यस बेला जनताको हृदयलाई पुराण भन्ने चलनमा सिवाय अरू भावुक पोषण लिने आश्रय थिएन। हामी लेखकका कठिनाइहरू ज्यादै कम अनुभव गर्न सक्तछौँ। तर सबै निर्माणकर्ताहरू अँधेरामा झल्का पाउँछन्, सुनसानमा आह्वान सुन्दछन्, गोधुलिमा सुन्दर मन्दिरमा यात्री बन्दछन्। मानवात्मालाई पोल्ने भावहरू सजिलैसँग पहाड चढ्दछन्, किनकि उनको हृदयलाई सुनौला चुलीले भेटिसक्यो। अँधेरीमा आकार कुँद्नलाई दिइएको थियो। नयाँ सपनाले उनी छिनु लिएर बसे, पूर्वको स्वर्ण-प्रभात मृदुमुख र झङ्कार लिँदै आयो। उनले पहाडको निलो मसीले लेखे। लेख्नलाई आडम्बर भएन, तर प्रेम र श्रद्धाको यात्रा भयो भने नेपालको हृदयकेन्द्रतिर। भारतका शिशुकालका मिठा कथाहरू सत्यझैं झल्किएर पहाडी छातीमा भुलभुलावट लिएर बाला-नाला झैँ गुनगुनाए।

भानुभक्तले रामायण लेखे। उनको आत्मावृत्ति भविष्यलाई धाई बनी, हामीलाई केटाकेटी बनाएर काखमा हल्लाएर कथा सुनाउनका लागि। रामचन्द्र जाग्नुभयो, फेरि वनवास जानुभयो, फेरि हामी रोयौं, फेरि सीता हरिनुभयो, फेरि रावण मारियो। हामीले झोलुङ्गाको भाषामा नवरस चाख्यौं। भारतको आत्मा अक्षराम्भसँग खुल्यो। सच्चा पहाडी आत्माहरूको पढ्दा-पढ्दै कोही हनुमान लागेर उठ्ने भए। अपठितले पनि आँसु र हृदयको रोमाञ्चसँगै नयाँ पाठशालामा प्रवेश गरे। नेपालीले आफ्ना पुरखा चिने, श्रम र सत्यले छोइएर बराबर झल्किँदै उनका राम्रा क्षणमा सपना देख्न लागे। यहाँ केही थियो-जो अघि थिएन-केही खाँदिलो प्राप्ति। नेपाली सभ्यतालाई रामायणका जराहरूबाट नयाँ टुसा हाल्नु थियो। धेरैका हृदय कवि भएर अनौठो छविमय छन्द र लयमा प्राचीनको स्पर्शले मुखरित हुन लागे। यहाँ एउटा बस्ती थियो-देवता र दिव्यताको भारतको रस निचोरिएको थियो। नेपालको बारीमा एउटा सानो कल्पद्रुम रोपियो, जहाँ हाम्रा सर्वोच्च भावना र कल्पनाहरू हामी फुलेका र फलेका पाउँथ्यौं। डाँडाको छातीमा उनको भाषा टक्कराउन लाग्यो, नालाको लोलीसँग लोलिन लाग्यो। घर-घरमा नयाँ दीपावली बले र हामी आधुनिकता रूढ, कृत्रिमताभित्र भूत, यन्त्रयुगी, शून्यहृदयी, प्रश्नयुगी, वैज्ञानिक प्रवृत्ति परिकीर्ण, आडम्बर पण्डित, मण्डूकगणहरू यी उनको विशाल प्रदानका महत्त्व दूरातिक्रमण बुझ्नदेखि सदा टाढा छौँ।



साहित्यमा सर्वश्रेष्ठ पुरुष त्यही हो, जो राष्ट्रको हृदयमा सबभन्दा तीव्र भएर बस्तछ। भानुभक्त सदाचारी मात्र होइनन्, नेपाली हृदयको श्रद्धालु थिए। हामीलाई उनी एउटा बुढो केटाकेटी जस्तो लाग्छ, जसमा तोतेबोलीको माधुर्य र हृदयको सरलता थियो। उनी संसारको कारागारमा रामायण लेख्थे, तर उनको आत्मा जेल बाहिर थियो। उनको माधुर्य सरलतामा छ-त्यो सरलता जो श्रद्धालु हृदयमा र बालकको विश्वासमा हुन्छ। उनको महत्व नै उनको सीधापन हो। उनी आडम्बरबाट त्यति टाढा थिए, जति एक ध्रुवबाट अर्को ध्रुव। उनी सच्चा ब्राह्मण थिए र उनलाई सब नेपालीको घरमा सत्कार छ। उनले जानेनन् उनी के गरिरहेथे, तर हामी जान्दछौं-उनले हाम्रा निमित्त के गरेर गए। उनको भाषा नेपालीको जिभ्रो नजिकै आउँछ, उनी व्याकरणबद्ध थिएनन्, उनको व्याकरण नैसर्गिक बुद्धिको नियम थियो, उनका छन्द हाम्रो जिभ्रोमा सजिलोसँग बग्दछन्। उनका झल्का हाम्रा आँखामा सजिलोसँग खुल्दछन्। उनी हृदयलाई आह्वान गर्दछन्। एउटा अज्ञात मोहनी हामीलाई उनको पङ्क्तितर्फ डाक्तछ। हामीलाई प्राचीन कालमा घुसेजस्तो लाग्दछ, जहाँ रामराज्य छ, जहाँ रामका प्रजा सत्यलाई नै जीवन भन्दछन्। मान्छे उनलाई अनुवाद तुल्याउँछन्, तर हामी अनुवाद न देख्तछौं-पुराना ऋषिहरूका प्रतिध्वनि। उनी भाषा त्यहाँ लैजान्छन् जहाँ बालकहरू रमाउँछन्, जहाँ नेपाली निखरा हुन्छ, जहाँ जननीहरू

पुराना कथा सुनाउँछन्। उनमा क्लिष्टता छैन, न कृत्रिमता, उनी शब्द बटार्दैनन्, उद्धत दृष्टिकोणको प्रदर्शनी उनी जान्दै–जान्दैनथे, उनको कलम सजिलोसँग चल्दछ, कविता नेपाली पहाड नाघेर कहिल्यै उड्दैनन्। उनको भाषा नलेख्ने कविहरूको भाषा जस्तो छ। हामी भानुभक्त पढेर शिक्षा शुरु गर्दछौँ र उनलाई हेलाँ गरेर समाप्त गर्ने गर्दछौं, तर बुझ्नेहरू आफ्नो घरको बत्तीमा अर्कै मोहनी देख्तछन्।

नेपाली साहित्यक क्षेत्रमा अरू कसैको त्यत्तिको प्रभाव परेको छैन, न त जीवनमा। उनी अतुलनीय छन्। धेरैले समग्र नेपालीको हृत्केन्द्र छुन खोजे उनकै अनुकरणमा, तर सकेनन्। उनी एक्ला छन्। अरूमा ज्यादा विभिन्नता पाउन सकिन्छ–ज्यादा रङ, ज्यादा प्रश्न, ज्यादा शङ्का, तर उनी आफू जस्तै छन्–एकै किसिमका निर्मल। उनले सब समस्या सरल तवरले हल गरिसकेका छन्। उनको भविष्यलाई सन्देश यही छ–सत्यको श्रद्धा र नेपाली हृदयको समीपवर्तित्व नै कविको पहिलो पानी हो।

उनी हाम्रा आदर्श छन्। मिल्टनलाई वर्ड्स्वर्थले बोलाएझैँ धरणीधर कोइरालाको आत्मासँग मिलेर हामीहरू आजकलको युगमा आह्वान गर्न चाहन्छौं। उनी रामायणले मात्रै जाँचिन्नन्, यद्यपि त्यही उनको सर्वोत्तम रचना हो। उनकै फुटकर कविताहरू आफैँ बोल्दछन्। तिनमा सरल माधुर्य र सहृदयताको चमत्कार पाइन्छ। तिनमा पाण्डित्यप्रदर्शनी छैन, लवजहरू दिललाई सोधी–सोधी निस्कन्छन्। उनको 'बालाज्यू' मा चातुरीको नर्तन छैन, खालि हृदयको भुलभुलावट–सानो शीतल स्वर्ग देखे, हावामा अमृति थियो, लहरा र फुल परीझैं नाच्थे। चरा मोहनी बोल्थे। जति देखे, उति लेखे। स्वानुभवको आनन्द स्वत: उद्गारित हुन्छ। उनी आधुनिक कविझैँ कवि हुन बालाज्यू गएका थिएनन्, तर बालाज्यूमा आइपुग्दा कवि बनेका थिए। त्यस ठाउँले उनलाई छोएको थियो। उनी एकछिन इन्द्र बने। अनि लेखिदिए। उनको 'कान्तिपुरी' मधुरताको सानो झिलिमिली खानी छ, तर त्यो झिलिमिली सत्यबाट निस्कन्छ, यथार्थ रूप धारण गरेर। हाम्रो राजधानी उनलाई कान्तिकी पुरी जस्तो लाग्यो, जस्तो कहिले–काहीँ हामीहरू बिहान–बेलुका पहाडचुलीमा देख्छौँ।



उनी नेपाली स्त्री–पुरुष देखेर हार्दिक प्रेमको कवितात्मक प्रशंसा लेख्तछन्।

सुनकेशरी लाएका अप्सरा र राम्रा रमाइला बन्धुहरूले सुन्दर सानी अमरावती पृथ्वीमा खडा हुन्छिन्। हामी त्यो कविता पढ्नासाथ बुझ्दछौं–कति सरलतासँग उनी कान्तिपुरीको हृदयनजीकै पुगे। आजकालका कविहरू पनि लेख्छन्–विशाल विस्तार र अलङ्कारसँग। कोही–कोही छानबीनको अलौकिक चातुरी चाहन्छन्, तर हृदयले पाएका झल्काहरू त्यसै सुन्दर छन्, सचेत रोजाइको जरूरतै छैन। कवितामा गहिराइ केही छैन जस्तो छ, तर नेपाली नालाहरूमा कसले सागरको गहिराइ देखेन ? गहिराइ नखोज्नेहरूले खाल्टा बनाए। उनकी कविता सरल भएर झल्किन्छिन्। नेपाली पहाडमा उदाउने घाममा, गम्भीरको मौन लिन चाहन्नन्, तर कलकल बोल्दछिन्। झल्किन्छ हामी भन्न सक्तैनौं, तर त्यहाँ सत्य र सत्यको मोहनी छ। उनका धेरै फुटकर कविताहरू हामी पाउन्नौं, तर अर्को एउटा यो सम्झना आउँछ, जहाँ आँसु हाँस्तछ र बिन्तीपत्र लेख्तछ। मलाई उनी प्यारा छन्, मेरा निम्ति नेपाली साहित्यको इतिहासमा उनी सर्वश्रेष्ठ पुरुष छन्।

**शब्दार्थ** – उपमा – साहित्यमा प्रयोग हुने एक अलङ्कार, तगण–छन्दमा प्रयोग हुने तीन मात्राका समूह(गण)मध्येको एक गण, आतपम्लान–थकित र गलित, कल्पद्रुम– एक काल्पनिक वृक्ष जसबाट चिताएका कुराहरू पाइन्छ, आडम्बर– देखावटी, नैसर्गिक– स्वाभाविक वा प्राकृतिक, अलौकिक– यस लोकभन्दा बाहिरको।

**प्रश्न :**

**सप्रसङ्ग व्याख्य गर :**

(क) 'साहित्यमा सर्वश्रेष्ठ पुरुष त्यही हो, जो राष्ट्रको हृदयमा सबभन्दा तीब्र भएर बस्तछ।'

(ख) 'भानुभक्तले रामायण लेखे। उनको आत्मवृत्ति भविष्यलाई धाई बनी,

हामीलाई केटाकेटी बनाएर काखमा हल्लाएर कथा सुनाउनका लागि।'

**प्रश्न– ( छोटकरीमा उत्तर देऊ )**

(क) नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष भनेर निबन्धकारले कसलाई भन्न खोजेका छन् ?

(ख) 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' निबन्धका निबन्धकार को हुन् ?

(ग) भानुभक्तको सर्वोत्तम रचना कुन हो ?

(घ) 'बालाजु' कहाँ छ ?

(ङ) भानुभक्तको जन्म कहाँ भएको थियो ?

(च) देवकोटाको असल नाम के हो ?

(छ) देवकोटाको जन्म कहिले र कहाँ भएको थियो ?

(ज) बापू एन्ड अदर सनेट्स कसको के हो ?

(झ) लक्ष्मीप्रसाद देवकोटाको पहिलो प्रकाशित निबन्ध कुन हो ?

**लामा प्रश्न :**

(क) 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' निबन्धको समीक्षा गर।

(ख) निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धकारिताबारे चर्चा गर।

**पाठबोध –**

भानुभक्तको रामायणले माटो, नेपाली जीवन, नेपाली संस्कृति भाषा र साहित्य सबैमा गहिरो छाप पारेको छ। उनका फुटकर कविताहरूमा पनि नेपालीत्वकै सुगन्ध पाइन्छ। बालाज्यूको दृश्य वर्णन, कान्तिपुरका अबलाहरू, जालझेल र मुद्दा मामिला सबैमा नेपाली आत्मा छ। किनकि भानुभक्तले नेपाली हृदयले यी देखेका र लेखेका छन्। भानुभक्तको विशिष्टता। उपर देवकोटाले वकालत गरेका छन्। त्यसैले भानुभक्तलाई नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष मानेका छन्।



यो निबन्ध नेपाली मात्रको हार्दिक उद्‌गार हो।

**शिक्षण निर्देशन :**

गुरूले नेपाली साहित्यमा भानुभक्त आचार्यले दिएको अवदानलाई विस्तृत रूपमा विद्यार्थीलाई बुझाउने। उनलाई किन आदिकविको पगरी लगाइयो त्यसबारे पनि थप जानकारी दिनुका साथै नेपाली साहित्यको प्राथमिककालको भक्तिधाराको पनि जानकारी दिने। देवकोटाको अङग्रेजी कविता **बापू एन्ड अदर सनेट्स** बारे विद्यार्थीलाई थप ज्ञान दिने प्रयास गरेको राम्रो। विद्यार्थीहरूबिच देवकोटामाथि सङ्गोष्ठी आयोजन गर्न लगाएको पनि बेस हुने छ।

• • •

# शत्रु

**विश्वेश्वरप्रसाद कोइराला**

**पाठ चयनको उद्देश्य :**

नेपाली साहित्यको कथा विधामा पाश्चात्य शैलीलाई भित्र्याउने कथाकार बी.पी. कोइरालाको 'शत्रु' कथा एउटा मनोवैज्ञानिक कथा हो र यसमा कथाकारले व्यक्तिको मनोभावको सुन्दर विश्लेषण गरेका छन्। मनोवैज्ञानिक कथासँग विद्यार्थीहरूलाई परिचित गराउनु र बी पीको कथा प्रवृत्तिलाई चिनाउनु नै यस पाठ चयनको मुख्य उद्देश्य रहेको छ।

**कथाकारको परिचय**

भारतको काशी जस्तो पवित्र र शिक्षित स्थानमा सन् १९१५ मा जन्मग्रहण र काशीकै हिन्दु विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातक तथा कलकत्ता वि.वि.बाट कानुनमा स्नातक गरे। कोइरालाले 'हँस'(हिन्दी १९३०),चन्द्रवदन (सन् १९३५)नेपाली कथा(शारदामा प्रकाशित)बाट साहित्यको सुरूवात गरेका हुन्। भारतको राजनीतिमा संलग्न रहेर स्वाधीनता आन्दोलनमा राजनीतिक थुनुवामा सम्म परेका तथा नेपालको राजनीतिमा प्रधानमन्त्रीसम्म बनेका कोइराला १९६० देखि आठ वर्षसम्म काठमाडौंमा राजनैतिक थुनामा पर्दा केही उपन्यास लेख्ने प्रतिभाबहुल व्यक्ति हुन्। उनले नेपाली कथामा पाश्चात्यको कथा ढाँचालाई भित्राएर नेपाली कथा साहित्यमा नौलो आयाम थपे। उनको कथामा रस्सियाली



चेखभ, तुर्गेनेब र फ्रान्सेली मोपासाँ तथा अङ्ग्रेजी डी. एच लरेन्स्को प्रभाव देखिन्छ। अन्तचेतनामूलक कथाकार बी.पी कोइराला छोटा–छोटा सरल वाक्य, संक्षिप्त सारगर्भित संवाद मार्मिक साङ्केतिक भनाइ, हिन्दी र उर्दू भाषा शैलीका प्रभावमा कथा लेख्ने सूक्ष्म मनोविश्लेषक कोमल कथाकार हुन्। उनले धेरै जसो कथाहरूमा फ्रायडीय यौनमनोविज्ञानलाई आधार बनाएर कथा लेखे तापनि गौणरूपमा यौनरहित इडलर र युङ्गका हीनताग्रन्थी, उच्चताग्रन्थी, स्वपीडन, परपीडन र इलेक्ट्राग्रन्थी जस्ता ग्रन्थीको प्रयोग पनि गरेका छन्। यिनै ग्रन्थीको प्रयोगमा उनका कथामा पाइने व्यङ्ग्यवाणले सामाजिक दासत्व र कुरीति छिन्न–भिन्न पारेर छर्लङ्ग देखिएको पनि छ। उनका कथा कुनै दृष्टिकोणबाट मोपासासँग र कुनै प्रणालीबाट चेखभसँग दाँज्न सकिन्छ।

उनका प्रकाशित कृतिहरूमा 'दोषी–चश्मा' कथा सङ्ग्रह (१९५१),'श्वेत–भैरवी' कथा सङ्ग्रह (१९७७),'तीन घुम्ती' उपन्यास (१९६८),'नरेन्द्र दाइ' उपन्यास,(१९७०),'सुम्निमा' उपन्यास(१९७०), 'मोदिआइन' उपन्यास(१९७९) आदि कृतिहरू लेखेर नेपाली साहित्यलाई विश्व–साहित्यको समकक्ष पुऱ्याएका छन्।

**मूलपाठ**

''आँखामा राखे पनि नबिझाउने'' भन्ने उखान कसैको निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायको निमित्त हुन्थ्यो। ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए। तिनले यता १०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन्, यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ। कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे। तिनको मतअनुसार कर्जामा गएको रूपैयाँ आफू आउँदा झगडा बोकी ल्याउँछ। तर दु:ख परेको बखतमा, 'राजद्वारे श्मशाने च,' तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे। जनककुमारीको एकलो छोरो मर्दा जनककुमारीको पिरभन्दा यिनको सान्त्वनाले त्यहाँ भएका मान्छेहरूको

आँखामा आँसु ल्यायो। गाउँलेहरूमा झगडा प-यो भने यिनी मध्यस्थ हुन्थे। यिनीले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिदैनथ्यो। आफ्नो घरबाट तिनी कम निस्कन्थे, निस्केको दिन कि त कसैकहाँ मृत्यु छ, कि झगडा भएछ भनी ठान्नुपर्थ्यो। सडकमा सबैजना अदवसँग यिनको अभिवादन गर्थे।

कृष्ण रायलाई सब प्रकारको सुख थियो-धनको,यशको र सम्मानको। सन्तान थिएन, तर यस अभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजोलाई पाली पूर्ति गरेका थिए।

एक रात तिनी खाइपिई सुत्ने यत्न गरिरहेका थिए। उनका मनमा धेरै धेरै प्रकारको विचार आउन थाल्यो। तिनको जीवन कसैले असफल भन्न सक्तैन। सानोतिनो पूँजी पनि कमाइहालेका थिए, रुपैयाँ जम्मा गर्दा अरूहरूले गरे जस्तो रैतीहरूलाई पिर पनि पारेनन्, तिनको कोही वैरी थिएन; यही तिनको सन्तोषको ठुलो कारण थियो। ४५ वर्षको यत्रो लामो उमेरमा जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेको बेलामा तिनीमाथि लट्ठीको प्रहार प-यो। संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन। प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामा थियो छुट्याउन गारो थियो।

कृष्ण राय जुर्मुराउँदै उठे; तबसम्म आक्रमणकारी भागिसकेको थियो। 'मलाई कसले यसरी आक्रमण गरेको होला?' तिनी विचार गर्न लागे। ''यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाउन झगडा फसादमा रहिनँ'' कृष्ण रायलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा नै विश्वास भएन। सब तन्द्रावस्थाको भ्रम जस्तो; तर भित्तामा लागेर भाँचिएको लट्ठीको टुक्रो त भ्रम हुन सक्तैन, कृष्ण रायले बिछ्यौनाबाट निहुरीकन त्यो टुक्रालाई टिपे, हेरेर फेरि भन्न थाले, ''को मेरो शत्रु हुन सक्छ।'' धेरै घोरिंदा तिनलाई यस रहस्यको सुइँको पाएको जस्तो लाग्यो। आजै बिहान एउटा काम बिगार्दा रामे भन्ने नोकरमाथि तिनी रिसाएका थिए। नोकरको के ठेगाना, त्यसमा पनि भोटे नोकर, झोँक उठ्यो होला र मालिकलाई हान्न हिड्या होला। नोकरसित झगडा पर्दा तिनले



नोकरको मुख रातो भएको देखेका थिए। उनलाई के थाहा? रिसले रातो भएको रहेछ। तर उनी केही अचाक्ली गरी रिसाएका थिएनन्। यत्रो पुरानो नोकरले त्यति हपकी पाउँदा मालिकलाई मार्न नहिँड्नु पर्ने। रामेले योभन्दा ठुलोठुलो गाली सहेको थियो र आजको झटनीले त्यसको धैर्यको अन्त नगर्नु पर्ने। तर मनुष्यको स्वभाव कसले जान्न सक्छ? रामे नभए अरू को मेरो शत्रु होला? अथवा यो सबै काम हेर्ने बलभद्रको काम हो। कारण, अस्ति हिसाब गोलमाल गरेर मालिकलाई ठग्न खोज्दा कृष्ण रायले तिनलाई फेला पारी लज्जित पारेका थिए। आखिर बलभद्रको समाजमा आदर थियो; गाउँलेहरू तिनीलाई मान गर्थे। कृष्ण रायले तिनीलाई बेइज्जती गरेको तिनले सहन सकेनन् होलान् र आज राती बदला लिन आएका होलान्। कृष्ण राय विचार गर्दै गए। अस्तिको नोकरी खोज्दै आएको युवकको ध्यान तिनीलाई आउन थाल्यो। विचरो खान नपाएर तिनीकहाँ आएको थियो; काममा लाउन छोडेर तिनले उसलाई उपदेश दिन थाले। कुरामा कुरा चल्दा कृष्ण रायले उसलाई अप्रिय शब्द भने; त्यस युवकले यो निश्चय मन पराएन होला। त्यो बडो स्वाभिमानी होला जस्तो थियो; त्यस्तालाई कठोर शब्द असाध्य बिझ्छ र धेरै दिनसम्म ईख लिइरहन्छ। कृष्ण रायको एउटा नराम्रो अत्यन्त नराम्रो बानी छ। आफूलाई अकलुषित र दुर्गुरणरहित भनी ठान्ने कृष्ण रायलाई आफ्नो एउटा ठुलो दोषको सम्झना भयो। समयसमयमा तिनी अर्कालाई उपदेश र सल्लाह दिइरहन्छन् नायक कृष्ण राय यस दुर्गुणलाई गुण ठानेर अड्कमाल गरिरहेका थिए।

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए। यो बडो गर्वको कुरा हो; गाउँले तिनीमाथि नै विश्वास गरी तिनीलाई झगडामा मध्यस्थ तुल्याउँथे। यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो। तर निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनाएको होला। एक दिनको घटना उदाहरणस्वरूप तिनको सामु आउन थाल्यो। गोविन्द पण्डितको र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो, तर त्यो दिनको जस्तो कुटामारी कहिले भएको थिएन।

कृष्ण राय सधैंको जस्तै मध्यस्थ हुने बानीले प्रेरित भएझैं ती झगडियाहरूलाई झगडाको दुष्परिणाम बुझाउन थाले। हेर, गोविन्द पण्डित! हेर, गोरे जमदार! झगडा गरेर के लाभ? आपस्तमा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर। यति उपदेशमै तिनीहरू झगडा गर्न छोड्ने भए तिनीहरू कहिले पनि झगडा गर्ने थिएनन्। तिनीहरू मिल्न मानेनन् र बिचरा मध्यस्थलाई कर लागेर गोरे जमदारको पक्षमा न्याय दिनुपर्‍यो। यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्द पंडितलाई आफ्नो शत्रु बनाए होलान्। फेरि एउटा मास्टरको र कैंयाको झगडामा न्याय कैँयाको पक्षमा हुँदा मास्टरले रिसाएर भनेका थिए ''हेर्नुहोस् कृष्ण रायजी,फैसलालाई त म आफ्नो शिरमा राख्छु, तर कैँया कैँया नै हुन् काम लाग्ने छैनन्।'' एउटा झगडामा सबभन्दा निर्दोष काम हो त्यस झगडाको मध्यस्थ हुनु, तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्तैन। मध्यस्थले एउटा न एउटाको शत्रु हुनैपर्छ–कृष्ण रायले बिउँझे झैं यो ज्ञान आर्जन गरे।

विचार गर्दा गर्दै कृष्ण रायले रेलका डब्बामा भएका झगडा सम्झिए, हाटमा तिनीद्वारा धक्का खाई लडेको एउटा मान्छेलाई सम्झिए, तिनले निकालिदिएका नोकरहरूलाई सम्झिए,; गरिब तर ईखालु दाजुभाइलाई सम्झिए, जो यिनको उन्नति देखिसहँदैनथे। अरूको त के कुरा आफ्नै पोष्य पुत्रमाथि पनि उनलाई भरोसा थिएन। चाँडै नै सम्पत्तिको मालिक हुन उसले जे पनि गर्न सक्छ आखिर आफैले जन्माएको छोरो त ............

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुले बिछौनामा बुङ्ग लडे। शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ दुनियाँमा कोही पनि मित्रु हुँदैनन् सबै शत्रु सबै बैरी नै हुन्छन्। कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन,माने अकारण कोही कसैको शत्रु हुँदैन तर झगडाको निहुँ कति सजिलै पाइन्छ, कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप बैरीसाध्ने'' कुनै न कुनै निहुँ दिए। कस्तो अचम्म! निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको हुन्छ।



भोलिपल्ट यो घटनाको जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनीलाई सोध्यो– ''तपाईँलाई कसैमाथि शङ्का हुन्छ?''

कृष्ण रायले गम्भीर भएर उत्तर दिए– रामे, बलभद्र, केदार युवक, गोविन्द पण्डित, कन्हैया मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली............।

**शब्दार्थ :**

कर्जा–रिन, ऋण, । श्मशान–मसान। सान्त्वना –कसैलाई शोक पर्दा वा कुनै हानि नोक्सानी हुँदा सम्झाउने। मध्यस्थ –माझमा वा बिचमा रहेको, झगडा मिलाउने व्यक्ति, एकभन्दा बढी पक्षका बिचको मामिला,विवाद आदिलाई मिलाउने व्यक्ति। अभिवादन– आफूले मान्नुपर्ने ठुलाबडा व्यक्तिहरूलाई आदरपूर्वक गरिने नमस्कार,प्रणाम। यश–असल काम गर्दा फैलिने नाम, सुनाम, ख्याति वा कीर्ति। पूर्ति– कुनै कमी,अभाव,त्रुटि वा रिक्ततालाई पुरा गर्ने काम, पूर्णता। तन्द्रा– निदाउनुभन्दा पहिला वा निद्रा छुटेपछि पनि आँखा लठ्ठ हुने स्थिति। पूर्ण निद्रामा नभएको स्थिति वा अर्धनिद्रा। जुर्मुराउँदै– काम गर्न तम्सनु, तत्पर हुनु, जुरमुर गर्नु। फसाद– अप्ठ्यारो वा असजिलो अवस्था,झमेला। भ्रम–मिथ्या ज्ञान, भान,शङ्का,सन्देह,एउटा वस्तुलाई अर्कै आभास हुनु। सुइँको–भित्री कुरो,गोप्य सूचना,सुराक। अचाक्ली–अति नै बढी,ज्यादै,चौपट्ट,असाध्य। बिझ्यो– कुनै कुराले कसैको मन दुख्नु,काँडो आदि तिखो वस्तु शरीरमा गाड्िनु,चित्तमा गाड्नु। कैँया– सानोतिनो व्यापारी,बनियाँ,धुत, पोष्यपुत्र–पालेको छोरो।

**अति छोटा प्रश्नः १ ( प्रत्येक प्रश्नको मूल्याङ्क १ )**

१. कथाकार विश्वेश्वर कोइरालाको जन्म कहिले भएको हो?
२. 'शत्रु' कथाका मूल नायकको नाम के हो?
३. कृष्ण रायको उमेर कति भएको थियो?
४. कृष्ण राय गाउँबाहिर ननिस्किएको कति वर्ष भएको थियो?
५. कृष्ण राय मानिसलाई कर्जा किन दिँदैनथे?

६. जनककुमारीलाई केको दु:ख परेको थियो ?

७. कृष्ण राय भोटे नोकरसित किन रिसाएका थिए ?

८. रामे को थियो ? तिम्रो पाठ्य पुस्तकका आधारमा उत्तर देऊ।

९. बलभद्रलाई कसले लज्जित पारेको थियो ? तिम्रो पाठ्यपुस्तकका आधारमा उत्तर देऊ।

१. खेतको बारेमा ककसका बिचमा झगडा भएको थियो ?

११. कैंया र मास्टरका बिचको झगडामा न्याय कसको पक्षमा दिइएको थियो ?

१२. विश्वेश्वरप्रसाद कोइरालाको कथा सङ्ग्रहको नाम के हो ?

१३. विश्वेश्वरप्रसाद कोइरालाका कुनै एक उपन्यासको नाम लेख।

१४. कृष्ण राय के सोचेर आफू गर्व गर्थे ?

१५. विश्वेश्वरप्रसाद कोइरालाको जन्म कहाँ भएको हो ?

**छोटा प्रश्नः ( प्रत्येक प्रश्नको मूल्याङ्क : २ वा ३ )**

१. विश्वेश्वरप्रसाद कोइरालाको 'शत्रु' नामको कथाको शीर्षकको औचित्य देखाऊ।

२. उनका कथाहरूमा कुन कुन विदेशी साहित्यकारको प्रभाव पाइन्छ ?

३. विश्वेश्वरप्रसाद कोइरालाको कथा सङ्ग्रहको नाम लेख।

४. कर्जा दिने विषयमा कृष्ण रायको विचार कस्तो छ ?

५ विश्वेश्वरप्रसाद कोइरालाको राजनैतिक जीवनबारे छोटो उत्तर देऊ।

६. कृष्ण राय घरबाट बाहिर निस्केका दिन मानिसले के ठान्थे ?

७. कृष्ण रायको आर्थिक अवस्था कस्तो थियो ?

८. कृष्ण रायलाई कुन प्रकारको सुख थियो ?

९. बलभद्र कस्ता किसिमका मानिस थिए ?

१०. कृष्ण रायको सम्मान मानिस किन गर्थे ?

**लामा प्रश्न : ( मूल्याङ्क : ४ वा ५ )**



१. विश्वेश्वरप्रसाद कोइरालाको छोटो साहित्यिक परिचय देऊ।

२. शत्रु कथाको कथानकमाथि छलफल गर।

३. ''यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाउन झगडा फसादमा रहिनँ''

उक्त गद्यांशको भनाइ कसको हो र किन भनेका हुन् ? स्पष्ट पार।

४. ''मध्यस्थले एउटा न एउटाको शत्रु हुनैपर्छ–कृष्ण रायले बिउँझेझैं यो ज्ञान आर्जन गरे। ''

–उक्त भनाइ कसको हो र किन भनिएको हो ? स्पष्ट पार।

५. ''आँखामा राखे पनि नबिझाउने''

–उपरोक्त उक्ति कुन पाठको हो र यो भनाई कसका लागि र किन भनिएको हो स्पष्ट पार।

६. ''समय समयमा तिनी अर्कालाई उपदेश र सल्लाह दिइरहन्छन्। नाहक कृष्ण राय यस दुर्गुणलाई गुण ठानेर अङ्कमाल गरिरहेका थिए''– उक्त भनाइको तात्पर्य खुलस्त पार।

७. ''हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई म त आफ्नो शिरमा राख्छु, तर कैंया कैंया नै हुन काम लाग्ने छैनन्।''–उक्त कथन कसको र किन भनिएको हो ? स्पष्ट पार।

८. विश्वेश्वरप्रसाद कोइरालाको 'शत्रु' कथाको मूलमर्म के हो ? चर्चा गर।

९. विश्वेश्वरप्रसाद कोइरालाको 'शत्रु' कथाामा कृष्ण रायद्वारा उद्घाटित मानिसका अर्न्तमनका मनोद्वन्द्वलाई कसरी देखाइएको छ ? चर्चा गर।

१० विश्वेश्वरप्रसाद कोइरालाको 'शत्रु' कथाका नायक कृष्ण रायको चरित्र चित्रण गर।

११ विश्वेश्वरप्रसाद कोइरालाको 'शत्रु' कथाका कृष्ण रायमाथि आक्रमण हुनको कारण के हुन सक्छ ? पाठको आधारमा उत्तर देऊ।

**पाठबोध :**

विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रबदन' (सन् १९३५, शारदा)कथा प्रकाशनबाट नेपाली साहित्यमा यौनवृत्तिको मनोविश्लेषणको सुरुवात भएको थियो भने 'शत्रु' (सन् १९३८), 'कथाकुसुम' भन्ने कथा सङ्कलनको पत्रिकामा छापिएका 'बिहा', 'शत्रु' र 'सिपाही' कथाबाट नेपाली साहित्यमा यौनवृत्तिइतर मनोविश्लेषणको स्थुल रूप लिन थालेको हो। उनको शत्रु कथा यौनवृत्ति-इतर मनोविश्लेषणको एक उत्कृष्ट कथा हो।

शङ्कालाई आधार बनाएर मानिसको शङ्का प्रवृत्तिको सीमाङ्कन कहाँसम्म पुग्न सक्छ, त्यसैलाई देखाउने चेष्टा यस कथाले गरेको छ। कुनैसँग पनि झगडामा नगर्ने यस कथाका मुख्य पात्र शान्त, भद्र स्वभावका कृष्ण राय गाउँका सबै मानिसका आदरका पात्र थिए। गाउँलेको सहायता, जनककुमारी जस्ता छोरोका वियोगका दुखीलाई सान्त्वना, कसैला उपदेश र कसैका बिचमा झगडा भए मध्यस्थ गरेर गाउँका मानिसका लागि उनी सम्मानका पात्र भएका थिए। जीवनमा अर्धेक उमेरसम्म कृष्ण रायले कुनै वैरी, शत्रु वा दुस्मन आफूले कमाइ गरेजस्तो ठानेका थिएनन्। यिनै कुराको सोचाइमा मग्न रहेका क्षणमा उनीमाथि आक्रमण हुन्छ, पहिले त कृष्ण रायलाई पत्यार नै लाग्दैन, तर भाँचिएको लट्ठीको टुक्रा भेटेर उनको भ्रम हट्छ। कृष्ण रायको सबै उच्च-सोचाइमा खल्लो हुन्छ। आफ्नो नोकर रामे जसलाई उनले हपारेका थिए, बलभद्र जसलाई हिसाबको क्षेत्रमा लज्जित पारेका थिए, गोविन्द पण्डित र जमदारको झगडा तथा कैंया र मास्टर बिचको झगडाको मध्यस्थता कृष्ण रायले गरेका थिए। यिनै कुनै नै मेरा शत्रु भए होलान् भन्ने कुरामा शङ्का गर्न थाल्छन्। कृष्ण रायका विचारमा दुई पक्षका बिचको मध्यस्थता गर्नु एक पक्षलाई शत्रु तुल्याउनु हो, उपदेश दिनु सबैलाई मन पर्दैन, उनीहरूलाई स्वाभिमानमा चोट परे जस्तो ठान्छन् र भित्रभित्रै ईखालु भई शत्रु बन्छन्। ईखालु दाजुभाइ र आफ्नै पोष्यपुत्रलाई समेत शङ्का बाहिर राखेनन्। पोष्यपुत्रले पनि मालिक हुनलाई आक्रमण गरेको हुन सक्छ भन्ने शङ्का गर्छन्।



कृष्ण रायलाई आफूमा परेको आक्रमणले होस आउँछ, सोचाइ बदलिन्छ। उनको मित्र र शत्रु विषयक सोचाइ,विचार,धारणा र भ्रम हटेर मानिसको कोही पनि शत्रु हुन सक्छन् भन्ने टुङ्गामा पुगेका छन्। कुनै पनि निर्दोष कुराले मानिसलाई शत्रु वा बैरी बनाउने निहुँ दिन्छ। त्यसैले कृष्ण रायले पुलिसलाई रामे, बलभद्र, केदार, युवक,गोविन्द पण्डित, कन्हैया मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली आदि शङ्काको सूचीमा राख्छन्।

विश्वेश्वरप्रसाद कोइरालाको शत्रु कथामा सारै रोचक,आकर्षक तथा वाक्य छोटा छन् । कथाका पात्रले बोलेका छोटो सरल भनाइले पाठकको मुटुमा च्वाट्ट छुने गरी कला कौशल प्रयोगकतार्का रूपमा सफल रहेका छन्। विदेशी साहित्यकारका भाव र कला कौशलमा नेपाली परिपाटीमा नेपाली जनजीवनको सामाजिक, सांस्कृतिक र पारिवारिक कारणबाट उद्घाटित भएका मानिसका अन्तरमनका मनोद्वन्द्वलाई विस्तारित रूपको विश्लेषणमा सामाजिक, सांस्कृतिक र पारिवारिक क्षेत्रमा रहेका विश्रृङ्खलता देखाएर सामाजिक,सांस्कृतिक र पारिवारिक विसङ्गतिको सुधारको साङ्केतिक भनाइ राख्नु उनका कथाको वैचित्र देखिन्छ तथा शत्रु कथाको लक्ष्य पनि यही नै हो।

**शिक्षण निर्देशन :**

नेपालीमा बेजोड मनोवैज्ञानिक कथा र उपन्यास लेख्ने वरिष्ठ साहित्यकारका रूपमा विश्वेश्वरप्रसाद कोइरालालाई प्रस्तुत गरेको राम्रो हुनेछ। उनी भारतका लागि पनि उत्तिकै प्रिय रहेको तथा उनको नाममा **भारत-नेपाल बी पी कोइराला फाउन्डेसन** प्रतिष्ठान रहेको कुरा अवगत गराउने प्रयास गरेको उचित होला।

• • •

# स्वतन्त्रता सङ्ग्रामी छविलाल उपाध्याय

**विष्णुलाल उपाध्याय**

## पाठ चयनको उद्देश्य

प्रस्तुत निबन्धमा स्वतन्त्रता सङ्ग्रामी छविलाल उपाध्याय(घिमिरे) का सामाजिक तथा राजनीतिक कार्यका साथै आफ्नो देश भारतवर्षप्रतिको कर्तव्य,असम लगायत सम्पूर्ण नेपालीहरूप्रति गरेको कर्तव्य,त्याग एवम् साहसिकतालाई समेट्दै मानवतावादी दृष्टिकोणलाई अप्नाई लेखिएको लेख भएकाले यहाँ राखिएको छ। उनले देश र जातिप्रति गरेको दायित्व र कर्तव्यलाई विशेषरूपले उतारिएको छ। यस्ता महान् पुरुषको कर्तव्य,त्याग अनि महानतालाई जनमानसमा पुऱ्याउनु नै यसको प्रमुख उद्देश्य हो।

## लेखक परिचय

१६ जुलाई १९१७ का दिन असमको बिहाली,माझगाउँमा जन्मिएर नब्बे वर्ष बाँची २७ जुलाई २००७ का दिन मृत्युवरण गर्ने १९४२ मा लगभग छ महिना कारागारमा थुनिएका स्वतन्त्रता सङग्रामी,शिक्षक,विधायक तथा साहित्यिक हुन् विष्णुलाल उपाध्याय(पोखरेल)। कटन कलेजबाट १९४४ मा नेपाली एम आई एल–का साथ स्नातक उत्तीर्ण भएका विष्णुलाल उपाध्यायले असमीया स्कुलमा अध्यापन गरेका थिए भने असमीया र नेपाली दुवै भाषामा कलम चलाएर विभिन्न



भाषाभाषी बिच उनी समन्वयको सेतु बनेका छन्। फुटकरका अतिरिक्त उनका सिङ्गा किताब चाहिँ उन्नाइसवटा छन्। उनका कृतिहरू – आसामे नेपालीहरू (१९७१),महापुरुष शङ्करदेव (१९८२),दुगराकी महान विभूति आदिकवि भानुभक्त आरू महापुरुष शङ्करदेव (असमीयामा.१९८४),छविलाल उपाध्यायको जीवनी(१९८५),स्वाधीनता युजर नायक छविलाल उपाध्याय (असमीया भाषामा,१९८७),एरिअहा दिनबोर (असमीयामा,१९८७),आजीवन सङग्रामी भक्तबहादुर प्रधान (जीवनी,१९९०),स्वाधीनता सङग्रामी श्रमिक नेता दलवीरसिंह लोहार (असमीयामा,१९९०),मेरा डायरीका केही पृष्ठहरू(१९९३),असमर मुख्यमन्त्रीलै सविनय निवेदन (असमीयामा, १९९४),उत्सर्ग (कथा सङग्रह,१९९४),ओझेलमा परेका नारी रत्नहरू(१९९७),माझगाउँ नेपाली थिएटर पार्टी(२०००),कलागुरू विष्णुराभाको संक्षिप्त जीवनी(२००१),नेपाली सत्राधिकार रतिकान्त उपाध्याय(२००२),श्रीनन्दलाल उपाध्याय र श्वेत विप्लव(२००२),टिपन टापन(२००२),सामिहलि(असमीयामा,२००४),जफेमालु बिर्ताका पानीपोखरेलहरूको वंशावली(२००६)। डा खेमराज नेपालद्वारा सम्पादित **विष्णुलाल उपाध्याय रचना सङ्कलन** नेपाली र असमीयामा (२०१७) मा उनका बारेमा विस्तृत जानकारी छ।

विष्णुलाल उपाध्याय एकजना स्वाधीनता सङग्रामी, समाजसेवी तथा गान्धीवादी नेता हुन्, एक सच्चा देशभक्त हुन्। सन् १९५६ मा बिहाली समष्टिबाट विधायक चुनिएपछि सन् १९६२ अनि १९६७ मा पनि उनी विजयी हुन्छन्। असम साहित्य सभाका आजीवन सदस्य,असम गोर्खा सम्मेलनका सभापति तथा असम सरकारको साहित्यिक पेन्सनप्राप्त विष्णुलाल उपाध्यायले नेपालीभाषी जातिको उत्थानका निम्ति अनेक प्रयास गरेका छन् अनि भाषा साहित्यका लागि मरिमेटेर आएकोबारे सर्वविदित छ। विष्णुलाल उपाध्यायलाई होमेन बरगोहाइँले युगको श्रेष्ठ असमीया भनेका छन् ।

**मूलपाठ**

असमका वरिष्ठ स्वतन्त्रता सेनानीहरूमध्ये छविलाल उपाध्याय एकजना प्रमुख हुन्। उनी देशभक्त, साहसी, सङ्कल्पमा अविचलित र त्यागी पुरूष हुन् । वनको काँढो आफै तिखारिए जस्तो आफ्नो जीवनकालमा देशको परिस्थिति सुहाउँदो उपयुक्तता र उपलब्धि आर्जन गर्न उनी सफल भए। स्वाधीनोत्तर कालमा समाज–संस्कार, शिक्षा प्रचार र राष्ट्रिय एकताका निम्ति उनले लिएको भूमिका आउने पिढीका लागि अनुकरणीय छ।

दरङ जिल्ला अन्तर्गत विश्वनाथ मौजाको बुढीगाङ भन्ने ठाउँमा १२ मे १८८२ का दिन छविलाल उपाध्यायको जन्म भएको थियो। उनका पिताको नाउँ कासीनाथ उपाध्याय अनि माताको नाउँ विष्णुमाया देवी हो।

सन् १८७५ तिर पिता कासीनाथ आफ्ना इष्टकुटुम्बसित बिहाली माझगाउँमा आई टुङ्गो लागे। त्यहीँ जन्मिए काहिंला हरिप्रसाद र कान्छा छविलाल। कालान्तरमा यही ठाउँ हुन गयो छविलाल उपाध्यायको विशाल कर्मक्षेत्रको केन्द्रविन्दु।

तिनताक बिहाली मौजाभरिमा जालुकबारी र हातीबन्धा नाउँका दुइटा प्राथमिक विद्यालय थिए। असममा सर्वत्र तलदेखि माथिसम्म बङ्गाली भाषामा पढाउने चलन थियो। यी दुई स्कुलमा पनि पाठ पढाइन्थ्यो बङ्गाली भाषामा। यसै हातीबन्धा स्कुलमा छविलाल उपाध्यायको पढाइ सुरु भयो। त्यसबेला तेजपुर सहरबाहेक नजिक कहीं उच्च शिक्षाको प्रबन्ध थिएन। तसर्थ हातीबन्धामा पढाइ सकिने बित्तिकै उनको छात्र जीवन पनि अधुरो रह्यो।

ब्राह्मणलाई चाहिने नित्यकर्म पद्धति र शास्त्रोक्त ज्ञान छोराहरूलाई दिलाउन पिता कासीनाथले शास्त्रज्ञ पण्डितद्वारा घरैमा संस्कृत पढाउने चाँजो मिलाइदिए। सानो उमेरमै छविलाल उपाध्यायले अमरकोश, आन्हिक–पद्धति, प्रातस्तुति र कर्मकाण्ड छिचोलेका थिए।

जुनबेला उच्चशिक्षा सुलभ थिएन, पुस्तकालय अथवा पत्रपत्रिका पाउन दुर्लभ थियो। रेडियो कुन चरोको नाउँ हो मानिस जान्दैनथे। त्यस्तो बेलामा पनि



छविलाल उपाध्यायले बिहाली पोस्टमास्टर (बङ्गाली बाबु)बाट 'आनन्द–बजार पत्रिका', 'वसुमती', साप्ताहिक पत्रिका र चिया बगानका डाक्टरबाट मासिक पत्रिका 'बङ्किम ग्रन्थावली', 'शरत ग्रन्थावली', 'राजा राममोहन राय', 'स्वामी विवेकानन्द', 'ईश्वरचन्द्र विद्यासागर', बुकर टी वासिङ्गटनका जीवनी पुस्तक पढ्ने गर्दथे। इतिहास समाज–सङ्गठन र हिन्दू धर्मको अनुशीलन पनि गर्दैरहे। स्कुलको पढाइबाट इतिहास, भूगोल र राजनीतिको त्यति बोध हुनै पाएन तापनि अनुशीलन र अनुभवद्वारा प्राप्त उनको ज्ञान दिगो र गतिलो थियो। कुनै विषयमाथि क्रम राखेर भन्न सक्ने उनमा अभ्यास थियो।

काजिरङ्गा वनाञ्चललाई गैंडाको अभयारण्य बनाउने निहुँमा १९१९को कुनै एक दुर्दिनमा गोपालकहरूलाई सरकारले विकल्प व्यवस्थाबिनै गोठमा आगो लगाई निकाल्यो। मिसिङ र नेपाली गोपालकहरूले कानुनको आश्रय लिन छविलाल उपाध्यायलाई अघि सारे। यहींनेर उनको जीवनको पट परिवर्तन भयो। आफ्नो समस्या हल गराउन उनलाई चाहिएको थियो अति विद्वान् दूरदर्शी र समय बुझी शर निक्षेप गर्न सिपालु तेजपुरका वकिल कर्मवीर चन्द्रनाथ शर्माको नेतृत्व थियो। चन्द्रनाथ शर्मालाई आवश्यक थियो स्वराज आन्दोलनमा आफूलाई पछिसम्म कामलाग्ने नेपालीहरूका अगुवा र सङ्कल्पमा अटल छविलाल उपाध्याय। त्यस समस्यालाई स्थानीय तहदेखि झिकी राज्यव्यापी समस्या बनाई हल गराउन चन्द्रनाथ शर्मा वचनबद्ध भए। स्थानीय कार्यसूची बनिए; जुलुस प्रतिवाद सभा हुन लागे। गभर्नर भए ठाउँ अर्जी पेस गरिए; लक्ष्य भेद हुन बाँकी नै थियो। यस्तैमा जोरहाट सहरबिच १७ एप्रिल १९२१मा सम्पन्न गरिने 'असम एसोसिएसन'को साधारण सभामा साथीहरूसहित उपस्थित हुन छविलाललाई निम्तो आयो। दस हजार मानिस भेला भएको त्यस सभामा सभापतिको आसन ग्रहण गर्न उनको नाउँ प्रस्तावित भयो। त्यस सभाले असम एसोसिएसनलाई असम प्रादेशिक कङग्रेस कमिटीमा रूपान्तर गऱ्यो। काजिरङ्गा उच्छेदको विरोध प्रकट गरी कुलधर चलिहाका नेतृत्वमा काजिरङ्गा इन्कुयरी कमिटी गठन गऱ्यो। जब इन्कुयरी कमिटीका

सदस्यवृन्द जहाजबाट बिहालीघाटमा ओर्लिए। उनीहरूलाई नेपालीहरूले हातमा स्वराज झण्डा लिई स्वागत गरे। उनीहरूले त्यसबेला आफ्ना दुखमा बोलिदिने मानिस पाए। कङग्रेसी नेताहरूले स्वराज आन्दोलनमा नेपालीहरूको आन्तरिक सहयोग पाए।

सन् १९२१ मा देशमा सर्वत्र असहयोग आन्दोलन रौँकिएर उठ्यो। छविलाल उपाध्याय पनि तेजपुरका विभिन्न इलाकामा कङग्रेस सदस्य भर्ना गर्ने काममा ब्रतिभई घरबाट निस्किए। उनका प्रेरणाले बिहाली माझगाउँमा जातीय स्कुल खोलियो। गाउँबासीले हातले धागो काती खद्दर प्रचलन गरे। कङग्रेसीहरू कानी; भाङ र जाँड-रक्सीका महल बन्द गर्न पिकेटिङ गर्न थाले। लागु पदार्थबाट हुने अपकारिताका बयान गर्न लागे। तिलक स्वराज फन्ड सङ्ग्रह गर्न छविलाल उपाध्याय गमिरीदेखि खारुपेटियासम्म चन्द्रनाथ शर्माका साथमा रहे। सबैको सम्मिलित प्रयासले तेजपुरलाई तोकेको रकम बेलैमा सङग्रहित भयो।

यसरी असहयोग कार्यसूचीमा सक्रिय रहेका छविलाल उपाध्यायदेखि सरकार नाराज थियो। एकदिन अकस्मात् उनका जोरनाले बन्दुक र पेस्तोल जफत् गरिए। आन्दोलनबाट नपन्छिए उनलाई ब्रिटिस भारतदेखि निकाला गरिने नोटिस जारी गरियो। तेजपुर सहरबीच पोलो-फिल्डमा गान्धीले जनसभामा भाषण गरेपश्चात पुलिस सुपरिन्टेन्डेन्टले छविलाल उपाध्यायलाई आफ्नो कारमा चढाई यसरी सम्झाउन लागे – *तिम्रो देश नेपाल स्वाधीन छँदाछँदै किन तिमी बित्थामा कङ्ग्रेससँग लागेर सरकारको विरोध गरिहिँड्छौ ? मेरा गाडीमा हिँड्ने गरे; महिनावारी पाँचसय गरेर दिनेछौं। तिम्रा जफत् गरिएका बन्दुक पेस्तोल फिर्ता गरिनेछ। तिम्रा गाउँमा इङ्गलिस स्कुल खोलिदिनेछौं। त्यहाँदेखि निस्केका छोकडाहरूले सरकारी नोकरी पाउने छन्।*

त्यस प्रलोभनलाई प्रत्याख्यान गरी उनले गरेको उक्ति स्मरणीय छ – *मेरो जन्म भयो असममा, मृत्यु पनि यहीं हुनेछ। नेपाल स्वाधीन राज्य भएपनि मैले नेपाल देखेको छैन। म जुन ठाउँमा जन्मिएँ, मेरो त्यही जन्मभूमि हो। मेरा पुर्खाहरू*



*कुनै दिन नेपालको हुनाले त्यो मेरो पितृभूमि हुनसक्छ। त्यस देशसित यसबेला मेरो कुनै सम्पर्क छैन। त्यसो हुनाले म मेरो जन्मभूमिकै मात्र कुरा जान्दछु। यस देशको आन्दोलन मेरो पनि हो। भारत स्वाधीन भएपछि हाम्रा छोरा-नातिले पनि अरू सरह हक पाउनेछन्। म यो विश्वास गर्दछु।*

राति विश्राम लिइबसेका गान्धीजीले त्यो खबर सुनेर खुसी भई मन्तव्य गरे- *अच्छा किया।*

देशद्रोहिताको निहुँ झिकेर उनलाई जति-ततिखेर एरेस्ट गर्न नसक्ने कुरै थिएन। सरकारले इमानदार गोर्खा फौजसहित नेपाली जनता भड्किने हुन कि भनी आशङ्का गर्‍यो। तेजपुर टाउन-हलमा छविलाल उपाध्यायले सभापतित्व गरेको सभामा स्वेच्छासेवक वाहिनी गठन गर्न लिएको प्रस्ताव सरकारका निम्ति प्रत्याह्वानस्वरूप थियो। केही दिनपछि अहमदावाद कङग्रेस अधिवेशनमा जान तत्पर भएका अवसरमा उनलाई जेलमा थुनेर राख्यो। जेलभित्र गुप्ती कोठामा एकदिन असम भेली कमिसनर बी.सी.एलेनले उनलाई बोलाई *कुनै कुराको खाँचो भए भन; सो तत्काल हुनेछ* भने। तर उनी ताक परे तिवारी नत्र गोतामे खालका थिएनन् । उनको जवाफ स्पष्ट थियो – *देशको स्वार्थभन्दा आफ्नो स्वार्थ ठुलो हुन सक्तैन*। यसका केही दिनपछि उनलाई छ महिना सश्रम काराबासको सजाय तोकियो।

जेलभित्र असमका विभिन्न तहका नेता र कर्मीहरूको सत्सङ्ग पाएर छविलाल उपाध्यायका विचारहरू खारिए। भारतीय सभ्यता संस्कृति र एकतामा उनी गर्व अनुभव गर्दथे। यस महान् देशको योग्य उत्तराधिकारी हुने अभिलाषा राख्दथे। सबै कुराको मूलमा शिक्षा नै रहेछ। जुन कुरा नभए सुनागरिक भई निर्वाह गर्न निरर्थक छ भन्ने अनुभव प्राप्त गरेको पछिका कार्यावलीले बताउँछ। झ्याँगिन खोज्ने लहराले थाँक्रो खोजेजस्तो नेपालीका जाँगरले खोजेको थियो उपयुक्त साधनको। छिमेकी असमियाहरू पनि अग्रसर नै थिए। छविलाल उपाध्यायलाई आठ महिना पछि पाउँदा अब त सबैको हुँदो र सुहाउँदो शिक्षानुष्ठान खोल्न सकिएला भनी

सबैले सोचेका थिए। जातीय स्कुलरुपी बिरुवा रुखो जमीनमा परेकाले फल्न-फुल्न नपाउँदै ओइलिएर गयो। अघिको हातीबन्धा प्राथमिक स्कुललाई असमिया माध्यमको मिडिल भर्नाकुलर स्कुलमा परिणत गराउन थालेको प्रयास १९२७ तिर सफल भयो। केही वर्षपछि यसमा इङ्गलिस पढाइ सामेल गर्दा यो 'कम्बाइन्ड मिडिल स्कुल'हुन गयो। आफ्नो संस्कृतिको जगेडा हुने अनि ग्रामवासीलाई चाडपर्वहरूमा रमाइलो गर्ने विचारले चालेको *माझगाउँ नेपाली थिएटर पार्टी* थोरै दिनमा सबै चिजबिजले पूर्णाङ्ग भएर उठ्यो। यसमा मौलिक र अनुवादित नेपालीका र केही मात्रामा असमिया नाटक खेली नयाँ प्रतिभाले फस्टाउन राम्रो मौका पाए।

घरमा बसी अवकासको बेला मनले चाहेका पुस्तक अध्ययन गरी ज्ञानको परिधि फराकिलो बनाउन तेर सय आधुनिक र पौराणिक पुस्तकले सज्जित *माझगाउँ नेपाली लाइब्रेरी* खडा भयो। यी बाहेकै अभ्युत्थान समिति, बाल्य विवाह रोकथाम, नारी जागरण, संस्कृत विद्यालय स्थापन जस्ता सुधारका काम गर्न छविलाल उपाध्यायले ग्रामवासीबाट भरपर्दो सहयोग प्राप्त गरे।

सन् १९३५ मा स्वायत्त-शासन संस्कार कानुनअनुसार काउन्सिल खडा गर्न अरू भारतीयसरह नेपालीहरूले पनि भोटाधिकार पाए। अर्को साल सरकारी विज्ञप्ति निस्कियो। नेपालीहरू पहिले ब्रिटिस प्रजा बन्नु पर्छ अनि मात्र भोटाधिकार पाउनेछन्। नत्र भोटरलिस्टबाट उनीहरूको नाउँ काटिने छ। यस काममा छविलाल उपाध्यायले भगीरथ प्रयत्न गर्नु पर्‍यो। आखिरमा आफ्ना पट्टा परमिटकै आधारमा उनीहरूले फेरि भोटाधिकार पाए।

हाइस्कुलको दैलो ननाघेसम्म उच्चशिक्षा प्राप्त गर्न ढोका खुलस्त हुँदैन। यो कुरा बुझेर उनी चिन्ता-चर्चा गर्न लागे। माझगाउँ गाडमौथानमै हाइस्कुल स्थापन गर्ने हो भने माझगाउँ नेपाली थिएटर पार्टी र माझगाउँ नेपाली लाईब्रेरी दान दिन नेपालीहरू राजी भए। सन् १९८५ को नेपाली मूल्याङ्कनमा त्यस सम्पत्तिको मोल दुई लाख पचास हजार तोक्न सकिन्छ। यस बाहेकै पाँच सय रूपियाँका दरले चन्दा दिने दाताहरू निस्किए। वरपर सबै खाले मानिसबाट चन्दा सङग्रहित भई यो



शिक्षानुष्ठान साकार भयो। यसको आदर्श लिई नेपालीहरूले अन्यत्र धेरै अनुष्ठान खोलेका छन्। असमका राजस्वमन्त्री रोहिणीकुमार चौधुरीज्यूका बाहुलीबाट २३ नोभेम्बर १९४१ सनमा यस बिहाली हाइस्कुलको भवन उद्घाटन कार्य सुसम्पन्न भयो।

अखिल भारतीय गोर्खा लीग शिष्टमण्डलका अन्यतम सदस्यको रूपमा राजकीय अतिथि भई काठमान्डौ जाँदा (१९४६ को डिसेम्बरतिर) छविलाल उपाध्यायले श्री३ सरकार पद्म शमशेर जङ्गबहादुर राणाबाट पाँच हजार रूपियाँ गुप्तदान पाएका थिए। त्यो रकम स्कुललाई दान दिएका कार्यले हाइस्कुलप्रति उनको भक्ति जाहेर गर्दछ।

सन् १९४२ मा भारतीय स्वतन्त्रताको आखिरी लडाइ सुरू हुँदा बिहाली थानामा तिरङ्गा-पताका उडाउन सङग्रामी जनतालाई प्रेरित गरेको आरोप लागेर छविलाल उपाध्यायले जेल जानु पर्‍यो। आरोप प्रमाणित नहुँदा उनी मुक्त भए। अखिल भारतीय गोर्खा लीगको तेजपुरमा अनुष्ठित चौथो अधिवेशनले ठुलो महत्व वहन गरेको छ। यस लीगले भारतलाई द्वि-खण्डित पारी भिन्नै राज्य पाकिस्तान बनाउन अनि असमलाई ***सी*** ग्रुपमा राखी पूर्व पाकिस्तानसँग गाभ्न जिन्ना साहेबका कुप्रयासको कडा विरोध गरेको थियो। भारतको अखण्डता रक्षा गर्न आवश्यक परे तीस लाख गोर्खा खुकुरी काममा लगाइने छन् भनी त्यस सभाले लिएको प्रस्ताव छविलाल उपाध्यायद्वारा प्रभावित थियो भन्ने कुरामा द्विमत छैन।

देश स्वाधीन भएपछि तेजपुर लोकल बोर्डमा अल्पसङख्यक नेपालीहरूलाई प्रतिनिधित्व गर्न सरकारले छविलाल उपाध्यायलाई सदस्य मनोनीत गर्‍यो। समस्त तेजपुरभरिका नागरिकहरूले उनलाई हेम बरूवा स्मृति भवनमा १९७८ मा भव्यरूपले अभिनन्दन गरे। अभिनन्दन पत्रमा छविलाल उपाध्यायलाई हामी पाउँछौं एकजना *निस्वार्थ देशप्रेमी, मुक्तियुद्धका वीर सैनिक, साम्प्रदायिक सम्प्रीतिका प्रतीक* भनेर लेखिएको छ। तेजपुरमा आयोजित एक विशेष सभामा मुख्यमन्त्री शरतचन्द्र सिंहले भारत सरकारका पक्षबाट छविलाल उपाध्यायलाई स्वतन्त्रता सेनानी सम्मान ताम्रपत्र प्रदान गरेका थिए।

छविलाल उपाध्याय बिहाली हाइस्कुल प्रतिष्ठा गरे बाहेकै अनेकौं सामाजिक, सांस्कृतिक र कल्याणमूलक काममा जुटेका थिए। असमीया नेपालीबिच आत्मीयता र सहयोगिता बढाउने काममा छविलाल उपाध्यायलाई बिहाली हाइस्कुलमा सबै सम्प्रदायका मानिसले सम्मान प्रदर्शन गरेका थिए। त्यस पुण्य अवसरमा उनले ४५ हजार रूपियाँ लागतमा आफ्ना बाबुआमाको स्मृति स्वरूप निर्मित कासी-विष्णु हल-घर बिहाली हाइस्कुललाई दान गरी आफू अक्षय पुण्यका अधिकारी बनेका छन्। भाषा, धर्म र सम्प्रदायको साँगुरो पर्खाल नाघेर मानव-सेवा नै मुख्य धर्म हो भनी ठान्ने छविलाल उपाध्यायले प्रतिवर्ष दुइजना प्रतिभावान छात्रलाई विज्ञान अध्ययन र अनुशीलन गर्न प्रोत्साहन दिने विचारले १९७९ मा विश्वनाथ कलेजमा ३० हजार छ यस रुपियाँको गुठी राखिदिएका छन्। विज्ञजनले यस भावनालाई प्रेम-मन्दाकिनी-धारा भनेका छन्।

आफ्ना छोरा, नाति-नातिना र इष्टमित्रले परिवेष्टित भई ९७ वर्ष परमायु भोग गरी आफ्नो पार्थिव शरीर त्यागेर २४ डिसेम्बर १९८० मा उनी परलोकगामी भए।

**शब्दार्थ** -

स्वाधीनोत्तर - स्वतन्त्र भए पछाडि
पिढी - पुस्ता
आनुगत्य - अधीनमा ल्याउनु, वशमा ल्याउनु
अडीग - अटल
पुनित - पवित्र
शास्त्रोक्त - शास्त्रमा उल्लेख भएको
अनुशीलन - चिन्तन, अध्ययन
उच्छेद - विनाश, संहार
स्वराज - आफ्नो शासन
छोकडा - केटो



प्रत्याह्वान - चुनौती
अभिलाषा - इच्छा, रहर
विज्ञप्ति - सूचना
भगीरथ प्रयत्न - धेरै मिहिनेत
गुठी - धार्मिक वा परोपकारी कार्य सञ्चालनका लागि राखिएको सम्पत्ति
मन्दाकिनी - पुराणअनुसार स्वर्गमा बग्ने गङ्गाको धारा
पार्थिव - पृथ्वीबाट उत्पन्न, भौतिक
ढोका - दैलो / द्वार
अविचलित - कुनै काममा अडिग रहनु
इष्टकुटुम्ब - आफन्त
चाँजो - परिबन्द, व्यवस्थापना
दुर्दिन - नराम्रा दिन
निक्षेप - लक्षित गर्नु, हेर्नु
जाँगर - जोश
सङ्ग्रामी - कठिन परिस्थितिमा कर्म गर्न सक्ने
अभिनन्दन - सम्मान
अक्षय - क्षय नहुने, नाश नहुने
साँगुरो - चाहिंदोभन्दा सानो
पर्खाल - देवाल
प्रोत्साहन - उत्साह
विज्ञजन - ज्ञानीजन
शर - तीर

**१. तलका प्रश्नहरूका उत्तर गर।**

(क) छविलाल उपाध्यायको जन्म कहिले भएको थियो ?

(ख) असम एसोसिएसनको सभा कुन सहरमा भएको थियो ?

(ग) छविलाल उपाध्यायका माता–पिताको नाम लेख ?

(घ) छविलाल उपाध्यायाले पढ्ने गरेका दुई पत्रिकाको नाम लेख ?

(ङ) कासी–विष्णु हल कति लागतमा बनाइएको थियो ?

(च) छविलाल उपाध्याय के थरि थिए अनि कुन सन्मा परलोक भएका थिए ?

(ज) *मेरो जन्म भयो असममा मृत्यु पनि यहीं हुनेछ* यो कसको भनाइ हो ?

(झ) विश्वनाथ कलेजमा राखिएको गुठीलाई विज्ञजनले के धारा भनेका थिए ?

(ञ) बिहाली हाइस्कुलको उद्घाटन कसले गरेको थियो ?

(ट) बिहाली हाइस्कुलको उद्घाटन कुन दिन भएको थियो ?

(ठ) सी ग्रुप भनेको के हो ?

(ड) वर्तमानको असम प्रदेश कङ्ग्रेस कमिटीको प्रतिष्ठापक सभापति को थिए ?

**२. खाली ठाउँ भर ।**

(क) असमका वरिष्ठ------- सेनानीमध्ये छविलाल उपाध्याय प्रमुख हुन्।

(ख) मिसिङ र नेपाली ---- कानुनको आश्रय लिन छविलाल उपाध्यायलाई अघि सारे।

(ग) काजिरङ्ग उच्छेदको विरोध गरी कुलधर चलिहाका ----- काजिरङ्गा इनक्वारी कमिटि गठन गऱ्यो।

(घ) सन् १९२० मा देशको सर्वत्र -------आन्दोलन राँकिएर उठ्यो।

(ङ) विज्ञजनले –मन्दाकिनी–धारा भनेका छन् ।

(च) एकदिन ------- उनका जोरनाले बन्दुक र पिस्तोल जफत गरिए।

(छ) नेपाल स्वाधीन राष्ट्र भए पनि ------- नेपाल देखेको छैन।

(ज) भारत --------------- भएपछि हाम्रा छोरा–नातिले पनि अरू सरह हक पाउने छन्।

(झ) आखिरमा आफ्ना पट्टा परमिटकै आधारमा उनीहरूले फेरि ------ पाए।

(ञ) जातीय स्कुलरूपी -------- रुखो जमीनमा परेकाले फल्नफुल्न नपाउँदै ओइलिएर गयो।



**पाठबोध**

देशप्रेमी,स्वतन्त्रता सङ्ग्रामी तथा समाज सेवकहरू कति निस्वार्थ रूपमा अरूको कल्याणका लागि होमिन्छन् भन्ने कुरा यस्ता पाठ वा छलफलले अवगत गराई अरूलाई प्रेरित गर्छ। नेपालीभाषीको स्वतन्त्रता आन्दोलनमा रहेको अवदानहरू पनि व्यापक रूपमा छलफल गर्ने।

**शिक्षण निर्देशन :**

छविलाल उपाध्यायले त्यस बेला कसरी समाज जाति र देश सेवा गरे–बारे अझ बताउने, **सी** ग्रुपको इतिहास मजले बुझाइदिने। यसका लेखक तता भूपू विधायक विष्णुलाल उपाध्यायको अवदानबारे पनि विद्याथीहरूलाई अवगत गराउने। वर्तमानको असम प्रदेश कङ्ग्रेस कमिटीको प्रतिष्ठापक सभापति हुन पाउने वा सक्ने छविलाल दक्षताबारे विद्यार्थीलाई अवगत गराउने। विद्यार्थीहरूलाई छविलाल उपाध्याय र विष्णुलाल उपाध्याय दुवैको जन्मथलो हेर्न जान पनि प्रेरित गरेको राम्रो।

• • •

# कुनै गुलाफ ओभानो छैन यहाँ

**– पारिजात**

**पाठ चयनको उद्देश्य :**

पारिजात नेपाली साहित्यकी एक सशक्त हस्ताक्षर हुन्। कविता लेखनद्वारा साहित्य संसारमा प्रवेश गरेकी पारिजात पछि आख्यानकारको रूपमा बढी चर्चित भइन्। उनले जीवनका विभिन्न मोडहरूमा स्वच्छन्दतावादी , शून्यवादी, अस्तित्ववादी, मनोवैज्ञानिक यथार्थवादी,यथार्थवादी, प्रगतिवादी, नारीवादी आदि विविध मान्यतालाई आत्मसत् गरेर आख्यानको निर्माण गरेको देखिन्छ। नेपाली साहित्यमा एकैजना व्यक्तिले यति धेरै धारामा कलम चलाएको बिरलै पाइन्छ।

प्रस्तुत कथा उनको कथा सङ्ग्रह 'साल्गीको बलात्कृत आँशु'बाट लिइएको हो।यो सङ्कलन उनको कथा लेखनको तेस्रो चरणको हो। यस चरणमा आख्यानकार पारिजात प्रगतिवादी लेखनतर्फ ढल्किसकेकी छन्। यसैले प्रस्तुत कथामा पनि प्रगतिवादी मान्यताको प्रतिपादन भएको देखिन्छ। नेपाली साहित्यका अध्येताहरूलाई पारिजातका रचनाहरूसँग परिचय गराउनु, प्रतिकात्मक कथाबारे जानकारी गराउनु र नेपाली साहित्यको प्रगतिवादी धाराको बारेमा केही आभाष दिनु आदि उद्देश्यले नै यो कथा यहाँ राखिएको हो।



**पारिजातको संक्षिप्त परिचय :**

नेपाली साहित्यमा 'पारिजात' छद्म नाउँले परिचित साहित्यकारको वास्तविक नाउँ विष्णुकुमारी वाइबा हो। उनको जन्म सन् १९३६ मा दार्जिलिङको लिङ्गिया चियाबारीमा भएको हो। उनको शैशवमै आमा अमृत मोक्तानको निधन र दाजुको पनि अकाल वियोगले गर्दा पेशामा डाक्टर उनका बाबु के.एस.वाइबाले उनीहरूलाई काठमाडौं पुऱ्याए । त्यसताक पारिजात १७ वर्षकी थिइन्। उनले काठमाडौंमै स्नातकसम्म पढिन् र आर्थिक समस्याले गर्दा विद्यालयमा जागीर गर्नु पऱ्यो। अर्कातिर उनको स्नातकस्तरको शिक्षा समाप्त हुँदानहुँदै उनलाई 'ऱ्युमेटाइड अर्थराइटिस' भन्ने पक्षाघातको रोगले सतायो र उनी आमृत्यु यसै रोगमा थलिनु पऱ्यो। एकातिर आर्थिक संङ्कट र अर्कातिर ओछ्यान लाग्नुपर्ने रोगले सताए पनि उनको कलम रोकिएन। सन् १९५६ मा भवानी भिक्षुद्वारा सम्पादित धरती पत्रिकामा आफ्नो पहिलो कविता प्रकाशित भएदेखि मृत्युसम्ममा उनका दसवटा उपन्यास, चारवटा कथा सङ्ग्रह, तीनवटा आत्मसंस्मरण, दुइटा कविता सङ्ग्रह, एउटा निबन्ध सङ्ग्रह र धेरै लेख, रचना,अर्न्तवार्ताहरू प्रकाशित भएको देखिन्छ। पारिजातको कविता सङ्ग्रह 'बैंसालु वर्तमान'उनको मरणोप्रान्त प्रकाशित भयो। उनको पहिलो उपन्यास 'शिरिषको फूल'सन् १९६५ मा प्रकाशित भयो र यस उपन्यासका लागि उनी नेपाल सरकारको मदन पुरस्कारद्वारा पुरस्कृत भइन्। 'शिरिषको फूल' उपन्यासलाई माइकेल हटले अङ्ग्रेजीमा अनुवाद गरे र हाल यो उपन्यास अमेरिकाको मेरील्यान्ड विश्वविद्यालयको पाठ्यक्रममा अर्न्तभुक्त छ। उनको मृत्यु सन् १९९० मा काठमाडौंमा भयो।

**मूल पाठ**

"इकेवाना" म उसलाई पहिलोपल्ट यसरी सम्बोधन गरेर बोलाउँछु। ऊ मुस्कुराउँदै मेरो कोठाभित्र पस्छे। दुई दिनअघि चिनियाँ माटोको कचौरामा उसैले भरेको फूलतिर देखाउँदै म भन्छु, "इकेवाना अर्थात् यो फूल सजाउने

कला जापानी जनजीवनको एउटा विशिष्ट दर्शन रहेछ। यो कलामा डाक्टरेटसम्म लिन पाइने रहेछ। जापानमा मानिसको जीवनलाई एकदम क्षणिक अहिले छ भरे छैनको रूपमा लिइने रहेछ, उनीहरू भाग्यमा बढी विश्वास गर्ने रहेछन् र आकस्मिक मृत्युमा विश्वास गर्दैनन्' रे। तिमीलाई थाहा छ, जीवनलाई यसरी लिनुको पछि पनि कारण रहेछ र मलाई अनौठो लाग्यो, त्यो कारण भौगोलिक रहेछ।"

ऊ जिज्ञासा देखाएर मतिर एकाग्र हुन्छे, म भन्दै जान्छु,"सधैँभरि भुइँचालोको कम्पनमा बाँच्नुपर्ने देशका नागरिकहरू कतिलाई भुइँचालो आएको गएको पत्तै हुँदैन'रे, कति यस्ता प्रकोपमा परेर मरिरहेछन् रोएर विलाप गरे साध्य हुँदैन'रे, त्यसैले यो जीवन अति क्षणिक छ भन्ने प्रवृत्तिगत विकासले इकेवानाको सृजना भएको रहेछ। त्यसै पनि त जापानीहरू युद्धमा शत्रुको हातबाट मर्नुभन्दा पहिले हाराकिरी गरेर मर्छन्। इकेवानामा भर्खर मात्र प्रवेश गरेकोले शायद ती अर्थहरू केही पनि तिमीलाई थाहा छैन, थाहा त मलाई पनि छैन, तर त्यो कचौरामा भरेको फूललाई भने मैले आज आफ्नै पाराले अर्थ्याएँ, हुनसक्छ, इकेवानाभन्दा यसले भिन्न अर्थ राखोस्।"

ऊ फेरि कचौरातिर एकाग्र हुन्छे, म भन्दै जान्छु "पृष्ठभूमिमा राखिएको स्नोड्रप्सका ती सूइराजस्ता पातहरूले जीवनमा आउने हरियालीको प्रतीक बोकेको छ र त्यो एकजोडी आधा फक्रेको गुलाफले युगल प्रेमीको अर्थ दिन्छ र ती क्रमश: ओइलाउन लागेका छन् जसरी गुलाफ सधैँभरि ताजा रहँदैन ओइलाउनै पर्छ,जसरी जीवन पनि ओइलाउँछ। दायाँपट्टि सजाइएको त्यो एउटै स्नोड्रप्स,जो हिउँ जस्तै सेतो रंगको छ त्यो प्रेममा हुनुपर्ने एकनिष्ठताको प्रतीक हो र फेदमा सजाइएका बाबरीका ती मसिना हरिया पातहरू बैँसमा आउने अज्ञात खुशियालीहरूको प्रतीक हो र जुन बाबरीको वासना जस्तै क्रमश: मध्यम हुँदै जान्छ।"

ऊ छक्क परेर मेरो अनुहारमा हेर्छे र भन्छे, "तपाईँले गजबले अर्थ्याउनु



भएछ। वास्तवमा त्यति गहिरिएर मैले यसलाई भरेकै होइन,देख्दा सुन्दर लाग्यो यसै राखिदिएँ।"

निकैबेर ती कचौरामा अर्थ्याइएका फूलहरूलाई हेरेपछि ओइलाइएका गुलाफलाई झिक्दै ऊ भन्छे, "हो,जीवन त कुन्नि बैँसको अवधि भने निकै क्षणिक हुन्छ जस्तो लाग्छ मलाई। तथापि जीवनलाई भाग्य मान्ने पक्षमा छैन म," त्यसपछि फेरि कुतुतु हाँसेर भन्छे, "हेर्नुस् न कत्रो विरोधाभास भएछ, एक त मलाई यी इकेवानामा असाध्य रूचि भइरहेछ अर्कातिर डाक्टरले आज मलाई फूलको झ्यांगतिर नजानुस् तपाईँलाई एलर्जी छ यसको, त्यसो हो भने तपाईँको यो चिलाउने रोग ठीक हुँदैन।"

"दु:खको कुरो, अनि के गर्छौ त तिमी ?" म सोध्छु।

"मैले वास्ता गरेकी छैन।" यसो भन्दै ऊ सानो कैंची झिकेर बाहिरतिर गई र केही क्षणपछि एक अँगालो झार, पात, लहरा, काँढा, फूल लिएर फर्की। त्यतिखेरमा अर्को भाँडामा सजाइएको सुकेको हाँगालाई लपेट्ने मसिनो पात भएको हरियो लहरालाई अध्ययन गर्दै थिएँ आफ्नै पारामा। यो हरियो लहरा आशाको प्रतीक हो, जीवन जतिसुकै जर्जर र बूढो भए पनि त्यहाँ आशा मरेको हुँदैन, तर यो अर्थ पक्कै पनि इकेवानामा छैन।

अचानक ऊ चिच्याएर उफ्रन्छे र झारपातहरू भुइँभरि छरपष्टिन्छन्। म के भयो भनेर उसलाई सोध्छु,"ऊ...झुसिल्कीरा..." ऊ औँलाहरू झट्कार्न थाल्छे।

म देख्छु, त्यो गुलाफमा एउटा कालो झुसिल्कीरा मज्जासँगले टाँसिएर बसेको रहेछ हत्तपत्ती नझर्ने गरी।"ई अब चिलाउन थाल्यो" भन्दै ऊ हात गोडातिर मुसार्दै कन्याउँदै गर्नथाल्छे। एकछिन उसलाई स्वाभाविक हुन दिएपछि म प्रश्न गर्छु,"यी सेता गुलाफका फूलहरूलाई तिमी के मान्छ्यौ?"

"संसारभरि नै सेता गुलाफलाई पवित्रताको प्रतीक मान्छन् क्यारे,होइन? मलाई अध्ययन भने छैन है।" झुसिल्कीरालाई त्यहाँबाट हटाउने साहस ऊ गर्दिन, त्यो कीरा डटेरै गुलाफमा बसिरहन्छ। म भन्नथाल्छु ,"तिमी मान नमान

तर मैले यसलाई अर्कै किसिमले अर्थ्याएकी छु। त्यो सेतो गुलाफ पवित्र मान्छेको शरीरको प्रतीक हो,पवित्र मान्छेको अर्थ हुन्छ श्रम गर्ने मान्छे, त्यसैले त्यो गुलाफ श्रमजीवीको प्रतीक हो र त्यो कालो झुसिल्कीरा पसीना चुस्नेको प्रतीक। अलिकति दखलले त्यो कीरा झर्दैन, त्यसलाई त्यस गुलाफबाट झार्न साहस चाहिन्छ,जस्तो त्यसलाई झार्न साहस गरिरहेकी छैनौ र तिम्रो एक्लैको साहसले पुग्दैन पनि ।"

ऊ अलिकति हाँसेर भन्छे, "हरे! तपाईँ जीवनको प्रत्येक पक्षलाई यसरी नै अर्थ्याउनु हुन्छ,श्रम शोषणभन्दा जीवनमा अरूथोक केही हुँदैन? के यति रूखो छ जीवन?"

म पनि हाँसेरै भनिदिन्छु, " जीवन रूखो छैन,रसरंगले भरिएको हुन्छ झुसिल्कीराहरूको जीवन। धेरै थोक हुन्छ जीवनमा, म यसलाई अस्वीकार गर्दिनँ, तर आधार चाहिँ श्रम शोषण नै हो।" केहीबेर ऊ मौन बस्छे र अचानक बोल्छे, " बेकार टिपिएछ त्यो अर्को गुलाफ पनि बीचैमा खाइसकेको रहेछ झुसिल्कीराले,छि: ! अघि राम्रोसँग हेरिएन।"

एकैछिनपछि फेरि ऊ अघि जस्तै चिच्याएर ब्रुक ब्रुक उफ्रन्छे। म छक्क परेर हेरिरहन्छु। आखिर उसको खुट्टामा जुका पनि टाँसिएर रगत चुस्न थालिसकेको रहेछ। डराउँदै डराउँदै ऊ कैंचीको सहाराले जुका झिक्छे। दोस्रो सन्त्रासको स्थिति फेरि स्वाभाविक भएपछि म आफ्नै पाराले निष्कर्ष दिन्छु, " इकेवाना सजिलो रहेनछ ,कठिन लाग्यो यसको प्रक्रिया मलाई त...भन्दा मात्र फूल। जापान मुलुकको जनजीवनको दर्शन निहीत छ' रे, इकेवानामा निहीत हुन खोजिरहेको छ कि जस्तो लाग्न थालिसकेको छ मलाई। यद्यपि भौगोलिक दृष्टिकोणले ज्यूँदा ज्वालामुखीहरूमाथि बाँचिरहेका जाति होइनौँ हामी।"

ऊ अब जिल्लिएर मलाई हेर्छे र भन्छे, " तपाईँको कुरा मलाई अलिक स्पष्ट भएन।" "स्पष्टै छ त" म अलिक भावुक भएर बोल्दै जान्छु, "हाम्रो पनि त आफ्ना मानिसहरूको जीवन आज छ भोलि छैन। पैसा कमाएर फर्कन्छु भनी लाहुर भासिएको छोरो आउँदैन। डलर,पाउण्ड र भारतीय करेन्सीमा बिकेका हाम्रा वीर तन्नेरीहरू,सीमा सीमामा,जोखिमपूर्ण ठाउँहरूमा तैनाथ छन् रात दिन मर्न, मार्नलाई तयार। उनीहरूको जीवन पनि आज छ भोलि छैन,कति अनिश्चित? भुइँचालोको कम्पन अनुभव नगरिकनै हामी कति अनिश्चित? आजभोलि त नेपाली किशोरीहरू पनि खेत आलीबाट, वन-जङ्गलबाट हराउँछन् र फेरि आउँदैनन् , आज छ भोलि छैन, कति अनिश्चित! हेर, त्यो इकेवाना त्यो क्षणिक जीवनको प्रतीक कसरी हाम्रो जीवन दर्शन बन्दै गइरहेको छ?"



ऊ अँध्यारिएर घोप्टिन्छे र कैंचीले त्यो झुसिल्कीरालाई उप्काउने कोशिश गर्छे। गुलाफबाट झुसिल्कीरा त झर्छ तर जीवनबाट? एउटा विकराल प्रश्नचिह्न मेरो अघि उभिदिन्छ। म फूल भर्ने केटीलाई ठीक प्रश्नचिन्ह जस्तो देख्नथाल्छु। त्यसपछि उसलाई आफ्नो नजीक बोलाएर झ्यालबाट पारि देखाउँदै भन्न थाल्छु, " यहाँबाट देखिँदैछ नि उ त्यो डाँडा हेर त हेर ती ठूल्ठूलाहरूको बीचमा थला बसेको त्यो कच्ची ईँटको घर सुन्दर अनुहारमा निस्किएको सार्की खटीरा जस्तो देखिन्छ हगि? हो त्यही घरलाई हिजो रातिको वर्षातले थचारिदिएछ।। त्यस घरमा एउटी बुढी आमै बस्छिन् जसको छोरो केही वर्ष अघि नेफामा मारिएको थियो।"

ऊ तर्सेर सोध्छे, " के भएछ त्यो बूढी आमालाई?"

" हुन त केही भएनछ, एउटा दलिन यसो छड्के परेर बसिदिएछ र बाँचिन्" म भन्दै जान्छु, " बिहान यतातिर रूँदै आएकी थिइन्', भन्थिन् घर पनि आफ्नो होइन 'रे,क्याच्चै किचिएर मरेको भए बरू छोरो भए ठाममा पुग्न पाइन्थ्यो, दु:ख पाउनलाई बाँचेकी..." यस्तै यस्तै। कति अनिश्चित उसको छोरोको जीवन,कति अनिश्चित उनको पनि। जीवन अहिले छ, भरे छैन, यद्यपि हामी भुइँचालोहरूको कम्पन अनुभव गर्दै प्राकृतिक संन्त्रासलाई पचाएर बाँचेका जाति होइनौँ।

छरपष्टिएका फूलपातहरूलाई हेरेर ऊ एकाग्र हुन्छे, अँध्यारी देखिन्छे। मेरो

भन्ने कुरा बाँकी नै हुन्छ, भन्दै जान्छु, " पोहोर–परार सालतिर नागाल्याण्डमा मारिने एउटा लाहुरेकी आमाको कथा थाहा छ तिमीलाई ? अझै पनि त उनको एउटा छोरो हड्कड्मा छ। हड्कड्वाला छोरोले हेर्दैन 'रे उसलाई। उनी आफ्नो विधवा बुहारीसँग बस्छिन्, आजभोलि उनी एउटा नाति आँगमा र एउटा नाति छेउमा राखी रूँदै भात तिहुन पकाउँछिन् 'रे । बुहारीले जागीर खाएकी छे। कति अनिश्चित जीवन, कति अनिश्चित भविष्य।"

केहीबेर हामी दुवै मौन बस्छौं। त्यसपछि खस्किएको आवाजमा ऊ भन्छे, " मनको जस्तो पनि प्रगाढ घाउ समयको हेरफेरले निको तुल्याइदिन सक्छ तर एक्लिएर बाँच्नेहरूलाई हामीले दुःख बिसाउने वातावरणसम्म दिनसकेका छैनौँ।"

कता कता मेरो मन अमिलो हुँदैजान्छ। म एकैचोटि कराउँछु, "इकेवाना" हाम्रो धर्तीमा फुलेको कुनै गुलाफ चोखो छैन, एकदम छैन, सबैलाई झुसिल्कीराले टोकिरहेको छ, कुनै गुलाफ ओभानो छैन यहाँ, सबैमा असुरक्षित र अनिश्चित बाँच्नेहरूको आँशु टल्किरहेको छ। डलर र पाउण्डमा बिक्री भएर जानेहरू, ती हाम्रा तन्नेरीहरू विवश होइनन् नपुसंक भइरहेका छन्। हामी घरवासीहरू विवश होइनौं, काँतर भइरहेका छौँ। हामी अपराधी हौँ इकेवाना, अपराधी ! हामीलाई यी असुरक्षितका आँशुहरूले नडुबाउने त कुरै छैन एकदिन। खोई हामीले भुइँचालोको कम्पन अनुभव गरेका ? फेरि यो अनिश्चितता किन बढ्दैछ ? क्षणभङ्गुरता हाम्रो जनजीवनको प्रतीक हुनै सक्दैन। फेरि यो के भएर गइरहेछ हामीलाई ?

हामी दुवै एक–अर्कालाई हेर्छौँ। शायद हामी दुवै एक–अर्कालाई प्रश्नचिन्ह देखिरहेका हुन्छौँ।

**शब्दार्थ** –

**आँशु** – आँसु (पुरानो मान्यताअनुसार लेखिएको हिज्जे)

**कचौरा** – सानो बोटुको। **हाराकिरी** – तलवारले आत्महत्या गर्ने जापानीहरूको एक पारम्परित प्रणाली। **बाबरी** – वनमा हुने तुलसीको जस्तै पात र कडा वासना भएको बुटे झार। **लपेट्ने** – बेर्ने। **स्नोड्रप्स** – एक प्रकारको सेतो फुलको बोट। **जर्जर** – जीर्ण, सारै दुब्लो। **झुसिल्किरा** – शरीरभरि झुसजस्तो केश हुने किरो। **डटेर** – अविचल रहेर। **जिल्लिएर** – छकिएर। **डलर** – अमेरिकाको मुद्रा। **पाउण्ड** – बेलायती मुद्रा। **करेन्सी** – मुद्रा। **जोखिमपूर्ण** – सङ्कटमय, खतरा। **उप्काउनु** – टाँसिएको बस्तु छुटाउनु। **विकराल** – डरलाग्दो, भयङ्कर। **दलिन** – घरको तलो थाम्नका निम्ति तेर्साएर राखिएको ठुलो र लामो काठ। **प्रगाढ** –अत्यधिक, धेरै। **विवश** – लाचार, आफ्नो इच्छानुसार होइन अर्काको इच्छानुसार काम गर्नुपर्ने स्थिति।



**अभ्यास प्रश्न :**

**( क ) अति छोटा प्रश्न ( हरेक प्रश्नको मूल्याङ्क १ )**

१. पारिजातको कथा 'कुनै गुलाफ ओभानो छैन यहाँ' उनको कुन कथा सङ्ग्रहबाट साभार गरिएको हो ?
२. पारिजातको 'शिरीषको फूल' उपन्यास अङ्ग्रेजीमा अनुवाद गर्ने अनुवादकको नाउँ के हो ?
३. 'इकेवाना' भनेको के हो ?
४. 'हाराकिरी' कुन भाषाको शब्द हो ?
५. कथाकी नायिकाले 'कत्रो विरोधाभाष' भनेर केको विरोधाभाष उल्लेख गरेकी छन् ?
६. नायिकाका अनुसार सेता गुलाफ केको प्रतीक हो ?
७. कथाकारका अनुसार सेता गुलाफ केको प्रतीक हो ?
८. बुढी आमैको छोरो कहाँ मरेको थियो।
९. कथाकी नायिकाको क्षेत्रमा केलाई दोस्रो सन्त्रास भनिएको छ ?
१०. पारिजातको वास्तविक नाउँ के हो।

**( ख ) संक्षिप्त प्रश्न ( हरेक प्रश्नको मूल्याङ्क २ वा ३ )**

१. नेपाली छोराहरूको जीवन किन अनिश्चित छ भनिएको हो ?
२. श्रम गर्ने मान्छेलाई पवित्र मान्छे भन्नुको तात्पर्य व्याख्या गर।

३. कथाकारले घरवासीहरूलाई काँतर भन्नुको कारण के हो ?

४. कथाकारले के अर्थमा 'जीवनबाट झुसिल्कीरा झार्नुपर्छ' भनेकी हुन् ?

५. 'कुनै गुलाफ ओभानो छैन यहाँ' शीर्षक कथामा केकस्ता बिम्ब र प्रतीकको व्यवहार गरिएको छ ?

**( ग ) लामा प्रश्न ( मूल्याङ्क ४ वा ५ )**

१. 'कुनै गुलाफ ओभानो छैन यहाँ' कथाको कथानक संक्षेपमा लेख।

२. झुसिल्कीराहरूको जीवन रसरङ्गले भरिएको छ भन्नुको अर्थ खुलासा गर।

३. कथाकार पारिजातका कथागत प्रवृत्तिहरू उल्लेख गर।

४. पारिजातको संक्षिप्त परिचय देऊ ?

**( घ ) सप्रसङ्ग व्याख्या गर ( मूल्याङ्क ४ वा ५ )**

१. 'जीवन जतिसुकै जर्जर र बूढो भए पनि त्यहाँ आशा मरेको हुँदैन।'

२. 'जीवनलाई यसरी लिनुको पनि कारण रहेछ र त्यो कारण भौगोलिक रहेछ।'

३. 'मनको जस्तो पनि प्रगाढ घाउ समयको हेरफेरले निको तुल्याइदिन सक्छ तर एक्लिएर बाँच्नेहरूलाई हामीले दुःख बिलाउने वातावरण दिनसकेका छैनौँ।'

**पाठबोध :**

पारिजातका कथा सङ्ग्रह चारवटा छन्। यी हुन् – 'आदिम देश', 'सडक र प्रतिभा', 'साल्गीको बलात्कृत आँशु र 'बधशाला जाँदा आउँदा'। प्रस्तुत कथा 'साल्गीको बलात्कृत आँशु 'शीर्षक कथा सङ्ग्रहमा समाविष्ट छ। यस सङ्ग्रहका कथाहरू समाजवादी यथार्थवादको मान्यतालाई आत्मसात गरेर लेखेका हुन्।' कुनै गुलाफ ओभानो छैन यहाँ' शीर्षक कथा एउटा प्रतीकात्मक कथा हो। यहाँ गुलाफलाई शोषित श्रमिकवर्ग र उनीहरूको स्वच्छ मानसिकताका रूपमा, सेतो रङलाई श्रमिकको निर्मल भावनाको प्रतीकका रूपमा अनि झुसिल्किरा र जुकालाई शोषकवर्गको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ। वर्गविभक्त समाजमा श्रमिकहरूलाई शोषण गरेर आफू दर्बिला भएका शोषकहरूलाई पराजित गर्न सक्ने आँट र क्षमता श्रमिकहरूले जुटाउन सक्नु पर्छ र यो क्षमता सङ्गठित हुँदा मात्र हुनेछ भन्ने यहाँ प्रतीकात्मक रूपले प्रस्तुत गरिएको छ। सेता गुलाफहरूबाट झुसिल्किराहरू टक्टक्याएर फ्याँक्न सक्नु पर्छ भन्नुको तात्पर्य पनि यही नै हो।



**पारिजातको कथागत प्रवृत्ति –**

पारिजातको कथागत प्रवृत्ति व्याख्या गर्दा उनको कथा लेखनलाई पूर्वाद्धचरण, सङ्क्रमण चरण र उत्तरार्द्ध चरण गरी तीन चरणमा विभक्त गरिन्छ। यी तीन चरणका कथाहरूमा प्रवृत्तिगत भिन्नता छ। सामग्रिक रूपमा उनको कथागत प्रवृत्ति यसप्रकार छ।

◦ पलायनवादी चिन्तन ◦ वितृष्णा र निराशा ◦ शून्यवादी दर्शनको प्रभाव ◦ यौन मनोविश्लेषण ◦ अराजकतावादी चिन्तन ◦ यथार्थवाद ◦ प्रगतिवाद ◦ शोषण र अन्यायको विरोध ◦ विद्रोह र परिवर्तनको चाहना ◦ नारीमुक्तिका आवाज ◦ कथामा बिम्ब र प्रतीकको भरमार ◦ उत्कृष्ट भाषा शैली ◦ काव्यिकता ◦ तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग ◦ कथामा वर्गीय पात्रहरूको समावेश।

**शिक्षण निर्देशन :**

नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटापछि नै सर्वाधिक प्रतिभाशाली साहित्यकार मानिने पारिजातका सृजनाहरूको बारेमा संक्षिप्त जानकारी दिने, साहित्यका विविध वाद, मान्यता र प्रणालीहरूको आभास दिने र यस कथामा आगन्तुक शब्दहरूको भरमार भएकाले नेपाली भाषाका शब्दस्रोतको बारेमा जानकारी गराउनु उचित हुनेछ। कथामा कथाकारको पालाको हिज्जे प्रयोग भएकाले वर्तमानको मानक हिज्जेसँग विद्यार्थीहरूलाई अवगत गराउने तथा वर्तमानको परिप्रेक्षमा सुधार्न तथा जानिराख्न लगाउने।

● ● ●

# चर्यापद र नेपाली भाषा

**डा. खेमराज नेपाल**

### पाठ चयनको उद्देश्य

भारतीय भाषा परिवारअन्तर्गत भारतीय शाखामा पर्ने आधुनिक भारतीय आर्य भाषाको एउटा अंश हो नेपाली भाषा। नेपाली भाषा प्राचीन भारतीय आर्य भाषा संस्कृतबाट पालि, प्राकृत, अपभ्रंश हुँदै जन्मभएका विभिन्न आधुनिक भारतीय आर्य भाषामध्ये एक हो। अपभ्रंश स्तरलाई आधुनिक भारतीय आर्य भाषाको पूर्वरूप मानिएको छ। बौद्ध धर्ममतको काव्य चर्यापद पनि यही अपभ्रंश स्तरको कृति हो। नेपाली भाषा र चर्यापदको भाषामा सादृश्य रहेको निबन्धकारले उदाहरणसहित देखाएका छन्। पाठ्यक्रममा यो निबन्ध राख्नुको उद्देश्य विद्यार्थीलाई नेपाली भाषा र चर्यापदको सम्पर्क र सम्बन्धको विषयमा जानकारी गराउनु हो।

### लेखक परिचय

डा. खेमराज नेपालको जन्म साबिकको दरङ र वर्तमानको विश्वनाथ जिल्लाको तेलेनी गाउँमा २ फेब्रुवरी १९५८ मा भएको हो। तेलेनी प्राथमिक विद्यालयबाट औपचारिक शिक्षाको थालनी गरेका नेपालले गौहाटी विश्वविद्यालयबाट संस्कृतमा स्नातकोत्तर एवम् सन् २००१ मा पीएचडी उपाधि हासिल गरे। पेशामा उनी एकजना शिक्षक भए तापनि उनी विशिष्ट नेपाली साहित्यकार



तथा भाषाविद् हुन् । उनका प्रकाशित कृतिहरू हुन्– **मेरो देश हिजो आज भोलि**(खण्डकाव्य,१९९३), **साहित्य नेपाली लोक साहित्यको रूपरेखा**(२००३), **केही कृति केही आकृति**(२०१६) आदि। अनूदित उपन्यास **अविनाशी**का लागि उनले २०१२ मा साहित्य अकादमी अनुवाद पुरस्कार प्राप्त गरेका छन् । यसका साथै उनका असमीया भाषामा पुस्तक प्रकाशित भएका छन् भने विभिन्न पत्रपत्रिकाको सम्पादन पनि गरिसकेका छन्। सन् २०१४ मा नेपालले असम सरकारबाट एककालीन साहित्यिक पुरस्कार प्राप्त गरेका छन्।

### मूलपाठ

भारोपेली भाषा–परिवारको भारतीय शाखालाई प्राचीन भारतीय आर्य(प्रा.भा.आ), मध्य भारतीय आर्य(म.भा.आ.) र नव्य भारतीय आर्य भाषा गरी तीन स्तरमा भाग गरिएको छ। आधुनिक भारतीय आर्य भाषाको प्रमुख अंसियार नेपाली भाषाले पनि खस भाषा, पर्वते/पहाडी भाषा, गोर्खा भाषा आदि नाम लिँदै आएको कुरा सर्वविदित छ। यसको आधुनिक र अर्वाचीन नाम हो– नेपाली भाषा। विभिन्न स्तरमा विभिन्न नामले काँचुली फेर्दै आएको यो भाषाको उत्पत्ति र विकासको इतिहास अझै अधुरै रहे जस्तो देखिन्छ।

आधुनिक भारतीय आर्य भाषाको उत्पत्ति र विकासको इतिहास केलाउन जाँदा हामीले प्रा.भा.आ. र म.भा.आ.भाषामा दृष्टिपात नगरी हुँदैन। प्रा.भा.आ. भाषामा संस्कृत(वैदिक+लौकिक) र म.भा.आ. भाषामा पालि, प्राकृत र अपभ्रंश(अवहट्ट) गरी तीन सत्र अन्तर्निहित छन् । यिनमा अपभ्रंश स्तरलाई आ.भा.आ. भाषाको पूर्वरूप भनिएको छ। हाम्रो चर्चाको विषय ***चर्यापद*** यही अपभ्रंश स्तरको कृति हो।

बौद्ध धर्मका संस्थापक गौतम बुद्धको महानिर्वाणपछि यस धर्मका वाणीहरू पालि(प्राकृत) भाषामा लिपिबद्ध हुन थालेका थिए भन्ने कुरा इतिहासमा पाइन्छ। अशोक, कनिष्क आदि राजाले यस धर्मलाई राजधर्म बनाएर यसको व्यापक प्रचारका लागि कुँदाएका शिलालेखहरू आज प्रशस्त मात्रामा पाइएका छन् । यी

शिलालेखहरूले प्राचीन प्राकृतको प्रतिनिधित्व गरेका छन् भने मध्य प्राकृत वा नाटकीय प्राकृत विभिन्न संस्कृत नाटक र प्राकृत साहित्यमा उपलब्ध छ। प्रस्तुत ***चर्यापद*** बौद्ध धर्ममतको वाहक भएको हुनाले बौद्ध धर्मका शाखाहरूको छोटो उल्लेख अप्रासङ्गिक नहोला।

बौद्ध धर्म ***हीनयान*** र ***महायान*** पन्थमा विभाजित भएको कुरा हामीले नजानेका होइनौँ। समयको प्रवाहको साथै समाज व्यवस्थामा पनि परिवर्तन आयो। इस्वीको सातौँ शताब्दीपछि यो महायान बौद्ध सम्प्रदायमा पुन: धेरै शाखाहरू जन्मिए, जसमा **तन्त्रयान** उल्लेख्य छ। तन्त्रयान पनि त्रिधा विभक्त भयो – ***कालचक्रयान, बज्रयान*** र ***सहजयान***। ***बज्रयान***को पूर्वावस्था नै ***सहजयान*** हो। इस्वीको आठौँ शताब्दीदेखि यो मत प्रबल भएको देखिन्छ। निर्वाण नै सुखमय हो भनी बौद्ध सहजमार्गीहरू निर्वाण प्राप्तिमा संलग्न भए। वास्तवमा भन्ने हो भने सहजयान एक पारिभाषिक शब्द हो। लुइपाद, भुसुकपाद, सरहपाद आदि सिद्धाचार्यहरूले नै यस पन्थको जगेडा गरेका हुन् ।

इस्वीको आठौँ शताब्दीदेखि तेरौ–चौधौँ शताब्दीसम्म बौद्धका धेरै तान्त्रिक शास्त्रहरूको रचना भएको छ। यी शास्त्रहरू प्राय: नै तिब्बती भाषामा अनूदित पनि भएका छन्। यहाँ उल्लेखनीय कुरा के छ भने–यी ग्रन्थहरू नेपाल, नालन्दा, विक्रमशिला आदिका बौद्ध बिहारहरूबाट सङ्ग्रह गरिएका हुन्। तान्त्रिक बौद्ध धर्मका धेरै ग्रन्थहरू ब्रायन हज्सन नामक अङ्ग्रेज विद्वान्ले सर्वप्रथम नेपालबाट उद्धार गरेका थिए। हज्सनपछि ड्यानिएल राइट नामक अर्का एकजना अङग्रेजले अन्य थुप्रै मूल्यवान ग्रन्थ सङ्ग्रह गरे। त्यसपछि अरू विद्वान्हरूले पनि नेपालबाट पुराना पुस्तकहरू खोजेका हुन् जसमा सेसिल बेन्डाल र महामहोपाध्याय हरप्रसाद शास्त्री उल्लेख्य छन्।

कोलकाताको एसियाटिक सोसाइटीको तर्फबाट पुस्तक सङ्कलनका लागि सन् १८९७–९८ मा दुईपल्ट र सन् १९०७ मा एकपल्ट हरप्रसाद शास्त्री नेपाल गएका थिए। पछिल्लोपल्ट नेपाल गएका बेला उनले नेपालको राजदरबार



पुस्तकालयमा संरक्षित कतिपय पुस्तक फेला पारे। उनले पत्तो लगाएका *चर्याश्चर्य विनिश्चय, सरोजबज्रको दोहाकोष* र *कृष्णाचार्यको दोहाकोष*सँग अघिल्लोपल्ट ल्याएको *डाकार्णव* संलग्न गरी *हजार वर्ष पुरानो बङ्गाली भाषामा बौद्ध गीत* र *दोहा* शीर्षक पुस्तक तयार गरेका थिए, जसलाई सन् १९९६ मा कोलकाताको *बङ्गीय साहित्य परिषद*ले प्रकाशित गरेको थियो। विभिन्न पण्डितहरूले फेला पारेका बौद्ध दोहा र गीतका ग्रन्थहरूको नाम बेग्लाबेग्लै पाइएको छ। एउटै ग्रन्थलाई कहीँ *चर्या गीतिकोष* भनिएको छ भने कहीँ *चर्याश्चर्य विनिश्चय* भनिएको छ। पण्डित हरप्रसाद शास्त्रीद्वारा खोजिएका *चर्यागीति कोष*लाई *चर्याश्चर्य विनिश्चय* भनिएको छ। अवश्य, उनले खोज गरेको ग्रन्थ मूल ग्रन्थ नभएर आचार्य मुनिदत्तले लेखेको सटिक ग्रन्थ थियो – जहाँ मूल पनि समावेश गरिएको थियो र जसको नाम *चर्या गीतिकोष वृत्ति* राखिएको थियो। यसका साथै डा. नीलरतन सेनले नेपालको राष्ट्रिय अभिलेखागारमा संरक्षित यही ग्रन्थको आवरण काठको पातोमा *चर्याटीका* भन्ने लेखिएको फेला पारे। यसरी चर्यापदको नाम एकाधिक देखिए पनि यसलाई मूलत: पण्डितहरूले *चर्या गीतिकोष* भन्न खोजेका छन्। *चर्यापद* यसको अर्वाचीन नाम हो – पण्डित हरप्रसाद शास्त्रीले नै यसको न्वारन गरेका हुन्। यसको नाम जेसुकै भए पनि यो ग्रन्थ महायानी बौद्ध धर्मान्तर्गत सहजयानीहरूको धर्मतत्त्वको वाहक प्राय: पचासवटा गीत–पद अथवा दोहाहरूको सङ्कलन हो।

यहाँ के कुरा उल्लेख्य हुन आउँछ भने यो बौद्ध सहजयान हिन्दू(शैव) र बौद्ध धर्मको सम्मिश्रणको फल हो। यसमा एकापट्टि शैव नाथ सम्प्रदायको प्रभाव छ भने अर्कापट्टि महायानी बौद्धको प्रभाव पाइन्छ। नाथ सम्प्रदायका संस्थापक गुरु मीननाथ वा मच्छेन्द्रनाथ हुन् भन्ने विद्वान्हरूको भनाइ छ। उनी शैवधर्मी भए पनि नेपालमा उनलाई अबलोकितेश्वर अवतार मानिन्छ। मीननाथका शिष्य हुन् गोरक्षनाथ वा गोरखनाथ। गोरक्षनाथले मीननाथको शिष्यत्व ग्रहण गरी नाथपन्थलाई अझ दर्बिलो पारे। अझ महत्वपूर्ण कुरा, बौद्ध सिद्धाचार्यहरू झैँ नाथ सम्प्रदायमा पनि चौरासीजना सिद्धहरूको उल्लेख पाइन्छ र सहजार्य र नाथ सिद्धहरूको तालिकामा

एउटै व्यक्तिका नाम पाइन्छ। विद्वान्हरूको के भनाइ छ भने यी सिद्धाचार्यहरूले नेपाल र पूर्वोत्तर भारत अर्थात नेपाल, मगध, बङ्ग, कलिङ्ग, कामरूप र तिब्बत आदिको विस्तृत भूभागलाई टुँडीखेल बनाए। मीननाथका शिष्य गोरक्षनाथलाई कामरूपका मानिस भन्न खोजिए पनि उनको लीलाभूमि गोरक्षपुर वा गोरखा नै हो भन्न सकिन्छ र यिनैको प्रभाव र करुणाको फलस्वरूप आज पनि नेपालीहरू आफूलाई *गोर्खा* भनी परिचय दिएका छन्।

भाषिक दृष्टिकोणबाट हेर्दा पनि यो समय *अन्त्य प्राकृत* वा अवहट्टको समय थियो। चर्यापदको भाषामा पनि यसैको प्रभाव भेटिन्छ। भाषाको इतिहाससँग तात्कालिक राजनीतिक सामाजिक, धार्मिक आदि कारणहरू जोडिएका हुन्छन्। बारौ शताब्दीमा प्रभावशाली कामरूप राज्यलाई *प्राच्य भारत* भनिन्थ्यो र भारतीय सभ्यता र संस्कृतिका नाताले प्राच्य भारत र नेपाल अनि तिब्बत एउटै सूत्रमा बाँधिएका थिए। त्यसैले त्यस बेला यस विस्तृत क्षेत्रमा प्रचलित जन–जिब्रोको भाषालाई नै चर्यापदको भाषा बनाइयो।

चर्यापदको भाषा पत्तो लागेपछि, विशेषत उत्तरपूर्व भारतका भाषाशास्त्रीहरूमाझ खलबल मच्चियो र उनीहरूले चर्यापदको भाषालाई आआफ्नो भाषाको पूर्वरूप भनेर ठहर गरे। विशेष गरेर असमिया, बङ्ला, मैथिली, उडिया आदि भाषाका विद्वान्हरूले यसलाई आ–आफ्नो भाषासँग चर्यापदको भाषाको ध्वनि र रूपतात्विक वैशिष्ट्य अध्ययन गरेर आआफ्ना भाषासितको सादृश्य देखाउने प्रयास गरे। यी सबै भाषाको छाप चर्यापदको भाषामा देख्न पाइने हुनाले यो भाषा वर्तमान यी सबै भाषाको साझा सम्पत्ति(माउ भाषा) भएको छ। तर छक्क पर्ने कुरा के छ भने यो चर्यापद नेपालको राजदरबार पुस्तकालयमा संरक्षित भएको तात्पर्य र यसको नेपाली भाषासँग पनि पूर्वापर सादृश्य रहेको कुरा आजसम्म नेपाली भाषाविद्हरूले उल्लेख गरेका छैनन्। चर्यापदको भाषासँग नेपाली भाषाको सादृश्य पाइनुको अर्को प्रमुख कारण के पनि हो भने चर्यापदमा खास गरी शौरसेनी प्राकृतको प्रभाव छ र नेपाली भाषा पनि वास्तवमा शौरसेनी प्रभावित खस अपभ्रंशबाट जन्मेको हुनाले



यस्तै प्रभाव देखिन्छ।

अर्को मुख्य कुरा के पनि हो भने यस्तो ऐतिहासिक विश्लेषणले मात्रै भाषाको चर्चा पुरा हुँदैन। भाषाको ध्वनि र रूपतत्वका साथै शब्दकोशको सम्बन्ध जबसम्म चर्चित भाषामा देखाउन सकिँदैन तबसम्म त्यसबारे लिइएका निर्णयहरू पनि फितला हुन्छन् । त्यसैले चर्यापदको भाषासँग नेपाली भाषाका ध्वनि र रूपतात्विक विशेषताहरूको विस्तृत अध्ययन हुन जरूरी छ। आठ सयदेखि बार सय इस्वीसम्मको समय भारतवर्षको भाषाको इतिहासमा अपभ्रंश भाषाले राज गरेको हुनाले उक्त समयको यो भाषा पनि त्यसैको निदर्शन हो। त्यसैले यस समयमा उत्तरवर्ती आधुनिक भारतीय आर्य भाषा, असमीया, बङ्ला, मैथिली आदिका साथै नेपाली भाषाको प्रारम्भिक रूप झल्किनु केही अस्वाभाविक होइन। तर चर्यापदको भाषालाई लिएर नेपाली भाषाविद्हरूले अद्यावधिक चर्चा–परिचर्चा नगर्नु आश्चर्यजनक मात्र नभएर चिन्ताजनक हो भन्न सकिन्छ। यस विषयमा लुप्त र सुप्त इतिहास उद्धार गर्नमा नेपाली भाषाविद्हरूले गर्नु पर्ने धेरै छ र उनीहरूबाट आशा पनि धेरै छ।

**शब्दार्थ**–

| | | |
|---|---|---|
| शिलालेख | – | ढुङ्गामा लेखिएको अभिलेख। |
| महानिर्वाण | – | बौद्ध धर्मअनुसार उच्चकोटिको मृत्यु। |
| हीनयान | – | बौद्ध धर्मावलम्बीहरूको एक सम्प्रदाय। |
| महायान | – | बौद्ध धर्मावलम्बीहरूको एक सम्प्रदाय। |
| दोहा | – | एक प्रकारको मात्रिक छन्द। |
| गोरक्षनाथ | – | एक प्रसिद्ध सिद्ध योगी। |
| शौरसेनी | – | भारतको मथुराको वरिपरिको इस्वीको पाँचौँ शताब्दीतिर बोलिने एक भाषा। |

साबिक – पहिलाको, पूर्वको।

**( क ) छोटा प्रश्न ( प्रत्येक प्रश्नको मूल्याङ्क १ गरी )**

१) चर्यापद के हो ?

२) बौद्ध धर्म कसले प्रतिष्ठा गरेको हो ?

३) नाथ सम्प्रदायका संस्थापक को हुन् ?

४) तान्त्रिक बौद्ध धर्मक ग्रन्थहरू सर्वप्रथम कसले उद्धार गरेका थिए ?

५) महायानी बौद्धका कतिजना सिद्धाचार्यहरू भएको पाइन्छ ?

**( ख ) छोटा प्रश्न ( प्रत्येक प्रश्नको मूल्याङ्क २ गरी )**

१) भारोपेली भाषा परिवारको भारतीय शाखालाई कतिवटा स्तरमा विभाजन गरिएको छ र ती के के हुन् ?

२) नेपाली भाषा पहिला के के नामले चिनिन्थ्यो ?

३) बौद्ध धर्मका दुईवटा पन्थ के के हुन् ?

४) महायानी बौद्ध सिद्धाचार्यहरूमा श्रेष्ठ को थिए ? उनी कहाँका मानिस थिए ?

**( ग ) लामा प्रश्न ( प्रत्येक प्रश्नको मूल्याङ्क ४ वा ५ गरी )**

१) चर्यापदको भाषा आविष्कार भएपछि किन उत्तरपूर्वाञ्चलका भाषाशास्त्रीहरूमा खलबल मच्चियो ?

२) चर्यापदको भाषासँग नेपाली भाषाको सादृश्य पाउनुको कारण के हो ?

३) गोरखनाथको विषयमा वर्णन गर ?

४) बौद्ध सहजयान भन्नाले के बुझिन्छ ? चर्चा गर ?

५) चर्यापदमा उल्लेखित के के पारिभाषिक शब्दहरू नाथ साहित्यमा पाइन्छन् ?

**पाठबोध**

भारोपेली भाषा परिवार अन्तर्गत पर्ने आधुनिक भारतीय आर्य भाषाको एउटा अंश हो नेपाली भाषा। प्राचीन भारतीय आर्य भाषा संस्कृतबाट पालि, प्राकृत,



अपभ्रंश हुँदै जन्म भएका विभिन्न आधुनिक भारतीय आर्य भाषामध्ये एक हो नेपाली भाषा। बौद्ध धर्मको वाहक चर्यापद पनि यही अपभ्रंश स्तरको कृति भएको हुनाले नेपाली भाषा र चर्यापदको भाषामा सादृश्य रहेको कुरा विद्यार्थीलाई उदाहरणसहित देखाएका छन्। यो पाठ पाठ्यक्रममा सामेल गर्नुको उद्देश्य विद्यार्थीलाई नेपाली भाषा र चर्यापदको भाषामा रहेको सम्बन्धको विषयमा जानकारी गराउनु हो।

चर्यापदको भाषा आविष्कार भएपछि आधुनिक भारतीय आर्यभाषाभित्र पर्ने असमिया, बङ्ला, मैथिली, उडिया आदि भाषाका भाषाविद्हरूले चर्यापदको भाषालाई आआफ्नो भाषाको पूर्वरूप भनी ठहऱ्याएका छन्। त्यसैले यी भाषाहरूसँग चर्यापदको भाषाको ध्वनि र रूपतात्विक वैशिष्ट्य केलाएर चर्यापदको भाषालाई यी भाषाको माउ भाषा मानेका छन्। तर, नेपाली भाषाविद्हरूले यस विषयमा खोजी नगर्नु भने आश्चर्यजनक र चिन्ताजनक कुरा हो। लेखकले निबन्धमा चर्यापद र नेपाली भाषाको रूपतात्विक र ध्वनितात्विक वैशिष्ट्य केलाई यी दुईबिच सादृश्य देखाएका छन्। यस क्षेत्रमा थप अनुसन्धानको खाँचो देखिन्छ।

**शिक्षण निर्देशन :**

यो पाठको पढाउँदा संक्षिप्त रूपमा नेपाली भाषाको उत्पत्ति, विकास र चर्यापद मार्फत् असम–भारत–नेपालको साइनो, ऐतिहासिक सम्बन्धका बारेमा विद्यार्थीलाई बताएको बेस हुने छ।

• • •

# अव्यवस्थित संरचना

**खडगराज गिरी**

**पाठ चयनको उद्देश्य :**

उत्तर–पूर्वाञ्चल भारतको नेपाली कथा साहित्यमा खडगराज गिरी नयाँ परिपाटीका कथा लेख्ने कथाकारका रूपले चिनिन्छन् । प्रस्तुत कथा 'अव्यस्थित संरचना'मा एकातिर आञ्चलिक यथार्थको प्रकटीकरण गरिएको छ भने अर्कातिर यसको संरचना पारम्परिक नभएर नयाँ ढाँचाको छ। यिनका समकालीन नेपाली कथा साहित्यको बारेमा चर्चा गर्ने आशयले नै खडगराज गिरीको यो कथा चुनिएको हो। यस कथामा देशको वर्तमान स्थिति,भ्रष्टाचार र उत्तर–पूर्वी भारतको समकालीन उग्रवादको छनक पाइन्छ।

**कथाकारको संक्षिप्त परिचय :**

पूर्वोत्तर भारतका समकालीन कथाकारहरूमा डिगबैका खडगराज गिरी एक चर्चित कथाकार हुन् । उनका बाबुको नाउँ कलाधर गिरी र आमाको नाउँ रजन्ती कुमारी हो। ३ जनवरी १९५८ मा जन्मिएका गिरी वाणिज्यका स्नातक हुन् । मुख्यत: कथाकारका रूपमा परिचित तथा २००१ मा कथाका लागि सिक्किमको ' स्रष्टा' पुरस्कार प्राप्त गर्ने गिरीका हालसम्म पाँचवटा कथा सङ्ग्रह प्रकाशित भइसकेका छन्। यी कथा सङ्ग्रहहरू हुन्– 'रूप प्रतिरूप', 'अभाव', ' कथादेखि पर', 'शून्य विकल्प', 'कालो सर्प र नयाँ प्रजन्म' । कथाका उप्रान्त



पनि उनको 'क्याक्टसका हात' शीर्षक एक कविता सङ्ग्रह, छवटा अनूदित पुस्तक तथा चारवटा सम्पादित पुस्तक प्रकाशित भएको देखिन्छ।

**मूल पाठ**

– दिवाकरज्यू ,एउटा कथा चाहियो।

सम्पादक आइपुग्छन् भानुजयन्तीको उपलक्षमा एउटा साहित्यिक पत्रिका निकाल्ने' रे!

मसित लेखिएको कथा हुँदैन। एक–दुई दिनमा हात पारिदिने भरसक प्रयत्न गर्ने आश्वासन दिन्छु।

सम्पादक निस्किन्छन् पर्सि बिहानको भाका बोकेर।

भोलिपल्ट बिहानै उठेर घोरिन थाल्छु, आज यति धेरै कथा लेखिए कि म के लेखूँ–के दिऊँ.....

अनि,जुन साहित्यले विश्वमा क्रान्ति ल्यायो आज त्यही साहित्यप्रति मानिसको विपरीत मनोभाव छ। जुन साहित्य पढेर छोरो महाविद्यालयमा ' रिडर'छ, उसको बाबु त्यही साहित्यभन्दा 'यो पढेर के हुन्छ र!'

भन्ने मनोभाव लिन्छ भने कसका लागि के लेख्नु। साँच्चै,यो हाम्रो दुर्भाग्य नै होइन त?

खिन्न मनस्थितिमै बिहानको बतास साट्न निस्कन्छु। हिँड्दा–हिँड्दै बाटामा गजेन्द्र भेटिन्छ।

ऊ दुई–चार जनासित कुरा गरिरहेको हुन्छ। 'राति कतिपय केटाहरूले बिजुलीको खाँबाको तारै काटी लगेछन् रातभरि अँध्यारोमा .....'(दुई–चार दिनपछि तार चोरीको घटनामा तिनै सरकारी कर्मचारी सङ्लग्न प्रमाणित हुन्छन् जसले त्यसको अघिल्लो दिन दिउँसो त्यहाँ 'वायरिङ'–को काम गरेको थिए) आज देशका जनता किन यति क्षुब्ध, राष्ट्र सिँगार्ने प्रक्रियाको यस कार्यमा किन विध्वंसक? हिजै समाचारपत्रमा पढेको ख्याल आउँछ। उग्रवादीले सिमाना छेउको यातायात पुल उडाइदिएको पिर कसलाई पर्छ? यसको चोट के देशका

साधारण जनतामा नपर्ला ? पुल उड्यो.......यातायात रोकियो .....राज्यभित्र खाद्य सामग्रीको दाम उर्लियो, कसका काँधमा पड्क्यो त बन्दुक ? विवेकहीनताको यो कृत्यले सरकारलाई पोल्यो कि निर्धा जनतालाई ?

पुल वर्षदिनमा बनेन,सरकारी कोषमा रुपियाँ थिएन–वर्षभरि जनताले महँगी भोगे। म गजेन्द्रबाट छुट्टिन्छु।

कार्मेल स्कुल अघिल्तिरको मैदानमा कसरत गर्ने युवा अनि एकाग्र परिक्रमा गर्दा वृद्धहरू मौन छन् यी दुवै दुई दिशाका यात्री हुन्–आआफ्नै धुनमा छन्।

म आफ्नो घडीमा समय हेर्छु र कार्मेल स्कुलको पश्चिम बाटो हुँदै डेरा फर्किन्छु।

नुहाइधुवाई अनि चियाचमेनापछि कार्यालय जाने तरखर आरम्भ हुन्छ। कार्यालय पुगेर कुर्सीमा बसेको हुन्छ, टुप्लुक्क एकजना 'कन्ट्रेक्टर'आइपुग्छ। उसले हिजो कम्पनीलाई 'सप्लाई'गरेका कैयौं सामग्रीहरूको 'बिल' दिएको थियो–भुक्तान गरिदिनुपर्ने, तत्कालै। हिजो अरू अत्यावश्यक कामहरू आइपरेकाले भ्याएको थिइनँ। ऊ मेरो छेउमा आएर दराज खोल्छ र सुटुक्क केही खसालिदिन्छ। यसो हेर्छु–रुपियाँ! सय–सयका पाँच–छओटा नोट। विरोध गर्छु–यो के गरेको हँ ? यसको के खाँचो थियो ? 'यो नभए पनि त म बिलको भुक्तान गरिदिन्थें......'

'मलाई आजै रुपियाँको खाँचो छ,सर।'

'होइन झिक,यो नभए पनि हुन्छ .....म भुक्तानको व्यवस्था मिलाइदिन्छु......

'होस् राख्नोस् सर,यसरी नै मैले अरूलाई पनि दिएँ......तपाईँ नयाँ भएकाले .....केटा–केटीलाई मिठाई लगिदिनुहोला .....'

.....आफ्ना केटाकेटीलाई मिठाई आफ्नै पैसाले लगिदिन्छु भाइ...!'

.....झर्को नमानिदिनोस् .....भुक्तान त आजै होस् है सर....'

मेरो तर्क थर्किएको हुँदैन कि मेरा उच्चाधिकारी आइपुग्छन् उनले कुरो खोदल्न खोज्छन्–म टारिदिन्छु।



रुपियाँ दराजमा राखेपछि ऊ ढुक्क पर्छ। मेरा बसले उसलाई आफ्नो कोठामा लैजान्छन् । यो रुपियाँ अब उसका अघिल्तिर लगेर फाल्नु कि नफाल्नु ,धर्मसङ्कट! नफाल्नु हो भने आफू रुपियाँको अघि नुघेर उसको कमारो जसरी खटेर तत्कालै 'बिल'–को भुक्तान गरिदिनु पर्ने बाध्यता,उफ् !

जे होस्,गर्नै पर्छ। म धाएर उसको 'बिल'–मा सामग्रीको दरदाम हेरेपछि भुक्तानको व्यवस्था मिलाइदिन्छु।

केही बेरपछि ऊ आइपुग्छ। चेक लिएर जानेअघि धन्यवाद दिँदै मसित हात मिलाउँछ। म उसको कानमा सुटुक्क भन्छु। 'रुपियाँ दिएको कुरा अरूलाई नभन्नू है!'

'धन्दा नमान्नोस् भन्दिनँ, तपाईका 'बस'लाई हजार रुपियाँ नदिई धरै पाइनँ ....।' बाध्यता, लिनुपर्ने बाध्यता...यही बाध्यता पछिपछि आवश्यकता बनिदिन्छ, आवश्यकता परिपूर्ति नभए बल, छल उत्पन्न हुन्छ र अन्तत बलछलको कौशल भ्रष्टाचारको रोग बनिदिन्छ। आज कति ठाउँमा यस्ता तत्व बाध्यतामूलक छन् भने कति ठाउँमा रुपियाँ नलिएसम्म काम नगरिदिने नियम नै छ। यो प्रेरित–बाध्यताको प्रारूप हो।

ऊ गएपछि म आफ्नो मनलाई यस स्थितिबाट पन्छाउन छेवैको अर्को विभागतिर लाग्छु –साथी प्रेमप्रसादलाई पनि भेट्नुछ।

त्यस विभागमा पुग्दा देख्छु कुर्सीहरू रित्ता छन् टुक्रुक्क केही गम्दै बसेको पिउनलाई सोध्छु। उसले 'केन्टिनतिर' इसारा गर्छ। त्यतै पुग्छु ढुक्क परेर। गफिँदै छन् सबै। घडीमा समय हेर्दा चियाचमेनाको बेला सिद्धिएको हुन्छ।

गफेहरू रुपियाँको चर्चा गरिरहेका हुन्छन् । प्रेमलाई नदेख्दा एकजना साथीलाई सोध्छु–'प्रेम आएका छैनन् आज ?'

'भखरै'अफिसर' भएको, छोरीलाई स्कुलबाट डेरा छोड्न गएको छ।'

'ए.ए.....आज तपाईँहरूको काम नभएजस्तो छ नि... ?'

'काम .....काम त सधैं नै भइरहन्छ....जति गरे पनि सिद्धिने होइन...अनि हामी मात्रै घोट्टिएर के पो हुने हो र ....लुट्नेले लुटिरहेछ.....'

'किन, के भो र यस्तो निराशा ?'

'साच्चै, साथी हो दिवाकरलाई त थाहै न र'छ...'

मैले कुरो बुझिनँ। प्रश्नसूचक दृष्टिले उनीहरूतिर हेर्छु।

ऊ बोल्छ–'आफ्नै कार्यालयको कुरो नि त। अस्ति मेरै साहेबले 'टुर'बाट फर्केर 'बिल' दियो भुक्तानका लागि....'

'नौलो के भो त ?'

'अट्ठाइस हजार असी रुपियाँ.....पादेको पनि पैसा जोडेको छ....कलकत्ता–गुवाहाटी अनि अट्ठाइस हजार असी....हास्यास्पद होइन ?....साल्लेऽ....'सबै हा हा हा गर्दै हास्न थाल्छन्। वर्तमान मानव प्रवृत्तिप्रतिको उच्छ्वासजस्तो लाग्छ। अनि साथिहरूको यो हाँसो मलाई हास्यास्पद लाग्छ,उनीहरू कुन ठाँउमा सही छन् । कम्पनीले हामीलाई जहाँ एकएक मिनटको पैसा दिन्छ–यसरी गफिफनु के त्यसको उपयोगिता हो ? यसको भरपाईको जिम्मेदार को ? म प्रवृत्तिको अन्त्यबारे सोच्न थाल्छु, तर आरपार केही देखिन्न।

त्यस विभागबाट फर्किँदा सोच्दछु कहीं म पनि त्यस प्रवृत्तिमा प्रत्यक्ष–परोक्ष संलग्न त भइरहेको छैन जुन कम्पनीले हामीलाई दालभात दिएको छ हामी त्यसैप्रति आघात गरिरहेछौं। हामीले कसलाई ठगिरहेछौं ? आफैलाई ? कम्पनीलाई ? वा,राष्ट्रलाई ? हाम्रो विचारधारा कता गइरहेछ ?

फर्केर,म यिनै कुरा सोच्दै बैङ्क जानुपर्ने आफ्नो दैनिक कार्यको काम तयार पारिरहेछु।

तयार पार्दापार्दै समय धेरै पर सरिसकेको हुन्छ। छिटोछिटो ग्यारेजसम्म पुग्छु र चालक भाइलाई यताउति खोज्छु.....कहीँ छैन। यतिबेला त ऊ कतै नजानु पर्ने हो। उसलाई थाहै छ–यो बैङ्क जाने समय हो ....म प्रशासनको



कर्मचारीछेउ गई सोध्छु....हाम्रो ड्राइभरलाई कतै पठाए कि ! प्रशासनका अधिकारीलाई भेट्दा उनले हाम्रो चालक साहेबकी स्वास्नीलाई लिएर अस्पताल गएको कुरा जनाउँछन् औ थप्छन् अस्पतालबाट ऊ बजार पुगेर घर फर्किने कुरो....।

राम नामको लुट यहाँ पनि मच्चाएका छन् अवसरवादीहरूले।

म पर्खिबस्छु।

आधा घण्टापछि गाडी घुइँक्याउँदै चालक भाइ आइपुग्छ।

एक मिनेट पनि नबिसाई हामी बैङ्कतिर लाग्छौँ। बैङ्कको सन्मुख पुग्दा एउटा हुलले स्वागत गर्छ।

'के भयो ? किन यत्रा मानिस जोरिएका ?'मेरो जिज्ञासा हुलको एकजनासित।

'बैङ्कको मेनेजरले घोटाला गरेछ। पैसै चाटेर बिना 'सिक्युरिटी'–कै लोन दिएछ, त्यो पनि पाँच लाखको....सी.बी.आई.ले सोधपुछ गर्दैछ....।'

'छ्या !....' मेरा मुखबाट अनायासै निस्किन्छ। म फर्किएर गाडीको सिटमा बस्तछु।

चालकलाई थाहा छैन। ऊ ठान्दछ काम सिद्धियो होला। उसले गाडी घुइँक्याउँदै कार्यालय पुऱ्याउँछ।

दिउँसोभरिको थकित साँझ डेरा फर्केर पहिले लुगा फुकालीवरि स्नानगृहमा पस्दछु। दुई बाल्टी पानी खन्याएपछि केही शान्ति लाग्छ।

श्रीमतीलाई चियाको आदेश दिँदै आजको अखबार हेर्न थाल्छु। पहिलो पृष्ठमै देशका वरिष्ठ नेताले चारा घोटालामा करोडौं रुपियाँ पच पारेको विस्तृत व्योहोरा हुन्छ। अर्को पातो पल्टाउँछु देशका मान्यवर प्रशासनिक अधिकारीले प्रतिबन्धित उग्रवादी सङ्गठनसित मिलेर सरकारी गुप्त योजनाको खुलासा गरेको सम्पूर्ण विवरण तस्बिरसहित प्रकाशित भएको हुन्छ।

श्रीमती चिया लिएर आइपुगेकी हुन्छिन्। अखबारलाई एकातिर हुत्याइदिन्छु

र चिया पिउन थाल्छु। हुत्तिएको अखबारको अन्तिम पृष्ठले मैतिर हेरिरहेको हुन्छ। त्यस पृष्ठामा पनि दक्षिण अफ्रिकाका पूर्व कप्तान हैँसि क्रोनिए मैच फिक्सिङ औ सट्टेबाजीको वर्णन बडाबडा अक्षरमा छापिएको हुन्छ....।

भोलि बिहानै सम्पादक कथा लिन आउने कुराले झन मेरो गिदी टनटनाउन थाल्छ।

'सुन्नु भो, कम्पनीको काम हेर्न आउनुहोस्....' श्रीमती पाककोठाबाट चिच्याउँछिन्।

'के भो र?'

'आज पाककोठाको पक्का (भुइँ) बनाउन आएको थियो।'

'अन्त के भो त?'

'अहिले हिँडदा त ह्वास्स भुइँ धस्सिएजस्तो छ....।'

'भुइँ धस्सिने रे!' म पाककोठामा पुग्छु। कुचेर हेर्छु –अँ हो त,साच्चै धस्सिँदैछ....। कम्पनीले त पुरै पैसा दिन्छ फेरि यो धस्सिने अवस्था किन?......अनि कन्ट्रयाक्टरलाई भन्नुपथ्र्यो.....किन नभनेको?.....

बालुवै बालुवा थुपारे सम्याउँदै गर्दा त भनेको थिएँ....

......केही बोलेन, पाजी..... लुट्न मात्रै खोज्छ...

'भन्थ्यो–बाबुजी,हामीले पनि त पेट भर्नु छ.....सबै पक्को पाऱ्यो भने त फेरि काम कहाँ भेटिन्छ र.... केही भत्के–बिग्रे दुई–चार महिनापछि फेरि 'रिपोर्ट' लेखाउनु होला......आइहाल्छौं। बनाइदिहाल्छौं.... तपाईँको केही जाला भएन ......हाम्रो ज्यान पालिन्छ.......' श्रीमतीको जवाफ सुनेर म सोच्दछु 'कम्पनी' भन्ने शब्द कति निरीह रहेछ!

ममा अब केही सुन्ने धैर्य रहेको हुँदैन। बाहिर रात परिसकेछ। अँध्यारो,चकमन्न। पतलुन–कमेज फुकाल्छु र खाटमा पल्टिन्छु।

पल्टनासाथ फेरि सम्पादकको याद आउँछ–' दिवाकरज्यू,एउटा कथा



चाहियो'–कति धोको होला उसको। राम्रो साहित्य छपाएर वर्तमान औ आगत पिढीलाई एउटा स्वस्थ परिवेश सृजना गर्नमा सहायता पुऱ्याउने। ऊ कति घरको दैलो ढकढकाउँदै होला–'....लेख चाहियो,कविता चाहियो,जीवनी चाहियो....।'

तर लेखक पनि त उत्तिकै असहाय हुन्छ–अव्यवस्थित संरचनाप्रतिको असहायले ऊ पिरोलिनसम्म पिरोलिएको हुन्छ–साहित्य समाजको ऐना अरे–के यही लिएर उभिनु?....

सम्पादकको कुरा सम्झँदा–सम्झँदै श्रीमतीलाई डाक्छु र भन्छु–'भोलि बिहान सम्पादक आएको खण्डमा भनिदिनु म हिजोदेखि घरमै छैन....।'

**शब्दार्थ** –

**संरचना**–कुनै वस्तु अथवा तत्त्व आदिको निर्मित ढाँचा वा किसिम,बनावट। **भाका**–प्रतिज्ञा। **क्षुब्ध**–क्रुद्ध, रिसाएको। **भुक्तान**–तिर्नु वा चुक्ता गर्नु। **नुगेर**–निहुरिएर। **परिपूर्ति**–परिपूर्ण हुने काम। **प्रारूप**– कुनै प्रतिवेदन,लेख आदिको प्रारम्भिक रूप। **इशारा**–इसारा, सङ्केत। **उच्छ्वास**–गुम्सिएको पीर श्वासको रूपमा बाहिर निस्कने काम। **जिम्मेदार**–जिम्मेवार,अभिभारा बहन गर्ने। **हूल**–जमात। **प्रतिबन्धित**–रोक लागेको। **सट्टेबाजी**–एक खालको आधुनिक जुवा।

**प्रश्न :**

**(क) अति छोटा प्रश्न (हरेक प्रश्नको मूल्याङ्क १)**

१. 'अव्यस्थित संरचना' कथाकार गिरीको कुन कथा सङ्ग्रहमा समाविष्ट छ?

२. खडगराज गिरीको 'अव्यस्थित संरचना' कथामा कहाँको पृष्ठभूमि छ?

३. 'अव्यस्थित संरचना' कथाको नायक को हो?

४. गजेन्द्र साथीहरूसँग के विषयमा कुरा गरिरहेको थियो?

५. प्रेम अफिस आउनुमा ढिलो हुनुको कारण के हो ?
६. हैंसी क्रोनिए को हुन् ?
७. सम्पादकको धोको के थियो ?
८. कथाकारले दोस्रोपटक सम्पादकलाई भेट गर्न नचाहेको कारण उल्लेख गर।
९. दिवाकरले सम्पादकलाई के दिने बाचा दिएका थिए ?
१०. सम्पादक किन लेखकहरूका ढोका ढकढकाउन पुग्दथे ?

**( ख ) छोटा प्रश्न ( हरेक प्रश्नको मूल्याङ्क २ वा ३ )**

१. समाचारपत्रको दोस्रो पृष्ठको प्रमुख समाचार के थियो।
२. कथाकार गिरीका अनुसार लेखकहरूको दुर्भाग्यको विषय के हो ?
३. कथाकारले कुन स्थितिलाई प्रेरित बाध्यताको प्रारूप भनेका छन् ?
४. दिवाकरले बेङ्क जानुअघि र बेङ्कमा कस्ताकस्ता समस्या झेल्नु परेको थियो ?
५. 'अव्यस्थित संरचना' कथामा लेखक कस्तो धर्मसङ्कटमा परेका छन् ?

**( ग ) लामा प्रश्न ( मूल्याङ्क ४ वा ५ )**

१. पूर्वाञ्चलीय नेपाली कथामा खडगराज गिरीको कस्तो योगदान छ ?
२. 'अव्यस्थित संरचना' कथाको कथानक लेख।
३. साहित्यलाई समाजको दर्पण हो भन्नुको तात्पर्य स्पष्ट गर।
४. कथाकारले कथा नलेख्नुको कारण के हो ?
५. 'अव्यस्थित संरचना' कथामा के–कस्तो सामाजिक परिस्थितिको उल्लेख गरिएको छ ?

**( घ ) प्रसङ्गसहित व्याख्या गर ( मूल्याङ्क ४ वा ५ ) –**



१. 'जुन साहित्यले विश्वमा क्रान्ति ल्यायो आज त्यही साहित्यप्रति मानिसको विपरीत मनोभाव छ।'
२. 'तर लेखक पनि उत्तिकै असहाय हुन्छ–'

**खडगराज गिरीको कथागत प्रवृत्ति :**

नयाँ ढाँचा र शैली अपनाएर कथालेख्ने कथाकार गिरी एक यथार्थवादी कथाकार हुन्। प्रस्तुत कथालगायत प्रायजसो कथाको पृष्ठभूमि तेलनगरी डिगबै तथा असम रहेकोले उनलाई आञ्चलिकतावादी कथाकार भन्न सकिन्छ। गिरीका हालसम्म प्रकाशित पाँचैवटा कथा सङ्ग्रहमा समेटिएका कथाहरूको अध्ययनबाट उनी छोटा आयामका कथा लेख्न रचाउने कथाकार हुन् भन्ने थाहा हुन्छ। उनले केही लामा कथा पनि लेखेका छन्। उनका प्रकाशित कथाहरूको आधारमा उनको कथागत प्रवृत्ति बुँदागतरूपले यसरी उल्लेख गर्न सकिन्छ –◦ यथार्थवाद ◦ आञ्चलिकतावाद ◦ जातीय अस्मिताप्रति सजगता ◦ शोषण,भ्रष्टाचार र अन्यायको उल्लेख ◦ विद्रोहको सट्टा निराशा र पलायन ◦ नयाँ ढाँचाको प्रयोग ◦ विनिर्माणवादी कथा लेखनको प्रयास ◦ छोटो आयाम ◦ वाक्यको समाप्तिपछि पूर्ण विराम( ।)को सट्टा फुल स्टाप( . )को प्रयोग ◦ विचलनयुक्त वाक्य ◦ स्थानीय भाषा तथा नेपालीमा अप्रचलित तत्सम शब्द( उदा.प्रजन्म –पिँढी )को प्रयोग ◦ कथामा मानवेतर पात्रको पनि सनावेश। तर यहाँ एकरूपताका लागि उनका कथामा प्रयुक्त फुल स्टपको ठाउँमा विराम प्रयोग गरिएको छ।

**पाठबोध :**

तेल नगरी डिगबैको पृष्ठभूमिमा लेखेको खडगराज गिरीको प्रस्तुत कथा कथा लेखनको पारम्परिक ढाँचादेखि भिन्न तरिकाले नवीन ढाँचामा लेखिएको छ। प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको यस कथाको प्रमुख पात्र कथाकार आफैँ हुन् । समाज रूपान्तरमा साहित्यको अहम भूमिका रहिआएको छ। तर, आजको

छिमलका मानिसहरूको साहित्यप्रति सकारात्मक दृष्टिकोण देखिँदैन। फेरि भएन, साहित्य समाजको दर्पण हो भन्ने मान्यता आत्मसात गरेर हुर्किएका कथाकार आजको समाजमा देखापरेको उग्रवाद,दुर्नीति,भ्रष्टाचार,काम चोर्ने मानसिकता आदि देखेर बिरक्तिएका छन्। यस्तो स्थितिमा उनलाई एकजना सम्पादकले कथा लेखिदिने आग्रह गर्छन् । तर, उनी दर्पणमा यस्तो अनुहार उतार्न चाहँदैनन्। त्यसैले उनले यहाँ कथा नलेखेको कुरो उल्लेख गरेका हुन्।

**शिक्षण निर्देशन :**

असमेली नेपाली कथा साहित्यको बारेमा संक्षिप्त जानकारी गराउने,कथाका तत्त्वहरूको छोटो चिनारी गराउने, विनिर्माणवादको आभास दिने। व्याकरण अंशमा पदयोग र पदवियोगको,पदमा ह्रस्व र दीर्घ हुने नियमको जानकारी गराउने।

• • •

# साहित्य सुधा

**धरणीधर कोइराला**

**पाठ चयनको उद्देश्य :**

साहित्य सुधा कवितामा साहित्यले पृथ्वी–श्रेष्ठ प्राणी मानिसको जीवनलाई अझ सार्थक तुल्याउँछ, भन्ने भाव व्यक्त गरेको छ । साहित्यको गुण, उपकारिता, महिमा र मानिसलाई साहित्यप्रति रुची ल्याउने कविता 'साहित्य सुधा' हो। यस प्रकारको कविताले मानव जीवनको मूल्यबोधको ज्ञानका साथै मानवहित र कल्याणको काम गर्ने हुनाले यसलाई पाठ्यपुस्तकमा चयन गरिएको हो।

**कवि परिचय :**

कवि धरणीधर कोइराला(शर्मा)को जन्म २७ जनवरी १८९२ नेपालको जनकपुर अञ्चलको रामेछाप जिल्लाअन्तर्गत बेताली गाउँमा भएको हो। उनलाई दुम्जाली कविका रूपमा पनि चिनिन्छ। प्राथमिक शिक्षा स्थानीय स्कुलबाट सुरू भएपश्चात उच्च शिक्षा–बी.ए र बी.टी कोलकाताबाट पुरा गरे। उनी नेपाली साहित्यमा क्रान्तिपूर्वका नाम चलेका कवि हुन्। उनले सन् १९१८ देखि दार्जिलिङमा अध्यापन थालेपछि त्यहाँ उनको नेपाली साहित्यका दिग्गज पुरूष पारसमणि प्रधान र सूर्यविक्रम ज्ञवालीसँगको सानिध्य हुन्छ। **'सुधपा'** नामक यी त्रि–रत्नले नेपाली साहित्यमा धेरै योगदान पुऱ्याए। सन् १९२४ मा दार्जिलिङमा नेपाली साहित्य सम्मेलनको गठन हुँदा उनको अहम् भूमिका थियो । उनका पुस्तक रूपमा सन् १९२० मा **नैवेद्य** र सन् १९४७ मा **स्पन्दन** र **भागवत गीताको नेपाली अनुवाद** आदि छन् साथै भारतबाट प्रकाशित 'गोर्खा–संसार', गोर्खाली आदि धेरै

पत्रिकाहरूमा कोइरालाका रचना प्रकाशित भएका छन्। उनका कवितामा नेपाली जातिको उन्नति, पछौटे जातिको सुधार, कुसंस्कार, अन्धविश्वासको विरोध र शिक्षाको प्रचारमा महत्त्व दिएको पाइन्छ। उनले मानवको कार्यलाई धार्मिकता, नैतिकता र ईश्वरीय दृष्टिकोणबाट हेर्थे। त्यसर्थ साहित्य रचनाका साथै समाज सेवामा पनि उनको योगदान धेरै रहेको पाइन्छ। शिक्षक पदबाट अवकाश लिएपछि उनले जनप्रतिनिध हुने आग्रहले एम.एल.ए.को पदमा चुनाव लडेका थिए।

**सम्मान र पुरस्कार** : राष्ट्रिय जागरण र जातीय स्वभिमानको बिगुल फुक्ने कोइरालालाई 'नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान'ले सन् १९७५ मा 'त्रिभुवन पुरस्कार' प्रदान गरेको थियो। सन् १९८० मा कोइरालाको देहान्त भयो।

**मूल पाठ :**

अति सुन्दर मानव जीवन यो
अझ् सुन्दर पार्नु कसो गरि हो ?
गरि काव्य–सुधा रसपान अरे
गर मानव–जीवन सार्थक रे।।

न त झाँक्री न त वैद्य न ज्योतिषिले
उपचार गरीकन शान्ति दिने
बुझ काव्य–सुधा–रस औषधी हो।।

सब कल्मष नाशि सुकाउँछ यो
मन–मोद विनोद गराउँछ यो
दुःख दुर्दुर पारि हटाउँछ यो
मन फुर्फुर पारि नचाउँछ यो।।

झगरा तकरार छिनाउँछ यो
सब नीच र ऊँच भुलाउँछ यो



अति उत्तम ज्ञान दिलाउँछ यो
मणितुल्य छ यो नलिने पशु हो।।

महझैं छ मिठो बह पार्छ पिठो
तहलाउँछ यो मनलाई छिटो
पढी भाइ सबै अब काव्य मिठो
मन माझि गरौं निज बुद्धि ढिटो।।

मनलाई नमाझि हुँदैन हरे
मन स्वच्छ नभै सुख छैन भरे
मन–शूल–निवारण–कारण यो
गुन काव्यसरी अरू के छ मिठो ?

पढ पूर्व र पश्चिम उत्तरका
अरू दक्षिणका कविका कविता
कविता कृति वा कविता–सरिता
बिच हेलिनु पर्छ त है अब त।।

अनि निर्मल ज्योति विकास गरी
भरि मातृ–भँडार प्रकाश गरी
मनका शुभ भाव अनेक थरी
छरि जाति–सुधार गरौं नडरी।।
नहिँ ता यस मानव जीवनको
गति व्यर्थ छ यो अकृतार्थ भयो
यस हेतु यहाँ विनती यही हो
पिउ काव्य–सुधा–मधु मानव हो।।

**शब्दार्थ :**

सार्थक–सफल,अनुकूल। झाँक्री–झारफुक, तन्त्र–मन्त्रद्वारा रोगीलाई उपचार गर्ने व्यक्ति,धामी। शूल – पीडा, व्यथा, काँडो। बह–मनको पीर, वेदना। कल्मष–पाप, कुकर्म, मयल। व्यर्थ– विना अर्थको, अर्थहीन। निवारण– मेटाउनु, रोकावट गर्नु, हटाउनु। सरिता–नदी । सुध–अमृत । अकृतार्थ– असफल। भँडार– ढुकुटी।

**प्रश्न :**

**क. अति छोटा प्रश्न। ( प्रति प्रश्नको मूल्याङ्क –१ )**

१. कवि धरणीधर कोइरालाको कुनै एक कृतिको नाम लेख।
२. 'सुधा'को अर्थ पाठको आधारमा लेख।
३. मन–रोग निको पार्ने औषधी के हो ?
४. 'सब कल्मष नाशि सुकाउँछ' यो पङक्ति कुन कविताबाट लिइएको हो ?
५. 'सरिता' शब्दको अर्थ लेख।

**ख. छोटा प्रश्न। ( प्रति प्रश्नको मूल्याङ्क –२ वा ३ )**

१. कवि धरणीधर कोइरालाका कुनै दुई कृतिको नाम लेख।
२. मानव जीवन कसरी सार्थक तुल्याउन सकिन्छ ? पाठको आधारमा उत्तर देऊ।
३. साहित्यलाई किन उत्तम ज्ञान भनिएको हो ? पाठको आधारमा उत्तर देऊ।
४. 'मनलाई नमाझि हुँदैन हरे' भन्नुको तात्पर्य के हो ? खुलस्त पार।
५. साहित्य सुधा कवितामा कविले के गरेका छन् ?

**ग. लामा प्रश्न ( प्रति प्रश्नको मूल्याङ्क –४ वा ५ )**

१. साहित्य सुधा कविताका कविको परिचय लेख।
२. हाम्रो यो सुन्दर मानव जीवनलाई कसरी अझ सुन्दर पार्ने भनेर कवि भन्दछन् ?
३. साहित्य सुधा कविताको मूल भाव के हो ? लेख।
४. कविले मनरोगलाई कसरी मेटाउन सकिन्छ भनेका छन् ? खुलस्त पार।
५. 'छरि जाति–सुधार गरौं नडरी' भन्नुको तात्पर्य के हो ?



**घ. सप्रसङ्ग व्याख्या गरः( मूल्याङ्क ५ गरेर )**

१. न त झाँक्री न त वैद्य न ज्योतिषिले
उपचार गरीकन शान्ति दिने
बुझ काव्य–सुधा–रस औषधी हो।।

२. झगरा तकरार छिनाउँछ यो
सब नीच र ऊँच भुलाउँछ यो
अति उत्तम ज्ञान दिलाउँछ यो
मणितुल्य छ यो नलिने पशु हो।।

३. मनलाई नमाझि हुँदैन हरे
मन स्वच्छ नभै सुख छैन भरे
मन–शूल–निवारण–कारण यो
गुन काव्यसरी अरू के छ मिठो ?

**पाठबोध :**

मानव जीवन अति सुन्दर छ। त्यसलाई अझ सुन्दर पार्न काव्य रस पान गर्नु पर्छ। काव्यगुणको विशालताले आपसमा रहेको वैरीभाव मेटाउनका साथै मन स्वच्छ र पवित्र पार्छ। देश विदेशका रचना पढेर आफ्नो जातिभाइमा त्यसको प्रभाव फैलाएर आफूसँगै जाति र देशको सुधार गर्नु पर्छ तब मात्र हाम्रो जीवन सार्थक हुन्छ।

**शिक्षण निर्देशन :**

कवितामा उल्लेखित हिज्जेलाई आजको परिप्रेक्षमा सच्याउन लगाउने। कविताका केही पङक्तिहरू पनि कण्ठ गराई विद्यार्थीहरूलाई आवृत्तिका लागि प्रयास गराउने।

●●●

# नचिनिने भएछौ

**–अगमसिंह गिरी**

**पाठ चयनको उद्देश्य :**

आफ्नो जातीय अस्तित्व बिर्सन लागेका जातिलाई आफ्नो व्यतित अतीतको समृद्धशाली इतिहासलाई दर्शाएर आज सजग पार्न प्रेरित गराउनु नै कविता चयनको मुख्य उद्देश्य हो।

**कवि परिचयः**

कवि अगमसिंह गिरीको जन्म भारतको दार्जिलिङ जिल्ला अन्तर्गत चान्दमारीमा सन् १९२९ मा भएको हो। शैक्षिक दृष्टिकोणले अधुरो शिक्षा भए तापनि काव्यगत प्रतिभाले कवि गिरीले नेपाली साहित्यलाई अमूल्य योगदान दिएका छन्। आधुनिक धाराको एक सबल कविका रूपमा स्वच्छन्दतावादी धारालाई अपनाउँदै आफ्ना काव्य रचनाद्वारा प्राकृतिकजगत,राष्ट्रप्रेम,जातीय चेतना र गरिमा,जाति र संस्कृतिप्रति माया र अनुराग कविले प्रशस्त मात्रामा देखाएका छन्। उनको कवि हृदय मानवमनका गहिराइमा बढी डुलेको छ। कविले मानिसका वाह्य विवशता र सञ्चित वेदना र पीडालाई कवितात्मक अभिव्यक्ति दिएको पाइन्छ। आफ्नो देश माटो जाति र चियाबारी दार्जिलिङलाई माया गर्ने संवेदनशील कवि गिरीले **'प्रशवको चिच्याहट' 'जागित्रे भईरहन्छु'** जस्ता क्रान्तिकारी कविता रचना गरेर आफूभित्रको जातीय योद्धाको परिचय दिएका छन्। उनका



प्रकाशित कृतिहरू छन् – **'याद'** (सन् १९५५,लामो कविता),**'आँसु'** (सन् १९५६, गीति काव्य), **'जीवन गीत'** (सन् १९६०,कविता सङग्रह), **'आत्म-व्यथा'** (सन् १९५४,कविताको सँगालो), **'युद्ध र योद्धा'** (सन् १९७०, खण्डकाव्य), **'जलेको प्रतिविम्ब रोएको प्रतिध्वनि'**(सन् १९७८,कविता सङग्रह)। विम्ब अलङ्कार, प्रतीक योजनाका साथै छन्द लय र साङ्गीतिक लयको प्रयोगले आफ्ना रचना प्रभावकारी बनाउन सफल हुने कवि गिरीको ३१ जनवरी १९७० मा देहान्त भयो। कविले जीवनकालमा गरेको साहित्य सेवाका निम्ति प्रशंसा, सम्मान स्वर्ण पदक,भानु पुरस्कार (सन् १९७९) रत्नश्री पदक प्राप्त गर्न सफल भएका छन्। उनको मृत्युले साहित्य जगत्मा ठुलो क्षति भएको छ।

**मूल पाठ**

तिमी त यहाँ नचिनिने भएछौ।
गालाका रगतहरू सुकिसकेछन्
आँखाका ज्योति सब हराइसकेछन्
तिमी त रुँदा–रुँदै निदाएको बालकजस्तो
कठोर कारागारको यातना भोगी विरक्त बन्दी जस्तो
गाँस खोसिएको बास लुटिएको विह्वल हतभागी जस्तो
कस्तो–कस्तो भएछौ,
तिमी त यहाँ नचिनिने भएछौ।
अतीत गौरवले धपक्क बलेको अघिको चहकिलो अनुहारमा
ग्लानिका विषाक्त रेखाहरू कोरिएछन्
पहाडका वैशाखी वनमा
तिमी जंगली फूलझैं हँसिलो देखिन्थ्यौ
तर अब त चेहरामा तिम्रा

विषादका काला धर्साहरू कोरिएछन्
चोटमा भुक्नु होइन बरु सहनु सिकेछौ
अब त अर्कै अर्कैजस्तो भएछौ,
तिमी त यहाँ नचिनिने भएछौ।
'तिमी को हौ' -चिनाउन आएको होइन म
बितेका गौरव-गाथा कहन आएको होइन म
तिम्रा सन्तप्त छातीका पीरहरू उखेल्न आएको होइन म
सजिलै खोसिएको गाँस
हलुकै लुटिएको बास दिलाउन आएको होइन म
छातिको त्यो गहिरो खोपिल्टा पुर्न आएको होइन म
निर्धा आँशुका धारा हेर्न आएको होइन म
केवल तिमी 'तिमी' नै हौ कि चिन्न आएको म
तर, तिमी ता यहाँ नचिनिने भएछौ।

**मूलभाव :**

कवि अगमसिंह गिरीले नचिनिने भएछौ कविता मार्फत नेपालीहरूको दयनीय स्थितिलाई झल्काउन खोजेका छन्। भारतमा बसोबास गर्ने गोर्खाली(नेपाली)हरू दिन-हीन गरिब भएको अनुभव गर्छन्। जातीय गौरवमय इतिहास आज म्लान पर्दै गएको छ, वीर गोर्खाको अस्तित्त्व विश्वलाई चिनाउने यो जाति आज कमजोर भएको अनुभव गर्दै, उनीहरूको समस्या समाधान गर्न होइन, मात्र आफ्नो परिचय पो बिर्सने हुन् कि भन्ने विचार-सरल सहज भाषामा कविले प्रस्तुत गर्न खोजेका छन्।

**शब्दार्थ :**

नचिनिने - चिन्न नसकिने, पराई। ज्योति - उज्यालो, प्रकाश। कारागार - जेल, कैद, बन्दीगृह। हतभागी - अभागी, भाग्यहीन। विह्वल - मनमा शान्ति



नभएको, चिन्तित, दु:खी। भुक्न- प्रतिवाद गर्न, विरोध गर्न। बास- घर, बस्ने थलो। खोपिल्टा- साँघुरिएको प्वाल, सानो प्वाल वा खाल्डो। ग्लानि- पश्चाताप, शारीरिक वा मानसिक थकाइ। विषाक्त- विषालु, विषले भरिएको। चेहरा- अनुहार, मुहार। गाँस- खाने कुरा, एक पल्टमा मुखमा हालेर खाने कुनै खाद्य। गौरव- महिमा, इज्जत, सम्मान। गाथा- सत्य घटनामा आधारित गीतिकथा,गुणगान।

**प्रश्न :**

**क. अति छोटा प्रश्नः ( प्रति प्रश्नको मूल्याङ्क १ नम्बर )**

१. नचिनिने भएछौ नामक कविताका कविको नाम लेख।

२. अगमसिंह गिरीको कुनै एक कविता सङ्ग्रहको नाम लेख।

३. अगमसिंह गिरीको कुनै एक खण्डकाव्यको नाम लेख।

४. अगमसिंह गिरीको जन्म कहिले भएको हो?

५. अगमसिंह गिरी मूलतः कुन धाराका कवि हुन्?

६. अगमसिंह गिरीले भारतको कुन राज्यमा जन्म ग्रहण गरेका थिए?

७. 'गाथा' भनेको के हो?

८. विह्वलको अर्थ लेख।

९. 'चोटमा भुक्नु होइन बरु सहनु सिकेछौ' -उक्त पद्यांश कुन कविताबाट लिएको हो?

१०. 'तिमी ता जंगली फूलझैं हँसिलो देखिन्थ्यौ' यस पद्यांशको कविताका कवि को हुन्?

**ख. छोटा पश्नः ( प्रति प्रश्नको मूल्याङ्क २ वा ३ नम्बर )**

१. अगमसिंह गिरीले रचना गरेका खण्डकाव्यहरूको नाम लेख।

२. 'वैशाखी वन' कस्तो ठाउँलाई भनिन्छ?

३. 'जंगली फूलझैं' भनेको के हो ? अर्थ स्पष्ट पार।

४. 'तिम्रा सन्तप्त छातीका पीरहरू उखेल्न आएको होइन म' भन्नुको तात्पर्य के हो ?

५. यस कवितामा कविले कसको गाँस खोसिएको र बास लुटिएको भनेका हुन् ?

६. तिमी ता नचिनिने भएछौ भनेर कसलाई भनिएको हो ?

७. कविले कसको अतीत गौरवको कुरा गरेका छन् ?

**ग. लामा प्रश्नः ( प्रति प्रश्नको मूल्याङ्क ४ वा ५ नम्बर )**

१. अतीतमा गोर्खाहरूको शारीरिक र मानसिक अवस्था कस्तो थियो ? कविताका आधारमा वर्णन गर।

२. वर्तमानका नेपालीहरूको अवस्था कस्तो छ ? कविताका आधारमा वर्णन गर।

३. *तिमी त नचिनिने भएछौ* कविताको मूलभाव लेख।

४. अगमसिंह गिरीको परिचय छोटकरीमा लेख।

५. अगमसिंह गिरीका कविताहरूको विशेषता उल्लेख गर।

६. 'तिमी त यहाँ नचिनिने भएछौ'–भन्नुको तात्पर्य व्याख्या गर।

**घ. सप्रसङ्ग व्याख्या गर ( प्रति प्रश्नको मूल्याङ्क ५ नम्बर )**

१. 'अतीत गौरवले धपक्क बलेको अघिको चहकिला अनुहारमा
ग्लानिका विषाक्त रेखाहरू कोरिएछन्'

२. 'तिमी जंगली फूलझैं हँसिलो देखिन्थ्यौ
तर अब त चेहरामा तिम्रा
विषादका काला धर्साहरू कोरिएछन्'

३. 'चोटमा भुक्नु होइन बरु सहनु सिकेछौ
अब ता अर्कै अर्कैजस्तो भएछौ,'



४. 'निर्धा आँशुका धारा हेर्न आएको होइन म
केवल तिमी 'तिमी' नै हौ कि चिन्न आएको म
तर, तिमी त यहाँ नचिनिने भएछौ।'

**पाठबोध**

आफ्नो जातीयताको बोध हुनु,गौरवशाली अतीत थाहा हुनु,निजको गरिमा महिमाको बखान गरी भविष्यका लागि स्वाभिमानी हुने प्रेरणा प्राप्त होस् भन्ने उद्देश्य रहेको यो कविताको जातीय हितले युक्त छ।

**शिक्षण निर्देशन :**

यो कवितामा पुरानो मान्यताका हिज्जे रहेकाले आजको परिप्रेक्षमा पुराना शब्दको साटो नयाँ हिज्जे अभ्यास गर्न विद्यार्थीहरूलाई कसरत गर्न लाउने। यस खाले कविता अथवा कविताको भावलाई गद्यमा लेख्न पनि विद्यार्थीहरूलाई अभिप्रेरित गर्न सकिन्छ।

• • •

# तीजको बयान

**महानन्द सापकोटा**

**पाठ चयनको उद्देश्य :**

**तीजको बयान** नामक कविता नेपाली नारी जातिको धार्मिक चाडको विषयमा लेखिएको कविता हो। कुनै पनि चाड वा पर्व नेपाली जातिको संस्कृति र परम्पाराको वाहक हो। 'तीज' नामक चाड जातिको खुसी र आनन्द ल्याउनु पर्ने हो। मानिसका अहम्‌का विकामे ढाँचाले वर्ष दिनमा आउने चाड भनेर कति साहुका कमारो बनिए। सामर्थ्यले नभ्याए पनि रिनमा डुबेर होस् वा कुनै प्रकारले राम्रो खानु, राम्रै लाउनु भन्ने रीतिरिवाजले नेपाली जाति सर्वहरा भएर साहुको कमारो हुन पुगेका छन्। त्यसैको दुर्दशाको अवस्थालाईलाई यस कवितामा देखाइएको छ, संस्कृतिमा पर्ने चाडले मानिसलाई खुसी दिने ठाउँमा दुख बोकाउने चाडको समयोचित र 'घाँटी हेरेर हाड निल्नु पर्छ' भन्ने उक्तिको समर्थन कविले दिनु भएको छ। नेपाली साहित्यिक जगत्‌का क्रान्ति पूर्व र उत्तरका कविहरूमा प्रतिनिधित्व गर्नु, कवि सापकोटाको कविता तथा उनको 'तीजको बयान' कविता भाव, भाषा, विषय र शैलीका दृष्टिले एक नयाँ आयाम हो र यस कवितालाई पाठ्यपुस्तकमा राख्ने कारण पनि यही हो।

**कवि परिचय :**

१५ मे १८९९का दिन नेपालको मेची अञ्चलको इलाम जिल्लाको देवन्छाप गाउँमा महानन्द सापकोटाको जन्म भएको हो। क्रान्तिपूर्व सुनौलो युगका लेखनाथ



पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल तथा धरणीधर शर्मा आदि श्रेष्ठ कविहरूमा महानन्द सापकोटा एक मुख्य कवि हुन्। नेपाली शिक्षाको उद्देश्य लिएर निकै वर्ष असममा र पछि नेपालमा सामाजिक सुधारमा लागेका सापकोटा विराटनगरमा स्थायी रूपले घर बनाएर बसे। क्रान्तिपूर्वबाट कविता लेख्न सुरुवात गरेका सापकोटाले पछि गएर क्रान्तिउत्तर युगमा गद्य कविता र निबन्धसमेत उनले रचना गरेका छन्। उनका कवितात्मक कृतिहरू **मनलहरी** (झ्याउरे कविता,१९२३),**अपुङ्गो** (१९५०),**विशाल नेपाल** (१९५१),**अन्नु आशा आँसु** (१९५१),**आँटे** (१९५२) र असङ्ख्य छोटा कविताहरू छन्। क्रान्तिपूर्वका संस्कृत छन्दको परम्परामा झ्याउरे लयमा कविता लेख्ने सापकोटा क्रान्तिउत्तर युगमा भाषाशास्त्रीका रूपमा प्रख्यात छन्। उनका भाषाशास्त्रीय ग्रन्थहरू हुन् - **खस र खस भाषा** (१९६३), **चानचुन** ,**सरिशब्द** (१९६४),**जनजिब्रो, नेपाली धातु परिचय, हाम्रा क्रियान्वयी व्यञ्जना र ध्वनिको धन्दा** (१९६३), **सापकोटा निबन्धावली** (१९६२) भन्ने प्रबन्ध सङ्ग्रहमा उनका विभिन्न तर्कपूर्ण गद्य रचनाहरू सँगालिएका छन् । समाज सुधार, अन्धविश्वास र कुरीतिप्रति संस्कार, नैतिक शिक्षा दिने, शिक्षा प्रचारक र पछि गएर शोषणको विरोधमा गर्जने महानन्द सापकोटा प्रगतिवादी, क्रान्तिकारी र राष्ट्रवादी कविका रूपमा देखा परेका छन्। नेपाली भाषाको अगाध माया, श्रद्धा र प्रेमले उनलाई भाषाशास्त्रीसम्म बनाएको पाइन्छ।

**पुरस्कार :**

१. मदन पुरस्कार (१९६३) 'नेपाली निर्वचनको रूपरेखा'।

२. नेपाल प्रज्ञा प्रतिष्ठानबाट वर्षेनी दिइने 'इन्द्रराज्यलक्ष्मी पुरस्कार' (१९८१)

**मूल पाठ :**

आइपुग्यो तीज लौ ल्याउ चीज खाने र लाउने  
नभए धन काढन रीन मरेर के लाने ?

चाहिन्छ दर घीऊ र चीनी रेशमी फरिया
यसैले सारो हामीलाइ पाऱ्यो कैञाको करीया।
बिल्बिट्को चोली नभए भोलि हुँदैन पटक्क।
झम्के साल पनी चाहिन्छ अति परेको चटक्क।
यो बात छोडी पुगेको खाई पुगेको लगाई
तीर्थ र बर्त गरन बैनी बहुतै रमाई।
गर्नु छ भक्ति खोज्नु छ मुक्ति बढाउनु शक्ति छ
बिकामे ढाँचा घमण्ड ज्यादा के गर्न चाहिन्छ ?
अघिका ऋषि तपसी मुनि जङ्गल गएर
गर्दथे तप खपेर भोक शीतोष्ण सहेर।
त्यो पो हो धर्म त्यो पो हो कर्म त्यो पो हो तपस
भरेर पेट लिएर बर्त के फल पाइन्छ
खाएर हुन्न लाएर हुन्न धर्म है बैनीहो
धर्म हो कर्म सत्य र निष्ठा पवित्र चित्तको।
गहना लुगा लाएर ज्यादा शरीर सिंगारी
सन्तानलाई अब ता कोही नपार भिखारी।
भित्रिया मन अँध्यारो पारी बाहिर सिंगारी
स्वर्गको सुख पाइन्न कुछ हुइन्छ संसारी।
आहार विद्या सिंगार विद्या विद्या हो अपार
विद्याकै निम्ती चढाउ झिटी लौ होउ तयार।
यो कलिकाल यसको छ हाल बहुतै जटिल
हिंड यो सोझो सजिलो बाटो लिएर अक्किल।

**शब्दार्थः**

दर – तीजको ब्रतको अघिल्लो दिन नारीहरूले खाने दरिलो तथा अडिलो खानेकुरा।



रेशमी – एक प्रकारको किराले बनाएको टल्कने खालको तन्तु वा त्यसको धागाबाट बनिएको लुगालाई रेशमी लुगा भनिन्छ।

फरिया – स्त्रीहरूले कमरदेखि गोलीगाँठासम्म छोपिने गरी लगाउने एक प्रकारको लुगा, गुनिउँ।

करीया – करिया, किनबेच हुने नोकर, कमारो, दास, बाँधा, (चन्द्र शमशेरले यो प्रथा अन्त गरेका थिए)।

झम्के साल – झुम्को भएको साल।

मुक्ति – संकट, समस्या आदिबाट छुटकारा, मोक्ष, सिद्धि।

ढाँचा – कुनै वस्तुको बनोट, संरचना, वा खाका,कुनै वस्तुको नमुना, प्रतिकृति, नक्कल, ढर्रा, ढङ्ग।

घमण्ड – अहङ्कार।

ऋषि – आध्यात्मिक चिन्तन तथा मननमा संलग्न महात्मा, प्राय मौन रहेर तत्त्व चिन्तन गर्ने व्यक्ति, तपस्वी वा मुनि।

तप – तपस्या।

तपस – तपस्या

शीतोष्ण – ठन्डा र गर्मी, जाडो र न्यानो, चिसो र तातोको सन्तुलन भएको।

संसारी – संसारमा हुने वा पाइने, संसारमा डुल्ने वा घुम्ने, संसारको जनममरणको चक्रमा पर्ने।

सिंगार – शरीर, अनुहार आदिलाई सुन्दर पार्ने काम, सजावट, ठाँटबाँट, आकर्षण, शोभा।

झिटी – व्यक्तिगत प्रयोगमा आइरहेको सामान, कतै लैजान तयार पारिएको सामान।

स्वर्ग – पुराणअनुसार मृत्युपछि धर्मात्माहरूलाई प्राप्त हुने लोक, देवलोक, सबै सुखसुविधा भएको अति रमणीय स्थान।

अक्किल – बुद्धि, होस।

जटिल – फुकाउन वा केलाउन कठिन, गुजुल्टिएको, अल्झिएको, समाधान गर्न गारो हुने,दुरूह, दुर्बोध्य।

**प्रश्नः**

**क. अति छोटा प्रश्न : ( प्रत्येक प्रश्नको मूल्याङ्क १वा २ )**

१. 'तीजको बयान' नामक कविताको लेखक को हुन्?

२. महानन्द सापकोटाको जन्म कहाँ भएको थियो?

३. महानन्द सापकोटाले कुन कृतिमा मदन पुस्कार पाएका थिए?

४. कविको कुनै एक कृतिको नाम लेख।

५. 'दर' भन्नाले के बुझिन्छ?

६. रेशमी फरिया के हो?

७. 'कैञा' कसलाई भनिन्छ?

८. मानिसले किन भक्ति गर्छन?

९. 'शीतोष्ण'को अर्थ लेख।

१०. 'झिटी'को अर्थ लेख।

११. कविको जन्म कहिले भएको थियो?

१२. कविले इन्द्र राज्यलक्ष्मी पुरस्कार कहिले पाएका थिए?

**ख. छोटा प्रश्न : ( प्रत्येक प्रश्नको २ वा ३ नम्बर गरेर )**

१. 'तीजको बयान' नामक कवितामा के के खाने कुराको उल्लेख गरेका छन्? कविताको आधारमा उत्तर देऊ।

२. 'तीजको बयान' नामक कवितामा के कस्तो लुगाको कुरा उल्लेख गरेका छन्? कविताको आधारमा उत्तर देऊ।

३. 'कैञाको करीया' भन्नाले के बुझिन्छ?

४. मानिसले केका लागि ईश्वरको भक्ति गर्दछन्?



५. ऋषिहरूले कस्तो प्रकारले तपस्या गर्दथे? कविताका आधारमा उत्तर देऊ।

५. चिताएको फल पाउन कस्तो प्रकारको ब्रत गर्नुपर्छ?

६. धर्म भन्नाले के बुझिन्छ? पाठ्य पुस्तकको आधारमा उत्तर देऊ।

७. गहना र लुगाले केको सिंगार हुन्छ?

८. 'भित्रिया मन' को अर्थ खुलस्त पार।

९. महानन्द सापकोटालाई के कविका रूपमा चिनिन्छ?

१०. प्रकृत सिङ्गार केले हुन्छ?

११. 'धर्म हो कर्म' को अर्थ खुलस्त पार।

**ग. लामा प्रश्न : ( प्रत्येक प्रश्नको ३वा ४ नम्बर गरेर )**

१. 'आइपुग्यो तीज लौ ल्याउ चीज खाने र लाउने
नभए धन काढन रीन मरेर के लाने'? उक्त भनाइको तात्पर्यलाई खुलस्त पार।

२. 'चाहिन्छ दर घीऊ र चीनी रेशमी फरिया
यसैले सारो हामीलाइ पार्‍यो कैञाको करीया'। उक्त पद्यांशको अर्थ स्पष्ट पार।

३. 'तीजको बयान' कवितामा कविले नारीहरूलाई कस्तो किसिमको तीर्थ र ब्रत राख्न आह्वान राखेका छन्?

४. कविले किन बिकामे ढाँचा र घमण्ड छोड्नु भनेका हुन्?

५. 'भित्रिया मन अँध्यारो पारी बाहिर सिंगारी
स्वर्गको सुख पाइन्न कुछ हुइन्छ संसारी'। यस उक्तिको 'भित्रिया मन' र 'बाहिर सिंगार' को अर्थ स्पष्ट पार।

६. कविका दृष्टिमा कलिकाल कस्तो छ? कविताका आधारमा स्पष्ट पार।

७. अघिका ऋषिहरूको तपस्या कस्तो प्रकारको हुन्थ्यो? छोटो वर्णन देऊ।

**सप्रसङ्ग व्याख्या : ( प्रत्येकको मूल्याङ्क ५ नम्बर गरेर।**

क. 'चाहिन्छ दर घीऊ र चीनी रेशमी फरिया
यसैले सारो हामीलाइ पाऱ्यो कैञाको करीया'।

ख. 'गर्नु छ भक्ति खोज्नु छ मुक्ति बढाउनु शक्ति छ
बिकामे ढाँचा घमण्ड ज्यादा के गर्न चाहिन्छ'?

ग. 'अघिका ऋषि तपसी मुनि जङ्गल गएर
गर्दथे तप खपेर भोक शीतोष्ण सहेर'।

घ. विद्याकै निम्ती चढाउ झिटी लौ होउ तयार'।

**पाठबोध :**

'तीजको बयान' नेपाली संस्कृतिमा रहेका विकृति, विसङ्गति र कुरीति प्रथाको चलन औंल्याउन लेखिएको कविता हो। चाडमा नेपाली स्त्रीहरू (चेली-बेटी) अघिल्लो दिन खुब मिठो-मसिनो र अडिलो खान खानका साथै भोलिपल्ट दामी लुगा-रेशमी फरिया, बिल्बिट्सको चोली, मरेर लानु छ के भन्दै, ऋण गरेर भए पनि ब्रतका दिन लगाउने गर्छन्। यो सोचाइ र विचार तथा अहम् र घमण्डले नेपालीहरू अर्काको कमारो हुन पुगेका छन् । तसर्थ कविको चाहना छ,-कमारो भएर हिन-भावनामा बाँच्नुभन्दा आफ्नो हुती र सामर्थानुसारको चाड पालन गर्नु नै उचित होला। अघिका ऋषिमुनिहरूले विभिन्न प्रकारको दुखमा तप,तपस्या र आरधना गरेर मुक्ति प्राप्त गरेका थिए। त्यसैले हाम्रा कविले पनि हाम्रा नारीहरूलाई पनि सो विधि अवलम्बन गरेर मनको अँध्यारोलाई ज्ञानले हटाएर कर्म नै धर्म ठानेर चित्तलाई माझी ब्रत गर्न भन्छन्। यो कलियुगको जटिल वखतमा ज्ञानबाहेक अरू धर्म छैन र यसको लागि चाहे पैसैनै खर्च गर्नु परोस्।

**शिक्षण निर्देशन :**

१. नेपाली साहित्यको 'मकै पर्व' तथा क्रान्ति पूर्व र क्रान्ति उत्तरका मुख्य



कविहरूका शैलीगत विषेशता र प्रवृत्तिहरूको छोटो जानकारी गराउने।

२. नेपाली संस्कृतिमा तीजको महत्त्वबारे उल्लेख गर्दै यसको वर्णन गराउने।

३. विद्यार्थीहरूलाई वर्तमान मञ्चमा मनाइने तीजबारे एउटा निबन्ध लेख्न दिने।

४. कवितामा प्रयुक्त शब्दहरूलाई आजको मानक नेपाली लेखन शैलीका आधारमा सच्याउन कसरत गर्न लगाउने।

५. चाड र पर्वको फरक तथा तात्पर्य बुझाउने।

• • •

# आकाशका तारा के तारा

**हरिभक्त कटुवाल**

**पाठ चयनको उद्देश्य :**

हरिभक्त कटुवालका उत्कृष्ट रचनाहरूमध्ये यो एउटा रचना हो। हाम्रो नजिक रहेका कुनै पनि चिजलाई महत्त्व नदिएर हामी टाढाकालाई असल मान्दछौं। यस रचनाले आफ्नै छेउछाउमा रहेका उल्लेखनीय काम-कुरालाई महत्त्व दिनुपर्छ भन्ने ज्ञान बोध गराउँछ। असमेली कवि हरिभक्त कटुवालका कवितात्मक शैली र काव्य प्रवृत्तिबाट विद्यार्थीलाई परिचित गराउन यस पाठको चयन गरिएको हो।

**कवि परिचय :**

हरिभक्त कटुवालको जन्म डिब्रुगढ जिल्लाअन्तर्गत बोगिबिल भन्ने ठाउँमा २ जुलाई १९३५ मा भएको थियो। डिब्रुगढबाट बी.ए.सम्मको शिक्षा ग्रहण गरेपश्चात् असम अइल कम्पनीमा शिक्षकको जागिर गरे। साहित्यिक सांस्कृतिक जागरण ल्याउनमा उनको उल्लेखनीय योगदान छ। डिब्रुगढमा साहित्यिक परिषद् गठन गरेर असमका विभिन्न प्रान्तमा साहित्यिक चर्चा गर्न यात्रा गरेका थिए। अनुकूल साहित्यिक परिवेश खोज्दै उनी नेपालसम्म पुगेर केही समय त्यहीं बिताउँछन्। त्यहाँ महान् साहित्यकारहरूका सानिध्यमा रहेर साहित्य सिर्जना गर्छन्। आफ्नो साहित्यिक प्रतिभाको बलले उनी 'नेपाल रोयल एकाडमी'बाट सम्मान, साहित्यिक सेमिनार स्वर्ण पदक, शिक्षा मन्त्रालयबाट पुरस्कार पाउन सफल भएका थिए। नेपाली र



असमीया दुवै भाषामा कलम चलाउने कटुवालले डिगबैमा आयोजित असम साहित्य सभाको अधिवेशनमा प्रकाशित स्मृतिग्रन्थ रोदालीको सह सम्पादन गर्नुका साथै उनका अन्य धेरै असमीया कविता र रचना प्रकाशित छन्। आफ्नो जाति-समाज र देशप्रति सचेत रहने कवि आफ्ना रचनामा प्रतिक बिम्बको प्रयोग गरेर मनका पिर-व्यथा पोखेका छन्। कोमल भावुक हृदयका कविले प्रकृतिको आलम्बनका साथै यौवन र सामाजिक विडम्बनालाई आफ्ना सृष्टिको विषय बनाएका छन्। गद्य शैलीमा लेखिएका कवितामा कोमलता र माधुर्यता प्रशस्त पाइन्छ। सामाजिक थिचोमिचो र वञ्चित आफ्नो जाति समाजप्रति उनी आवाज उठाउन खोज्छन्। समालोचकहरू पूर्वाञ्चलमा कविता विधामा नयाँ परिपाटि भित्राउने कविको रूपमा कटुवाललाई मान्दछन्। उनका रचनाहरू **'सम्झना'**(गीत सङ्ग्रह -१९५९), **'भित्री मान्छे बोल्न खोज्छ'** (कविता सङ्ग्रह १९६१) **'सुधा'** (खण्डकाव्य १९६४), **'यो जिन्दगी खै के जिन्दगी'**(कविता सङ्ग्रह १९७२), **'वदनाम मेरा यी आँखाहरू'** (कविता सङ्ग्रह) **'पूर्व किरण'** (सम्पादित कविता सङ्ग्रह)। कटुवालको १० अक्टोबर १९८० मा डिब्रुगढमा देहान्त भयो।

**मूलपाठ**

प्रिय!
आकाशमा चम्किने नौलाख तारा
दुई तारा ल्याई लुर्कना बनाई
तिम्रा बुच्चा कानहरूमा
झुण्ड्याइदिन सके कस्तो हुँदो हो!
तर प्रिये!
ती तारा टाढा आकाशमा रहनाले नै
तारा छन्,
हातले टिप्नसक्ने फलझैं-

फल्दा हुन् त ती तारा पनि रूख-रूखमा
तारा नभई झटारा हुन्थे।
टाढा छन्-त्यसैले तिनको सम्मान छ,
कवि कलाकारको मुखमा
ताराको गुणगान छ,
उनीहरूकै तथ्य खोज्नमा
व्यस्त विज्ञान छ।
पृथ्वीका जीवले-
आकाशका ती तारालाई
मात्र देख्दछन् तारा,
टाढा देख्ने ती आँखाले
देख्न सकेनन् वरिपरिका
पृथ्वीका तारा,
चामे, रने, हर्के, वीरे कति तारा
छन् पृथ्वीमै तर देख्ने कसले?
तारा भएरै पनि ती बिचरा!
गाँस-बासको डोहो-डोहोले
पिई आँसुका नुनिला धारा
गनी गनी टाढाका तारा
कुकुर जस्तो हीन भएर
बिताइरहेछन् जीवन सारा
आकाशका तारा के तारा!
न उनमा छ आफ्नोपन क्यै
एक सूर्यको ज्योतिमा नै
ती ताराको अस्तित्व हराउँछ,



तर ती तारा-
हर्के,वीरे, चामे सारा
कसले चिन्ने यिनीहरूलाई
चिन्न सके त-के
एक हर्केमा, एक वीरेमा
एकेक सूर्यको शक्ति निहित छ,
एक चामेको, एक रामेको
विवेक-ज्योतिले विश्व सिँगार्छ।
अन्धो पृथ्वी अन्धा हामी
हाम्रा लागि घरको दूध पानीसरि छ,
नौलाख तारा टाढा हुनाले तारा छन्
रामे, चामे, हर्के, वीरे झटारा छन्
भयो प्रिये!
आकाशका ती तारा ल्याई
लुर्कना किन लाउने।
पृथ्वीका तारा स्याहार्न किन नथाल्ने?
प्रिये, अझै अलिक दिन बुच्चे बसिद्यौ!
बुच्चा कानमा लुर्कना होइन
पृथ्वीका रत्न बटुली
तिम्रा मनको कालो आकाशमा ज्योति सजाउँला।

**शब्दार्थः**

लुर्कना - कानमा पहिरिने एक प्रकारको गहना।
बुच्चा - गहना नलगाएको कानलाई बुच्चेकान भनिन्छ।

झटारो – बोटमा लागेको फल आदि झार्न वा अन्य कुनै प्रयोजनका लागि हातले समातेर हुत्याउने बाँस वा काठ आदिको लट्ठी।

बिचरा – दयाको पात्र, निरूपाय।

स्याहार्न – हेर–चाह गर्ने कार्य।

डोहो – खाँचो, पुगनपुग, अभाव।

नुनिला – नुन हालिएको।

दुध पानी सरी छ – मूल्यवान दुध जतातती पाइने पानीको दरमा गन्नु।

**प्रश्न :**

**क. अति छोटा प्रश्न। ( प्रति प्रश्नको मूल्याङ्क -१ )**

१. 'आकाशका तारा के तारा' कविताको कविको नाम लेख ।

२. 'डोहो' शब्दको अर्थ लेख।

३. हरिभक्त कटुवालले रचना गरेको गीत सङ्ग्रहको नाम लेख।

४. कवि हरिभक्त कटुवालको जन्म कहाँ भएको हो?

५. 'तारा भएरै पनि ती बिचरा!' यो पद्यांश कुन पाठबाट लिएको हो?

६. 'टाढा छन्–त्यसैले तिनको सम्मान छ,' यहाँ कसको सम्मान छ भनिएको हो?

७. हरिभक्त कटुवालको देहान्त कुन सन्मा भएको थियो?

**ख. छोटा प्रश्न ( प्रति प्रश्नको मूल्याङ्क -२ वा ३ )**

१. पृथ्वीका 'तारा' भनेर कविले कसलाई भन्न खोजेका छन्?

२. कविले कवितामा तिम्रा भनेर कसलाई सम्बोधन गर्न खोजेका छन्?

३. आकाशका तारा के तारा नामक कवितामा कविले हर्के, चामे, रने, वीरे भनेर कसलाई भनेको हो?

४. 'पृथ्वीका 'तारा' स्याहार्न किन नथाल्ने' ? यहाँ 'तारा' भनेर कसलाई तोकिएको हो?



५. 'तिम्रा मनको कालो आकाशमा ज्योति सजाउँला' को तत्पर्य खुलस्त पार।

**ग. लामा प्रश्न( प्रति प्रश्नको मूल्यङ्क -४ वा ५ )**

१. 'आकाशका तारा के तारा' कविताको कविको परिचय लेख।

२. आकाशका तारा के तारा कविताको मूलभाव लेख।

३. 'आकाशका तारा के तारा' कवितामा उल्लेखित नामहरू लेख।

४. 'एक सूर्यको ज्योतिमा नै ,ती ताराको अस्तित्व हराउँछ,' यस पद्यांशको अर्थ खुलस्त पार।

५. 'एक हर्केमा, एक वीरेमा एकेक सूर्यको शक्ति निहित छ,' यस पंक्तिको तात्पर्य खुलस्त पार।

**घ. सप्रसङ्ग व्याख्या गरः ( प्रति प्रश्नको मूल्यङ्क ५ )**

१. 'पृथ्वीका जीवले–
आकाशका ती तारालाई
मात्र देख्दछन् तारा,
टाढा देख्ने ती आँखाले
देख्न सकेनन् वरिपरिका
पृथ्वीका तारा,'

२. 'अन्धो पृथ्वी अन्धा हामी
हाम्रा लागि घरको दुध पानीसरि छ,'

३. 'टाढा छन्–त्यसैले तिनको सम्मान छ,
कवि कलाकारको मुखमा
ताराको गुणगान छ,'

**मूलभाव :**

असमका मूर्धन्य साहित्यकारका रूपमा कटुवाललाई मानिन्छ, जानिन्छ। नेपाल तथा असम बाहिरकाले यताका विख्यात कविका रूपमा यिनलाई मान्छन्। कवि हरिभक्त कटुवालले समाजवर्गलाई प्रिय भनेर सम्बोधन गर्दै हाम्रा गाउँ घरमा ओझेलमा परेका हर्के, वीरे, चामे रूपी रत्नलाई चिनेर तिनीहरूको सही मूल्याङ्कन गर्‍यौं भने हामी तथा हाम्रो समाज धेरै उपकृत हुने थियो भनेका छन्। हर्के वीरे चामे छेउका हुनाले हामी तिनीहरूलाई महत्त्व दिँदैनौं। अब हामीले हामीसँगै रहेका चामे,वीरे आदिलाई महत्त्व दिनु पर्छ भनी कवि आह्वान गर्छन्।

**शिक्षण निर्देशन :**

विद्यार्थीहरूलाई कटुवाल जयन्ती आयोजन गर्न सुझाउ दिने वा कसैले आयोजन गरेको छ भने हार्दिकताका साथ सहयोग गर्न अभिप्रेति गर्ने। यो कवितामा रहेका शब्दलाई नबदली केवल हिज्जे सच्याई कविता पुन लेख्न लगाउने ताकि हिज्जेको ज्ञान बढोस्। कटुवालका कवितालाई असमका कवि ज्योतिप्रसाद आगरवाला, अम्बिकागिरी राय चौधुरीलगायत अरू कविहरूका कवितासित दाँज्न प्रेरणा दिने। कटुवालले **अ मोर आपोनार देश** नेपालीमा अनुवाद गरेको जातीय सङ्गीत मौका परेको खण्डमा सबैलाई गाउन प्रेरित गर्ने।

• • •

# म रमाउन सक्ने मेरो देश

**हरि हजुरेल**

**पाठ चयनको उद्देश्य :**

कवि हरि गजुरेलको यो कविताले विद्यार्थीको मनमा आफ्नो देशप्रति प्रेम जगाउने काम गर्दछ। विभिन्न जाति धर्म निर्विवाद सबै देशवासीसँग मिलेर यो देशमा रमाउने सन्देश दिन्छ। विद्यार्थीहरूमा देशप्रेमको भावना जागृत गराउने उद्देश्यले यहाँ यो कविताको चयन गरिएको हो।

**कवि परिचय :**

कवि हरि गजुरेलको जन्म १ नभेम्बर १९४६ मा तत्कालीन दरङ वर्तमान विश्वनाथ जिल्लाको गोलिया गाउँमा भएको हो। पिताको नाम छविलाल उपाध्याय र माताको गायत्री देवी हो। प्रारम्भिक शिक्षा गोलिया एराबारी प्राथमिक विद्यालयमा गरेपश्चात् चारिआलि उच्चतर माध्यमिक बहुमुखी विद्यालयमा माध्यमिक, विश्वनाथ कलेजबाट स्नातक अनि काठमाण्डौ त्रिभुवन विश्वविद्यालयबाट उनले नेपाली स्नातकोत्तर डिग्री हासिल गरे। उनी पेशामा एकजना शिक्षक हुन्। छात्र अवस्थादेखि नै संस्था–सङ्गठनमा संलग्न रहने कवि हरि गजुरेल सन् २०१६ मा जागुनमा भएको **असम नेपाली साहित्य सभा**को अधिवेशनमा सभापतिको रूपमा निर्वाचित भए। अनेसास सभापतिको पदमा कार्यरत रहँ दै १० एप्रिल २०१८ का दिन गजुरेलको देहान्त भयो। उनका प्रकाशित कृतिहरू –**शब्द बटुल्दै** (कविता सङ्ग्रह २०००), **विचार विमर्श** (निबन्ध सङ्ग्रह २०१२), **मान्छेको**

**कथा खोज्दै** (कविता सङ्ग्रह)। यसका साथै विभिन्न पत्र-पत्रिका सम्पादन।

**पुरस्कार र सम्मान :**

अभि-जमान स्मृति ट्रष्ट, कुवेतबाट २०११ सन्को 'सपरिवार' पत्रिकाको सर्वश्रेष्ठ पत्रकारिता पुरस्कार प्राप्त। असम लगायत नेपालका विभिन्न सङ्घ-संस्थाहरूद्वारा सम्मानित।

**मूलपाठ**

तिमी मान अथवा नमान
सोच अथवा नसोच
मेरो देशको आँगनमा म रमाएको छु
नयाँ अनुहार देखाउँदै उदाएका ऋतुहरूमा
खुसी र उमङ्गले गीत गाएको छु,
प्रेम र स्वाभिमानको पाठ पढ्दै
एकलै रमाएको छु।
बुद्धको दर्शन बोकेर मेरो भवनामा
सिङ्गो भारत अटाएको छु,
नानकको गरिमा गाएर, छातीमा आँट बोकेर हिँडेको छु।
प्रतापको स्वाभिमानसँग रमाउँदै
म हिँडेको छु, गान्धी र तिलकलाई पछ्याउँदै
तिमी मान अथवा नमान
सोच अथवा नसोच
मेरो देशको आँगनमा म आँफै रमाएको छु
एकलै रमाएको छु।
गरिब होस् मेरो देश तर विशाल छ,
नाङ्गो होस् मेरो देश तर विस्तृत छ



'ॐ खम् ब्रह्म' भन्दै
सभ्यताको प्रथम ध्वनि विश्वलाई दिन सक्ने मेरो देश
'रामायण' र 'महाभारत'का कथा सुनाउँदै
न्याय र आदर्शका गीत गाउँदै
'सिन्धु' र 'कावेरी'को स्रोत सँगै
विश्वलाई समेटन पनि सक्दछ।
सोधिहेर अजन्ताका र इलोराका गुफाहरूलाई
सोधिहेर ताजमहलका मौन पर्खालहरूलाई
मन्दिर, मसजिद्, गिर्जा र गुम्बजलाई,
नामघर, गुरुद्वारा अथवा महेन्जोदारोका निर्जीव चट्टानहरूलाई।
समन्वय र सम्प्रीतिको बाँसुरी बजाउँदै
सम्मिश्रणको पाठ पढाउन सक्दछ।
त्यसैले म भन्दछु,
ए पर्यटक!
नरमाऊन् बस्तीहरू यहाँ गरिबका झुप्रासँग
नहाँसून् सहरहरू यहाँ नाङ्गा अनुहारहरूमा,
तैपनि, मेरो देश
हिमाल जस्तै उच्च छ
समुद्र जस्तै गहिरो छ।
तिमी मान अथवा नमान
सोच अथवा नसोच
मेरो देशको आँगनमा म रमाउन सक्दछु
सिङ्गो भारत छातीमा अटाउन सक्दछु।

**शब्दार्थ :**

उमङ्ग – उत्साह, स्वाभिमान –आत्म गौरव, बुद्ध – गौतम बुद्ध, नानक – सिख धर्मका प्रवर्तक गुरु नानक, ॐ खम् ब्रह्म – वेदको वाणी, त्रिपिटक – बौद्ध धर्मग्रन्थको नाम, पर्खाल – गारो

**प्रश्न :**

**क ) छोटकरीमा उत्तर लेख : ( प्रत्येक प्रश्नको मूल्याङ्कन १ )**

(१) कविले कसको दर्शन बोकेको भावना कवितामा व्यक्त गरेका छन् ?

(२) कविले कसको गरिमा गाएको बताएका छन् ?

(३) विश्वलाई सभ्यताको प्रथम ध्वनि दिने देश कुन हो ?

(४) कवितामा कवि कसको आँगनमा रमाएका छन् ?

(५) **म रमाउन सक्ने मेरो देश** कवि हरि गजुरेलको कुन कविता सङ्ग्रहमा सङ्कलित छ ?

**ख ) छोटो प्रश्न ( प्रत्येक प्रश्नको मूल्याङ्कन २ )**

(१) ॐ खम् ब्रह्म केको वाणी हो र यसको अर्थ के हो ?

(२) यस कवितामा कवि कसको स्वाभिमानसँग रमाउँदै कसलाई पछयाउँदै हिँडेका छन् ?

(३) कविले विश्वलाई समेटन सक्ने के स्रोत देखाएका छन् ?

(४) समन्वय र सम्प्रीतिको बाँसुरी बजाएर सम्मिश्रणको पाठ पढाउन सक्छ भनेर कविले के भन्न खोजेका छन् ?

**( ग ) सीमित उत्तर देऊः ( प्रत्येक प्रश्नको मूल्याङ्कन ३ अथवा ४ )**

(१) **म रमाउन सक्ने मेरो देश** कविताको सारांश लेख।

(२) **म रमाउन सक्ने मेरो देश** कवितामा आफ्नो देशप्रति कविले कस्तो भाव प्रकट गरेका छन्, वर्णन गर।

(३) **म रमाउन सक्ने मेरो** देश कवितामा कविले समन्वयको भावना कसरी



प्रकट गरेका छन् स्पष्ट पार।

**( घ ) सप्रसङ्ग व्याख्या गरः ( प्रत्येक प्रश्नको मूल्याङ्कन ५ )**

(१) बुद्धको दर्शन बोकेर मेरो भावनामा
सिङ्गो भारत अटाएको छु,

(२) तिमी मान या नमान
सोच अथवा नसोच
मेरो देशको आँगनमा म रमाउन सक्छु
सिँगो भारत छातीमा अटाउन सक्दछु

**पाठबोध :**

**म रमाउन सक्ने मेरो देश** कवितामा कविले आफ्नो अगाध देशप्रेमको भावना व्यक्त गरेका छन्। देशको गरिमामय इतिहास अँगालेर, आदर्श र स्वाभिमानसँग रमाउँदै कवि आफ्नै देशको आँगनमा रमाउन चाहन्छन्। उनले विविधतामा एकताको समन्वय र सम्प्रीतिको भूमि यो देशमा सबैसँग रमाएर बाँच्ने आफ्नो भावना व्यक्त गरेका छन्।

**शिक्षण निर्देशन :**

देशभक्तिमूलक कविताको खाँचो छ । देशप्रेमलाई विषयवस्तु बनाई कविता लेख्ने कविहरूको परिचय दिने। विद्यार्थीहरूबिच यस खाले कविता लेख्ने प्रतियोगिता राख्न सुझाव दिने। कवि असम नेपाली साहित्य सभाका सभापति थिय भन्ने जानकारी दिँदै सभाको इतिहास बताउने।

• • •

# किशोरकाल र उनीहरूका लागि उपयोगी शिक्षा

**–गुरुप्रसाद उपाध्याय**

**पाठ चयनको उद्देश्य**

मानव जातिको क्षेत्रमा शिशुकाल पार भएपछि आउँछ किशोरकाल। किशोरकाल सबैभन्दा महत्त्वपूर्ण काल भनी विवेचित भएको छ। यसैकालको गतिविधि, लक्षण आदिले परवर्तीकाल अर्थात् समस्त जीवनको बाटो निरुपण गर्नमा दिशा निर्देश गर्दछ। किशोरकाललाई जीवनको उत्थान–पतन, परिवर्तन र नवजागरणको काल पनि भनिन्छ। यस कालभित्र पाएको शिक्षा,आचरण र व्यवहार आदिबाट मानव जीवनले सफलता र विफलताको सम्मुखिन हुनु पर्दछ। यस अवधिभित्र उपयुक्त शिक्षा पाएमा जीवन सुखमय हुन्छ नभए अन्धकारमा डुबुल्की मार्नु पर्ने पनि हुन सक्छ। किशोरकालमा कस्तो शिक्षा पाउनु पर्छ यसै उद्देश्यले यस पाठको प्रयोजन भएको छ। भारत सरकारको निर्दिष्ट निर्देशनाअनुसार यो पाठ तयार पारेर यहाँ चयन गरिएको हो।

**लेखक परिचय:**

सन् १९४२ मा शोणितपुर जिलाको गमिरीपालमा जन्म ग्रहण गर्ने गुरुप्रसाद उपाध्यायको कर्मजीवन सुरु हुन्छ शिक्षकवृत्तिबाट। हाल सेवानिवृत्त उपाध्यायका साहित्यिक कृतिमा उनका दुइटा नाटक 'माटाको अभिषाप', र 'घरभित्र', दुइटा कविता सङ्कलन 'हे मही दधि' (असमीया) र 'शताब्दीको आवाज' प्रकाशित भइसकेका छन्।



**मूलपाठ**

किशोरकाल, शिशुकाल र यौवनकालका बिचको वय:सन्धि काल हो। ११–१२ वर्षदेखि १७–१८ वर्षसम्मको उमेरलाई किशोरकाल भनिन्छ। अङ्ग्रेजीमा यस उमेरलाई एडोलेसेन्स (Adolescence) भनिन्छ। शैशवकालमा एउटा शिशु सम्पूर्ण मातापिता,अभिभावक अथवा ज्येष्ठजनका तत्वावधानमा वा अधीनमा रहेको हुन्छ। किशोरकालमा प्रवेश गरेपछि उसले यथेष्ट मात्रामा मातापिता अथवा अभिभावकका तत्वावधानबाट मुक्त भएर स्वतन्त्र रुपमा सोच्नसक्ने शक्ति प्राप्त गरेको हुन्छ। तर त्यसो भनेर उसलाई स्वतन्त्र पङ्क्षी जसरी नियन्त्रणहीन हुनदिनु हुँदैन। यस कालभित्र धेरैको मनमा हुण्डरी चलेको हुन्छ। ज्येष्ठजनले किशोरावस्थाका नानीहरूलाई निरीक्षण गर्नु पर्ने हुन्छ।

यस कालभित्र एउटा किशोरले सोच्नसक्ने शक्ति र कल्पना गर्ने शक्ति पाइसकेको हुन्छ। अदम्य साहस र निर्भीकता यस कालको धारक–बाहक हो। उच्च आकाङ्क्षा, दिवास्वप्न, रङ्गिन कल्पना यस अवधिको उपादान हो।

सठिक समयमा सठिक शिक्षा र सठिक दिशा निर्देश पाए मात्रै परवर्ती जीवन सुखमय,आनन्दमय र सार्थक हुन्छ। अलिकति कतै विचलित भएको खण्डमा जीवन व्यर्थ हुन जान्छ। किशोरकाललाई पार गर्नु सर्कसको डोरीमा हिँड्नु जस्तै डरमर्दो हुन्छ। यस बेला उनीहरू अलिकति चिप्लिए भने दुर्घटनामा पर्न सक्छन्। उपयुक्त परिवेश, शुद्ध परिचालना र तीक्ष्ण निरीक्षणले जीवनलाई सफलताको बाटामा पुर्‍याउन सक्षम हुन्छन्। गलत मार्ग अप्नाए जसको पनि जीवन ध्वंस हुन्छ।

समयको गतिसँग किशोरकिशोरीको मनमा अनेक कौतुहल सृष्टि हुन्छ। यसै समयमा मनमा उब्जिएका भावसँग विषयहरू छान्ने क्षमता आइसकेको हुन्छ। विशेषगरी किशोर किशोरीले विषय छान्दा अध्ययन, खेलकुद, सिनेजगत, सङ्गीत, चित्रकारिता र नयाँ नयाँ आविष्कारको आकाङ्क्षामा ध्यान देलान्। उनीहरूका लागि खेलाडीहरू प्रिय हुन्छन्, सिने अभिनेताहरू प्रिय हुन्छन्,आफ्नो

प्रियजनका लागि उनीहरू जीवन दिन पनि तयार हुन्छन्। देशमा चल्दै गरेको राजनीतिक,सामाजिक,सांस्कृतिक जागरणमा सहभागी हुने उनीहरूको प्रबल इच्छा जागृत हुन्छ। भावनाहरू बरालिएर एकांश किशोर–किशोरी उग्रवादी सङ्गठनमा होमिएर वार न पार भइसकेका पनि हुन्छन् । सही विचारधारा, सही दर्शन र सही उद्देश्य लिएर अघिबढेको खण्डमा संसारमा उनीहरूले समाजको परिवर्तन पनि गरेको देख्न पाइएको छ। उदाहरणस्वरूप सोभिएत विप्लव र चिनको रेडगार्ड विप्लव इतिहासले देखाएको छ भने व्यर्थताका उदाहरण पनि धेरै छन्।

दुधभित्र घिऊ, किरिम, दही आदि अनेक उपादान लुके जसरी किशोरकालभित्र पनि अनेक शक्ति सञ्चित भइरहेको हुन्छ। सद्व्यवहार गर्न सक्दा त्यस शक्तिपुञ्जले असाध्य साधन गरेर देखाउँछ। यस नवजागरण काललाई समाजले पनि आदर यत्न र उत्साह प्रदान गर्नु पर्ने आवश्यक हुन्छ। उनीहरूले पनि समाजले गरेको आदर, यत्न र उत्साहको पालन गर्नु पर्दछ। अनि मात्रै समाज पनि उपकृत हुन्छ, उनीहरू पनि उपकृत हुन्छन्। वास्तवमा किशोरकाल विकासको काल हो। मानव जीवनको अमूल्य सम्पद, ज्ञान, बुद्धि, विचार, कल्पनाका साथै शारीरिक, मानसिक, सामाजिक, नैतिक,भावनात्मक ,शैक्षिक आदि विकास यसै कालभित्र सुरु भएर पूर्णता प्राप्तितिर धावमान हुन्छन्।

**शारीरिक विकास :**

देशको जलवायु, भौगोलिक अवस्थान, खाद्याभ्यास, रीतिनीति, संस्कृतिक परिवेशले पनि मान्छेको विशेष गरी किशोर–किशोरीको शारीरिक विकासमा मनग्गे प्रभाव विस्तार गर्दछ। शीतप्रधान वा ठण्डा देशमाभन्दा ग्रीष्मप्रधान अर्थात् गर्मी देशमा उनीहरूको शारीरिक विकास छिटो हुन्छ। त्यसमा पनि किशोरको भन्दा किशोरीहरूको शारीरिक विकास झन् छिटो हुन्छ। शैशवकाल अतिक्रम गरेर किशोरकालमा प्रवेश गर्नासाथ शारीरिक विकास सुरु हुन्छ। यसअन्तर्गत शरीरका विभिन्न अङ्ग–प्रत्यङ्गको विकास,शरीरको वजन, कण्ठस्वर, उँचाइ आदिमा परिवर्तन देखिन थाल्छ। शारीरिक विकासका साथसाथै शक्ति सामर्थ्य साहस र



उच्चाकाङ्क्षाको विकास हुन्छ। सबैभन्दा ठुलो कुरा के हो भने यसै कालभित्र यौवन प्राप्तिको तत्वको विकास पनि हुन्छ। किशोरहरूमा सृजना शक्तिको विकास र किशोरीहरूमा प्रजनन शक्तिको विकास हुन्छ। मान्छेको शरीरका तन्तुहरूमा भएको अन्त:स्रावीग्रन्थीको विकास सुरु हुन्छ र यौवन प्राप्ति हुन्छ। यी ग्रन्थीहरूले किशोर किशोरीको देहमा साथै मनमा प्रभाव विस्तार गर्दछन् र आत्म सचेतनता, आत्मविश्वास, उत्कण्ठा, भय र रोमाञ्चको सृष्टि गर्दछ। किशोरकालभित्रैमा उनीहरूका मनमा विपरीत लिङ्गीप्रति आकर्षण वृद्धि हुन्छ र प्रेम–प्रीतिको भाव जागृत हुन्छ।

किशोर किशोरीहरूका लागि यो अति सम्वेदनशील काल हो। असावधानीवश: अथवा दुर्बल मानसिकताको सिकार भएर यस कालको जालमा कसैले पाइलो हाल्यो भने त्यो किशोर अथवा किशोरी दिग्भ्रमित हुने सम्भावना रहन्छ। सावधान भएर पाइलो चाले मोहजालबाट मुक्ति पनि पाउँछन्। सबल स्थीति र मनोबलले उनीहरूको जीवन धन्य हुन्छ।

**मानसिक विकास :**

शारीरिक विकासका साथसाथै मानसिक विकास यस किशोरकालको महत्त्वपूर्ण उपलब्धि हो। मानसिक विकास भन्नाले यस कालअन्तर्गत सोच्न सक्ने शक्ति, कल्पना शक्ति, तर्क शक्ति, युक्तिनिष्ठता आदिको विकास बुझिन्छ। पहिलो अवस्थामा यी मानसिक विकासका धारा केही मात्रामा शिथिल हुन सक्छन। तर समयका साथसाथै यसको गति क्षिप्र हुन्छ। स्वतन्त्र विचार र निर्णय लिने शक्ति यसै अवधिभित्र प्राप्त हुन्छ। ज्ञानार्जनको तृष्णा र प्रज्ञाको साधना शक्ति यसै अवधिले प्राप्त गर्छ। कष्ट सहिष्णु र धैर्य शक्ति यसै मानसिक विकासबाट उत्पन्न हुन्छ। सृष्टिशील चेतना, मौलिक चिन्तन शक्ति यसै कालभित्र उत्पन्न हुन्छन्। साहित्य चर्चा, सङ्गीत साधना, खेलकुदप्रति आग्रह यसै कालको अवदान हो।

**सामाजिक विकास :**

मान्छे सामाजिक प्राणी हो। यसैले समाजको हर तरहको गतिविधिदेखि कुनै उमेरको मान्छे एकलकाँटे भएर रहन सक्दैन। किशोरवर्ग त झन् उत्साही हुन्छन्। यसै कालभित्र राजनैतिक चेतनाको विकास हुन थालेको हुन्छ र राजनैतिक वातावरणको गतिविधि देखेर त्यतापट्टि धावमान हुन सक्छन्। हुनत यस उमेरमा धेरैजसो आवेगिक भएर पनि जडित हुन खोज्छन्। समाजमा चल्दैआएका विभिन्न रीति–रिवाज, मान्यता, विश्वास र परम्पराप्रति पनि उनीहरूको दृष्टि निक्षेप हुन्छ। परिस्थितिवशत: यी सामाजिक गतिविधिमाथि उनीहरूको औचित्य र अनौचित्यको दृष्टिभङ्गी पनि प्रकाशित हुन्छ। समाजका विभिन्न सङ्गठनमध्ये मनपरेको सङ्गठनको नेतृत्व गर्ने प्रबल इच्छा जागृत हुन्छ। समाजमा चलेको प्रचलन, खाद्याभ्यास, अन्धविश्वास, कुसंस्कार आदिको विरोध अथवा परिवर्तन यस कालको चिन्ताको विषय बन्न सक्छ।

**नैतिक विकास :**

चरित्र गठन नैतिक विकासको मूल मन्त्र हो। किशोरकालमा चरित्र गठन भएन भने नैतिक विकासको धारा वाधित हुन्छ। नैतिक विकास भन्नाले जुन कुरालाई नीतिगत हिसाबले मानिन्छ, मान्यता दिइन्छ, ती कुरालाई दृढताका साथ पालन गर्नु, त्यस नीति अथवा आदर्शबाट विचलित नहुनु। जुन कुरालाई मनले उचित भनेर ठान्दछ त्यस कुरालाई दृढताका साथ–पालन गर्नु। पूर्वकालदेखि परम्परागत हिसाबले चल्दै आएका सामाजिक आचरणहरूलाई दृढताका साथ पालन गर्नु। पितृमातृप्रति श्रद्धा, आर्तजनप्रति श्रद्धा, आर्तजनको सेवा, ज्येष्ठजनप्रति सम्मान, कनिष्ठप्रति स्नेहआदि नीति आधारित आचरणहरूको यस कालभित्रै पालन गर्ने आदत गठन भएन भने परवर्ती कालमा धेरै अप्ठ्यारा परिस्थितिको सम्मुखीन हुनु पर्दछ। अप्रतिरोध्य मानसिक शक्ति, युक्तिनिष्ठ चेतनाका कारण कहिले काहीं कुनै विषयप्रति अथवा कुनै समस्याप्रति विरोधाभास पनि हुनसक्छ।



त्यसमा आश्चर्य मान्नु पर्ने केही कारण छैन, किनभने मान्छे स्वतन्त्र चेतना भएको प्राणी हो। त्यसो भनेर प्रत्येक कुरामा मतविरोध हुनु पनि समाजका लागि मान्य हुँदैन। पूर्वदेखि चलिआएका धर्म विश्वास, जीवनशैली, दर्शन आदिप्रति गठनमूलक दृष्टिकोण नैतिक विकासको चाबी मान्नु पर्दछ।

अन्धविश्वास र रूढीवाद वैज्ञानिक दृष्टिबाट हेरेर त्यसको सही दिशा अवलम्बन गर्नु पर्ने हो कि त्यसलाई वर्जन गर्नु पर्ने हो त्यो पनि सम्यक दृष्टिले हेर्नुपर्ने प्रयोजन पर्दछ। नयाँ सृष्टिशील मनको अभूतपूर्व उत्साहको कारण कहिले काहीं प्रचलित समाज व्यवस्थाप्रति सङ्घात पनि सृष्टि हुन सक्छ। तर त्यसलाई पनि युक्तिनिष्ठ तरिकाले समाधान गर्नु पर्ने हुन्छ। यसै किशोरकालभित्र देशप्रेमको भाव, समाज सङ्गठन वा समाज परिवर्तनको भाव, जातिको उन्नतिको विचार प्रवाहित हुन्छ। त्यसमा अंशग्रहण गर्ने आग्रह, दक्षता र स्पृहा पनि जागृत हुन्छ। सबै चेतनालाई सही दिशामा परिचालित गर्न सक्नु नै यस कालको नैतिक विकासको मूल धारणा हो।

**भावनात्मक विकास :**

मौलिक विचार, बौद्धिक विकासका साथसाथ भावनात्मक विकास पनि किशोरकालको महत्त्वपूर्ण उपलब्धि हो। प्रवल विचार शक्ति र युक्तिनिष्ठता छँदाछँदै पनि बहुसङ्ख्यक किशोर किशोरी कहिलेकाहीं भावनाद्वारा परिचालित हुन्छन्। देशमा आइपरेको सङ्कट, जातिमा आइपरेको समस्या, धर्ममा आइपरेको सङ्कट, समाजमा आइपरेको विश्रृङ्खलता आदिको क्षेत्रमा किशोरकिशोरीहरू अत्यन्त भावुक भई परिणामको चिन्ता गरेर परिस्थितिमा होमिन गएर जीवनको बाटो भुलिन सक्छन्। त्यस समयमा उनीहरू अत्यन्त निराशावादी पनि हुन सक्छन्। आशा र निराशाको भुमरीमा परेर विश्रृङ्खलता सृष्टि पनि गर्न सक्छन्। त्यस समयमा सबल मानसिकता र तीक्ष्ण दृष्टिकोण लिनु पर्ने हुन्छ। बहुत क्षेत्रमा राजनैतिक व्यक्ति अथवा अन्य सङ्गठनका नेतृवृन्दले किशोरकिशोरीको भावना व्यवहार गर्न सक्छन् । त्यस समयमा बुद्धिजीवी र समाजको हित सोच्ने व्यक्तिको भूमिका प्रमुख हुन्छ।

**शैक्षिक विकास :**

किशोरकालमा किशोर–किशोरीहरूको शारीरिक, मानसिक, सामाजिक, नैतिक, आवेगिक विकासका साथसाथ शैक्षिक विकास सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। सबै विकास भइसकेपछि शिक्षाको विकास भएन भने जीवन असम्पूर्ण भइरहन्छ। यो काल तिब्र बुद्धिमत्ता र प्रवल ग्रहणयोग्य काल भएकाले गर्दा यस कालमा ग्रहण गरेको शिक्षा ढुङ्गामा लेखे जस्तै स्थायी भएर रहन्छ। हुनत शिक्षाग्रहण वा अध्ययनको लागि कुनै उमेरले छेकेर राख्न सक्दैन। जीवनभरि शिक्षा ग्रहण, अध्ययन गर्न सकिन्छ। तर किशोरकालको शिक्षा भने जीवनको अमूल्य सम्पद भएर रहन्छ। किशोरकाल मुक्त विचार र उर्बर मस्तिष्कको विकासकाल भएकाले शिक्षा ग्रहणमा यथेष्ट सुविधा हुन्छ। मनलाई स्थिर राख्न सक्दा बाह्य कोलाहलले केही असर गर्न सक्दैन। कसैकसैको क्षेत्रमा पारिवारिक समस्या आइपरे पनि त्यस समस्यालाई टार्ने शक्ति रहन्छ औ ती समस्याहरू पनि उनीहरूको दिल दिमागमा अस्थायी नै हुन्छन्। कौतूहल र अध्ययन स्पृहा प्रबल मात्रामा हुने किशोरकिशोरीले मनले खोजे जसरी नै अध्ययन जारी राख्न सक्दछन्। प्रखर मेधा सम्पन्न किशोरकिशोरीले यस कालमा अध्ययन गरेको अथवा ग्रहण गरेको शिक्षा परवर्ती समयमा अनेक प्रसङ्गमा उपयोगी सिद्ध हुन्छ।

छात्र जीवनको केन्द्रस्थल नै यो काल हो। यस कालमा शिक्षाग्रहणबाट वञ्चित हुने किशोर किशोरीको जीवन हताशाग्रस्त हुन्छ। समयमा आइपरेको सुविधा ग्रहण गर्न सकेनन् भने परवर्ती समयमा अति पश्चाताप गरे पनि त्यो फर्किँदैन। त्यसकारण उपयुक्त समयमा सकेसम्म ज्ञानार्जनको धारा अटुट राख्नु पर्दछ। बहुत ज्ञानी गुणी मनिषीहरूले किशोरकालको ज्ञान र अभिज्ञता पछिल्लो जीवनमा प्रयोग गर्न समर्थ भएका छन्। किशोरकालको शिक्षाको क्षेत्रमा समाज तथा राष्ट्रले पनि मनग्गे दायित्व पालन गर्नु पर्ने हुन्छ।

**किशोरकालका लागि उपयोगी शिक्षा :**

निर्णय गर्नु पर्ने के जटिल विषय हुन्छ भने किशोरकालका लागि कस्तो



शिक्षा दिनु पर्ने हो अथवा किशोर किशोरीहरूले कस्तो शिक्षा ग्रहण गर्नु पर्ने हो। किशोरकालका लागि भनेर एउटा सम्पूर्ण वा पूर्णाङ्ग शिक्षा यस्तो हुन्छ भनेर निश्चित धारणा दिनु चाहिँ एउटा कठिन समस्या हो। यस कालमा यस्तो शिक्षा दिनु वा लिनु पर्छ जुन शिक्षा जीवनभरका लागि उपकारमा अथवा प्रयोगमा आओस्। यसमा विन्दु मात्र व्यतिक्रम भयो भने जीवन अन्धकारमय पनि हुन सक्छ। आजको युग विज्ञान, प्रविधि तथा इन्टरनेटको युग हो। आजको युगमा आध्यात्मिक सोचभन्दा प्रायोगिक सोचको प्राबल्य देखिन्छ। जीवन र जगत्लाई पर्यवेक्षण गर्नका लागि वैज्ञानिक अर्थात् प्रायोगिक शिक्षाको प्रयोजन हुन्छ।

किशोरकाल उच्चतर माध्यमिक शिक्षाको परिधिभित्र पर्दछ। माध्यमिक शिक्षा परिधिभित्र पनि दुई प्रकारका प्रखण्ड छन्। उच्च माध्यमिक (High School) र उच्चतर माध्यमिक (Higher Secondary School) प्रखण्ड। छात्रछात्राहरूले उच्च माध्यमिकको तह सिद्ध्याएर उच्चतर माध्यमिकको स्तरमा प्रवेश गरिसक्दा उनीहरूको किशोरकाल सम्पूर्ण भइसकेको हुन्छ। उनीहरू यौवन कालको दैलामा पुगिसकेका हुन्छन्। जीवनको लक्ष्य र उद्देश्यमा धरि पूर्णता आउन लागेको हुन्छ। अवश्य यस्तो परिस्थितिमा उनीहरूलाई औपचारिक शिक्षाको साथै अनौपचारिक शिक्षाको पनि आवश्यकता आइपरेको हुन्छ। किनभने आफूले भोग्न लागेको जीवन र जगत्लाई पर्यवेक्षण गर्नु पर्ने समय आएको हुन्छ। उनीहरूले यसै माध्यमिक शिक्षाद्वारा नै जातीय चेतना, लक्ष्य र उद्देश्य सफल पार्नु पर्ने हुन्छ। यिनै लक्ष्य र उद्देश्य सम्मुखमा राखी स्वाधीनोत्तर भारतवर्षमा १९५२–५३ मा गठित माध्यमिक शिक्षा आयोगले तीनवटा उदेश्य सम्मुखमा राखेर परामर्शावली अघिसारेको छ।

अर्को महत्वपूर्ण कुरा के छ भने आजको अत्याधुनिक युगमा, विज्ञान, प्रविधि र इन्टरनेटको युगमा मान्छेको मन यान्त्रिक हुन लागेको छ। यस्तो परिस्थितिमा मान्छेको मनलाई अनुभूतिशील र भावात्मक बनाउनु पर्ने परिस्थिति आइपरेको छ। यस्तो स्थितिमा माध्यमिक स्तरका किशोर–किशोरीहरूलाई मूल्यबोध–शिक्षा र नैतिकता बोधको शिक्षाको पनि प्रयोजन हुन्छ। यी दुई प्रकारको शिक्षाको

अभावमा उनीहरूको मन अन्य गलत दिशापट्टि पनि ढल्किन सक्छ। किनभने आज दूरदर्शन र मोबाइलको प्रयोग अधिक मात्रामा हुन लागेको छ। मोबाइलले समसामयिक वार्ता दिए पनि सदुपयोग हुन सकेन भने यसको नकारात्मक तथा अवाञ्छित दिशाहरू पनि छन् भनिन्छ। जीवनको २५–३० वर्ष पुग्दा नपुग्दा आफूलाई ससम्मानित तथा उपयुक्त कर्मसंस्थानमा प्राथमिक टुङ्गो लगाउन यसै अवधिमा अर्थात् किशोरकालमा तय गरेको बेस हुनेछ ।

**शब्दार्थ :**

| | | |
|---|---|---|
| अवधि | – | काल, समय। |
| दिवास्वप्न | – | अवास्तव कल्पना । |
| खतरानक | – | विपदको डर। |
| निरीक्षण | – | हेर्नु, दृष्टि दिनु। |
| कौतूहल | – | जान्ने इच्छा। |
| वय:सन्धि | – | दुइ उमेरको बिच। |
| अन्त:स्रावी | – | भित्र भित्रै बग्ने। |
| सम्वेदनशील | – | भावुक। |
| क्षिप्र | – | छिटो |
| स्पृहा | – | जान्ने इच्छा |

**आदर्श प्रश्न :**

**क. अति छोटा प्रश्न : ( प्रति प्रश्नको मूल्याङ्क –१ )**

१. किशोरकालको वैशिष्ट्य के हो ?

२. कुन उमेरलाई किशोरकाल भनिन्छ ?

३. मानव जीवनको कुन काललाई वय:सन्धि काल भनिन्छ ?

४. नैतिक विकासको मूल मन्त्र के हो ?

५. किशोरकालको परिधिभित्र के शिक्षा पर्दछ ?



**ख. छोटा प्रश्न ( प्रति प्रश्नको मूल्याङ्क – २ )**

१. किशोरकालमा कस्तो शिक्षाको आवश्यकता हुन्छ ?

२. किशोरकालमा शरीरमा आउने परिवर्तन के के हुन् ?

३. किशोरकालमा के कस्ता मानसिक परिवर्तन आउँछन् ?

४. कस्तो शिक्षा किशोरकालका लागि आवश्यक हुन्छ ?

५. जीवनमा नैतिक शिक्षाको के महत्त्व छ ?

**ग. लामा प्रश्न ( प्रति प्रश्नको मूल्याङ्क ५ )**

१. किशोरकालमा किशोरकिशोरीमा के के विभिन्न परिवर्तन आउँ छन्, खुलस्त पार।

२. शैक्षिक विकासको जीवनमा के महत्त्व छ ? पाठका आधारमा वर्णन गर।

३. चरित्र गठनमा नैतिक विकासको के महत्त्व छ ? व्याख्या गर।

४. कति वर्षमा आफूले आफूलाई कर्म संस्थापनमा संस्थापित गरिसक्नु पर्ने भनिन्छ ?

**पाठबोध**

किशोरकालको महत्त्व, शक्तिबारे तथा चरित्र निर्माण प्रक्रिया, सांस्कृतिक आचरणका प्रसङ्ग अध्ययन गरी नैतिक शिक्षाको चर्चा गर्नु जरूरी छ। विद्यार्थीहरूलाई आदर्श जीवन निर्माण गर्ने खास समय र कसरतका बारेमा थप प्रेरणा दिइनु छ।

**शिक्षण निर्देशन :**

हरेक विद्यार्थीलाई नैतिक शिक्षाका साथ सामाजिक सांस्कृतिक जीवनका बारेमा अभिप्रेरित गर्ने, सङ्कल्पबद्ध भई आदर्श जीवन निर्माणका लागि पनि हौसला दिने, सबैलाई उनीहरूको मनमा चोट नलाग्ने गरी अनुकरणीय चरित्र निर्माणमा प्रेरणा दिने।

• • •

# शिक्षाको आधार र उद्देश्य

**तारापति उपाध्याय**

**पाठ चयनको उद्देश्य :**

नेपाली र असमीया भाषामा समान रूपले कलम चलाउने भारतीय नेपाली साहित्यकार तारापति उपाध्याय असमका अग्रणी नेपाली साहित्यकार हुन्। विभिन्न विधामा उनको सृजनात्मक लेख भए तापनि उनी मुख्यत शिक्षा र संस्कृतिपरक निबन्धकार हुन्।

'शिक्षाको आधार र उद्देश्य' निबन्धमा निबन्धकार तारापति उपाध्यायले शिक्षाको संज्ञा, उद्देश्य, लक्ष्य, महत्त्व र उपयोगिता विषयक पूर्व र पश्चिमका विद्वान्हरूका विभिन्न मतादर्शन, धारणा औ मतामतको विश्लेषण यस निबन्धमा समावेश गरेका छन्। छात्रछात्राहरूमा शिक्षा विषयक यस प्रकारका ज्ञान आहरणको अति आवश्यकता र खाँचो अनुभव गरी यस निबन्धलाई पाठ्य-पुस्तकमा राखिएको हो।

**लेखक परिचय :**

हाल उदालगुडीको लाचित नगरमा बसोबास गर्ने तारापति उपाध्यायको जन्म असमको पुरानो दरङ जिल्ला अन्तर्गत बाटुलेबिल भन्ने गाउँमा ६ एप्रिल १९३४ का दिन भएको हो। एम्.ए.,बी.टीसम्म अध्ययन गरेका उपाध्यायले उदालगुडी हायर सेकेन्डरी स्कुलमा १९९२ मा प्रिन्सिपलको ओहोदाबाट सेवानिवृत्त



भएका हुन् । उनी हस्तलिखित बुलेटिन 'मुष्टि दान' (सन् १९५९-१९६१) र **'च्याँखे'** त्रैमासिक पत्रिकाको (१९६८)सम्पादक थिए।

उनका अन्य कृतिहरू यस प्रकार छन्-**दश महारथी** (सन् २००१,जीवनीहरू),**निबन्ध गुच्छ**(सन् २००२) **केही निबन्ध केही जीवनी** (सन् २००८), **स्वदेशी चिन्तन साहित्य मन्थन**(सन् २०१०), **भाषा-प्रदीप**(सन् २००१), **आदर्श नेपाली व्याकरण**(सन् २००५ सह), **नवमी-असमीया नेपाली लोक कथा** (सन् २००५ सह),**आनन्द मठ** (सन् २००९), **साधरण नेपाली सामाजिक जीवन**(सन् २००२), **अनुवादको भूमिकाः पद्धति र स्थिति**(सन् २००२), **राम एक रामायण अनेक**(सन् २००९) उनका प्रकाशित कृतिहरूका साथै विभिन्न पत्रपत्रिकामा उनका असमीया र नेपालीमा विभिन्न लेख-रचनाहरू प्रकाशित भएका छन्। सन् १९९३ मा भाषा सेनानी पुरस्कार पाउने तारापति उपाध्यायले असम सरकारबाट २००४ मा साहित्यिक पुरस्कार पाएका थिए भने सन् २०१० मा साहित्य अकादमी अनुवाद पुरस्कार पाए।

**मूलपाठ**

मानव जातिका कार्यहरूमा प्रमुख ठहर्छ शिक्षा। मानवको सृष्टिसँगै शिक्षाको जन्म हुन्छ अनि मानव संसारमा रहुञ्जेल शिक्षा विषय पनि वर्तिन्छ।

जीवनको क्षेत्र जसरी विशाल र भव्य पाइन्छ शिक्षाको परिसीमा उसरी नै असीम देखिन्छ। शिक्षा मानव जीवनको अभिन्न अङ्ग तथा घनिष्ठ मित्र हो। यसर्थ शिक्षाको उद्देश्य कार्यकलाप बुझ्नुअघि शिक्षा शब्दले के अर्थ्याउँछ-बुझ्न आवश्यक देखिन्छ।

ऋग्वेदानुसार शिक्षा 'विद'धातु (जान्नु)बाट उत्पन्न हुन्छ। जुन कुराले मानिसलाई आत्मविश्वास दिन्छ, स्व-निर्भरशील र आत्म-त्यागी बनाउँछ, त्यो हो शिक्षा।'तमसो मा ज्यतिर्गमय:' पनि वैदिक शिक्षाको लक्ष्य देखिन्छ। उपनिषदले भन्छ-'सा विद्या या विमुक्तेय' अर्थात जुन विद्याले मानिसलाई मुक्ति दिन्छ,

पार्थीव समस्याहरूबाट मुक्त हुने सामर्थ्य प्रदान गर्छ त्यही हो शिक्षा। 'मातृदेवो भव, आचार्यदेवो भव, अतिथी देवो भव,'–आदिले शिक्षाको उद्देश्य पनि व्यक्त गर्छ। पण्डित याज्ञवल्क्यका भनाइमा–'मानिसलाई संसारको उपयोगी तथा चरित्रवान बनाउने नै विद्या हो'। गान्धीजीका भनाइअनुसार–''जुन कुराले मानिसको सर्वाङ्गीण शरीर, मन र आत्माको विकास गराउँछ त्यो हो वास्तविक शिक्षा।''

गुरुदेव रवीन्द्रनाथ टेगोर भन्दछन्–'शिक्षा त्यो हो जसले मानव जीवनसित संसारका समस्त वस्तु (प्राणी औ उद्भिद) को मधुर सम्पर्क गराउँछ, मनलाई परम–सत्य उपलब्धि गर्ने सामर्थ्य दिन्छ, अत: प्रकाश–धन तथा प्रेमको सन्धान दिन्छ र जीवन सार्थक तुल्याउँछ।' पश्चिमका विद्वानहरूका अनुसार Education शब्द ल्याटिन Educare वा Educere शब्दबाट उद्भव भएको छ। अर्थहरू क्रमश–उत्थान गर्नु र उत्भाषित गराउनु। दार्शनिक प्लेटो भन्छन्–'शिक्षा त्यो गुण हो जसले सठिक समयमा मानिसलाई सुख र दु:खको अनुभव गराउँछ, साथै शरीर तथा आत्मामा रहने सबै सौन्दर्य र सामर्थ्यको विकास गराउँछ'। एरिस्टोटलका विचारमा–'स्वस्थ शरीरमा स्वस्थ मनको विकास गरिदिने विषय हो शिक्षा'। शिक्षाले मानव मनको स्तर उन्नत पार्छ– ध्यान–धारणामा मानव जातिका कार्यहरूमा प्रमुख ठहर्छ शिक्षा।

आधुनिक पण्डित जोनडिवीका अनुसार–जुन कुराले मानिसमा रहने सामर्थ्यहरूको सामुहिक विकास गराउँछ अनि तिनलाई आफ्नो परिवेश नियन्त्रण गर्ने तथा सम्भावनाहरूलाई फलप्रसु बनाउने शक्ति दिन्छ त्यसलाई शिक्षा भनिन्छ। शिक्षाको नवीन तथा सर्वग्राह्य संज्ञा भने रेडिन साहेबका सूत्रमा (१) शिक्षा एक परिकल्पित औ सु–नियोजित नीति हो। (२)शिक्षा यस्तो प्रभाव हो जो परिपक्व मानिसले अपरिपक्वमाथि परामर्शका माध्यमद्वारा विस्तार गर्छ। (३) शिक्षाले मानिसमा निहीत सदगुणहरू समरूपले विकास गरिदिन्छ। (४)व्यक्ति तथा समाजको चाहिंदो विकास गराउँछ। (५)शिक्षा उद्देश्यसिद्धिको एकमात्र सिँढी, तथा मानिस र उसको सृष्टिकर्ता बिचको मिलन–सेतु पनि हो।



**शिक्षाको उद्देश्यको महत्त्व:**

पूर्व र पश्चिमका विद्वानहरूको स्व एउटै छ–'उद्देश्यहीन शिक्षा सागरको लक्ष्यहीन जहाज तुल्य हो।' पण्डित रेल्भिन भन्छन्–उद्देश्यबोधरहित शिक्षा ग्रहण गर्ने विद्यार्थी पनि बैठा बिनाको डुङ्गा जस्तै हो जो नदीका धारमा जहाँ–तहीं ठोक्कर खाँदै बगिहिँडछ। उद्देश्यले कर्मको दिशा निर्णय गर्छ, बुद्धि खटाइ काम गर्ने सुवधा दिन्छ। यसले शिक्षा पद्धति सही छ वा छैन जाँच गर्ने मौका दिन्छ अनि प्रशासन सुचारू रूपले चलाउन मदत पुर्‍याउँछ। उद्देश्य सहितको कर्म अर्थपूर्ण र मूल्यवान हुन्छ। उद्देश्यले शिक्षा पद्धतिमा काम गर्ने आँत लगाइदिन्छ, घटना तथा अनुभवहरूको क्रमविकास गराउँदै डोर्‍याइलान्छ अनन्त भविष्यकालतिर। यसरी शिक्षाको उद्देश्यको महत्त्व अपार छ।

**शिक्षाको उद्देश्यलाई प्रभावित पार्ने तत्वहरू:**

देशका दार्शनिक, राजनीतिक,सामाजिक, सांस्कृतिक औ अर्थनीतिक तत्वले समय समयमा शिक्षाको उद्देश्य औ लक्ष्य निर्णय गरेको इतिहासले बताउँछ।

आदर्शवादीहरूको भनाइ छ–शिशुहरूमा निहित स्वाभाविक अनुभूतिहरूलाई प्रभावित पारी उनीहरूको चरित्रलाई आदर्शवादी पारेर निर्माण गर्न उचित हुन्छ। शिशुमा अन्तर्निहित कोमल ईश्वरीय गुण–दया, ममता, प्रेम, लालसा, सहानुभूति, त्याग, अनुराग,आदिको विकाससाधन शिक्षाको लक्ष्य हुनुपर्छ।

वास्तववादीहरू भन्दछन्–मानव प्राणी मात्र होइन, सामाजिक प्राणी हो। शिक्षाले मानिसमा निहित दलीय गुणहरूको विकाससाधन मात्र गरोस्। यसर्थ बालकलाई राम्रो नागरिक र सामाजिक मनोवृत्तिको तुल्याउने काम शिक्षाको रहनु बेस छ।

आर्थ सामाजिक दिशालाई प्रमुख स्थान दिने विद्वान्हरूको भनाइ छ–समाजको आर्थिक उन्नति नै शिक्षाको प्रधान लक्ष्य हो। आर्थिक समस्याले पिडीत समाजको उत्थान सम्भव हुँदैन। यो मतादर्शको प्रभाव संसारका सबै राष्ट्रमा परेको छ।

विज्ञान, प्रविधि विद्याको प्रशिक्षणतिर देशका युवापिढीलाई अग्रसर गराई कृषि तथा उद्योगहरूबाट आर्थ–सामाजिक स्तर उन्नत पार्ने ध्येय भारतले राखेको छ। कोठारी शिक्षा आयोगले (१९६६) शिक्षा नीतिमा 'उत्पादनमुखी शिक्षा'–मा बल दिएको छ। अहिले त बी भोक(बेचेलर अफ् भोकेसन) पाठ्यक्रम पनि धैरै लोकप्रिय तथा महत्वपूर्ण भएको छ। बी भोक पढ्दा कुनै एउटा सिप सिकिन्छ र संस्थापित हुन सजिलो पनि हुन्छ।

देशको सांस्कृतिक परम्पराको उचित संरक्षण औ सम्बर्धन पनि शिक्षाको प्रधान उद्देश्यभित्र पर्दछ। संस्कृति भन्नाले समस्त सामाजिक आचरण विधिलाई बुझाउँछ–जो देशको वैशिष्ट्य र अमूल्य निधि हो। यो सम्पदा–शारिरीक, मानसिक,नैतिक, धार्मिक सौन्दर्यबोधक हुनसक्छ। यसले व्यक्तित्व समृद्ध पार्छ, सामाजिक जीवन प्राणवन्त पार्दै जीवन जिउने उत्साह दिन्छ।

राजनीतिक आदर्शले शिक्षाको उद्देश्य निर्णय गरेको देखिन्छ। सोक्रेटिसको शैक्षिक नीति एकनायकवादी शासनका विरुद्ध गएकोले नै तिनले विषको प्याला ग्रहण गरी मृत्युवरण गर्नु परेथ्यो।

**व्यक्तिवादी शिक्षा:** शिक्षाको मूल उद्देश्य 'व्यक्तिको सर्वाङ्गीण विकास' भन्ने विद्वान्हरूमा प्रमुख छन्। सर पान्सी ननको भनाइ छ–'व्यक्तिगत हिसाबले स्त्री–पुरुषहरूले स्वतन्त्र कर्मद्वारा दिने अवदान सिवाय मनुष्य जगत्मा केही मङ्गल कार्य प्रवेश हुँदैन'; शिक्षाको उद्देश्य त्यो सत्यलाई रूप दिन तयार हुनुपर्छ । समाज व्यक्तिका निम्ति जन्मन्छ–व्यक्ति समाजका लागि होइन। तसर्थ व्यक्ति हुनुपर्छ शिक्षाको केन्द्र विन्दु।' प्रकृतिप्रेमी रुसो पनि घोषणा गर्छन्–'ईश्वर सृष्टि गर्छन् सबै राम्रा वस्तु, मानिसका हातपरेपछि ती बिग्रन्छन्।' मनोवैज्ञानिकहरूको भनाइ पनि छ– 'कुनै दुई शिशु बुद्धि, चातुर्य, रूप, गुणमा एकै हुदैनन्। सबै शिशुहरूका लागि एउटै पाठ्यवस्तु उचित हुँदैन।' तर व्यक्तिकेन्द्री शिक्षाको उद्देश्य पनि आलोचनाको उर्धमा छैन। टी.रेमन्ट भन्छन् –'फिट्टो व्यक्ति कल्पनाप्रसूत बस्तु मात्र हो। समाजबाट अलग रही कुनै व्यक्तिले स्वतन्त्र विकास गरेको धारणा हामी गर्नै सक्दैनौँ।' समुद्रका बिचमा टापुमा एक्लै छाडिएको अलेकजेन्डरको मानसिक पीडाले यो कुरा साबित गर्छ। रूचिपूर्ण सामुहिक सामाजिक कर्ममा मात्र व्यक्तित्वको उन्नति र विकास सम्भव हुन्छ।



त्यसरी नै शिक्षाको लक्ष्य समाज हुनुपर्छ भन्ने विद्वानहरूको भनाइ छ–शिक्षा हुनु पर्छ 'वास्तवमुखी'। समाज र राष्ट्र मात्र वास्तव हो। व्यक्तिको जन्महुन्छ सामाजिक आवश्यकता पूर्तिका लागि । समाज जीवनको नाडी हो–व्यक्ति त्यसको स्पन्दन मात्र हो। शिक्षाले मानिसको इच्छा, अभिलाषा र कर्मको लक्ष्य निरूपण गर्नमा सहायता गर्छ। यसर्थ शिक्षाको उद्देश्य हुनुपर्छ–व्यक्तिका इच्छा र उद्यमहरू सामाजिक हितका निम्ति निर्माण गर्ने।

तर शिक्षा मात्र समाज या राष्ट्रका लागि भन्ने सिद्धान्त पनि त्रुटिरहित छैन। यो मत एकलौटे तथा व्यक्तिको सामाजिक अस्तित्वलोप गराउने देखियो। पण्डितहरूका भनाइमा–व्यक्तिको इच्छा, आशा, अभिलाषाको पर्वाह छैन, व्यक्ति स्वतन्त्रता र सृष्टिशील शक्तिलाई दबाउने त्रास छ। यो धारणा शिक्षा संज्ञाको परिपन्थी पनि देखियो।

तर पनि उपर्युक्त व्यक्तिकेन्द्री तथा समाजकेन्द्री शिक्षा व्यवस्थाको धारणा सम्पूर्ण अयोग्य र परित्यक्त छैन। शिक्षाको लक्ष्य र उद्देश्य निरूपणमा दुवैको अवदान यथेष्ट छ भन्ने मत झण्डै एक स्वरले विद्वन्हरू भन्छन्। एक अर्कालाई यथायोग्य स्थान दिन नचाहनु मात्र अग्रहणीय ठहर्छ। दुवै मतमा रहेको चरम धारणा परित्याग गरी, चाहिँदो तालमेल ल्याई–''समाजको सदस्य हिसाबले व्यक्तिको सर्वोच्च विकास'' शिक्षाको लक्ष्य रहनु पर्छ भन्ने सर्वस्वीकृत मत प्रकाश हुन्छ।

प्रचलित भारतीय कथनानुसार–'वर्ष दिने परिकल्पनामा धान रोप्नु, दस वर्षे योजनामा काठ रोप्नु अनि सय वर्षे परियोजनामा शिक्षा दिनु।' प्राचीन भारतमा प्राथमिक तहमा पाठशाला, माध्यमिकसम्म गुरुकुल र सर्वोच्च तहमा शिक्षानुष्ठान

थिए-विश्वविद्यालय। शिक्षाको उद्देश्य थियो-शरीर, मन र आत्माको संस्कार साधन गर्नु। नालन्दा, तक्षशीला, विक्रमशीला र उज्जयन विश्वविद्यालय पृथ्वी विख्यात थिए। ग्रामाञ्चलका विद्यालयहरू ग्राम पञ्चायतले अनि विश्वविद्यालय सञ्चालन गर्ने दायित्व राष्ट्रमाथि थियो। सङ्कटकालीन अवस्थामा विद्यालयका विद्वान्हरूले देशको बागडोर सम्हाल्थे। देश समृद्ध र ज्ञान गरीमापूर्ण थियो।

भारतवर्ष एसियाको बृहत् गणतान्त्रिक देश हो। देशको सांस्कृतिक प्रमुल्य हो-नैतिक बल। यसमा आधारित अहिंसाको नीतिले देशको स्वाधीनता ल्याउनु पृथ्वीको दुर्लभ उदाहरण हो।'धर्म-निरपेक्षता' देशको आदर्श रहेको छ। विभिन्नतामा छिपेको ऐक्य भारतीय समाजको वैशिष्ट्य हो। यी प्रमुख आदर्शहरूका आधारमा स्वाधीनोत्तर कालमा तयार भएका शिक्षा विषयक आयोगहरू डा. सर्वपल्ली राधाकृष्णन (१९४८),डा.ए.एल.मुदालियर(१९५२), डा. डी.एस. कोठारी(१९६९) तथा राष्ट्रिय शिक्षानीति (१९८६) आदिले अघिसारेका परामर्शहरूले भारतीय शिक्षाको लक्ष्य र उद्देश्य कस्तो हुनु पर्छ छर्लङ्ग हुन्छ। मानव जीवन, जीवनका चाहिँदा तत्वहरू पुरा गर्ने अनि जनसाधारणका आशा-आकाङ्क्षा पूर्ति गर्दै देशको गणतान्त्रिक व्यवस्था दर्बिलो राख्ने उद्देश्य शिक्षाको रहनु पर्दछ भन्ने कुरामा बल दिइएको छ। उनीहरूको भनाइ छ-

**( १ ) उत्पादनमुखी शिक्षा व्यवस्था :** आत्मसन्मानबोध भएका राष्ट्रहरू परिश्रमी तथा स्वनिर्भरशील हुन्छन् । यसैले राष्ट्रिय आय वृद्धि शिक्षाको लक्ष्य हुनु पर्दछ। त्यो हुँदा विज्ञान र प्रविधिका कला-कौशल आर्जन गर्ने व्यवस्था राष्ट्रले विद्यालयहरूमा मिलाउनु पर्छ। माध्यमिक तहबाट वृत्तिमुखी शिक्षा भविष्यका नागरिकहरूले पाउनु पर्छ। शिक्षासित देशको उत्पादनको निकट सम्बन्ध रहनाले देश समृद्ध र जनताको अवस्था असल रहन्छ।

**( २ ) सामाजिक तथा राष्ट्रिय संहतिका निमित्त शिक्षा :** विभिन्नताले भरपुर भारतमा राष्ट्रिय ऐक्य अटुट राख्ने लक्ष्य शिक्षा नीतिमा रहनु उचित छ। त्यो हुँदा सर्वसाधारणका निम्ति निशुल्क स्कुलको व्यवस्था प्राथमिक तहबाट



माध्यमिक तहसम्म चालु रहनु पर्छ जहाँ धनी-निर्धनी, जाति धर्म नर्विभेदले शिक्षा हासिल गर्न सकून।(ख) बढ्दै गएको आर्थिक तथा सामाजिक विषमता निर्मूल पारी पारस्परिक भाइचाराको सम्बन्ध अटुट राख्न राष्ट्रिय तथा सामाजिक सेवा कार्यक्रम विद्यालयरूमा रहनुपर्छ। त्यसो हुँदा चरित्र निर्माण, अनुशासनमा उन्नति, सामाजिक दायित्वबोध तथा श्रमको मर्यादा छात्र-छात्राहरूले हासिल गर्नेछन् र गणतान्त्रिक पद्धतिमा विश्वास बलिष्ठ हुँदै जान्छ।

**( ३ ) गणतन्त्र पद्धतिमुखी शिक्षा :** भारतीय गणतन्त्र स्वतन्त्रता, न्याय, समता र भातृत्वबोधमा आधारित छ। राधाकृष्णन कमिटीका Report अनुसार गणतन्त्र केवल राजनीतिक व्यवस्था नभएर जीवन जिउने उपाय पनि हो। यो जात-पात, धर्म, लिङ्ग, कर्म तथा आर्थिक पद-मर्यदा निर्विभेदरूपले देशका सबै नागरिकले समान स्वाधीनता, समान अधिकार भोग गर्न पाउने महान आदर्शमा प्रतिष्ठित छ। सहनशीलता, त्याग, सहयोगिता मनोभाव, देश-प्रेम, भातृत्वबोध, आदि गणतान्त्रिक मूल्यको विकास छात्र-छात्राका हृदयमा गराउने लक्ष्य शिक्षा पद्धतिमा रहनु बेस छ।

**( ४ ) अत्याधुनिकमुखी शिक्षा :** २० औं शताब्दीभन्दा २१औं शताब्दी विज्ञान, प्रविधि र वृत्तिमुखी विद्यामा धेरै अघि बढ्ने छ। विश्वका दाँजोमा भारतीयहरूले पाइला चाल्नु पर्दा नाना विषयमा उन्नत कला-कौशल सिक्ने, जान्ने उत्सुकता जागृत पार्ने अधिक मात्रामा आधुनिक समयको माग पूर्ति गर्न सक्षम बुद्धिजीवीहरूको निर्माण गर्ने लक्ष्य शिक्षाको रहनुपर्छ।

**( ५ ) धार्मिक,सामाजिक औ नीति शिक्षा :** केन्द्र तथा राज्यिक तहका विद्यालयहरूमा सामाजिक औ धार्मिक विषयक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्छ। संसारका प्रधान धर्महरूका मूल तत्वहरूको तुलनामूलक जानकारी युवा-युवतीहरूले प्राप्त गरेमा पारस्परिक सुझबुझ उन्नत हुने, सहिष्णुताको परिवेश विस्तारित हुने र देशका नागरिकहरू सौहार्दपूर्ण वातावरणमा स्थानीय रूपले जीवन निर्वाह गर्ने थिए।

**( ६ ) जनसङ्ख्या विषयक शिक्षा** : संसारमा भइरहेको जनसङ्ख्या विस्फोटले समाजतत्वका पण्डितहरूलाई चिन्तित पारेको छ। यो मानिसको प्रमुख समस्यामा प्रमुख हो। भारत चिन देशपछि नै संसारको दोस्रो बृहत जनसङ्ख्या भएको देशमा गनिन्छ। जनसङ्ख्या वृद्धिले मानिसको स्वास्थ्य , आर्थिक अवस्था, सुख–शान्ति तथा देशको समृद्धि, उन्नति अनि अन्तर्राष्ट्रिय सुरक्षा र शान्तिमा प्रतिकूल प्रभाव पार्छ। यस माथि छात्र–छात्राहरूलाई उचित शिक्षा प्रदान गरी सचेत पार्ने उद्देश्य शिक्षाको रहनु अनिवार्य देखिन्छ।

**( ७ ) पर्यावरण सम्बन्धी शिक्षा :** पर्यावरण भन्नाले व्यक्तिका संस्पर्शमा आउने सबै चिजबिज, छरछिमेक, समाज,वनजङ्गल,भूमि, नदी–नाला, पशुपङ्क्षी, वायु पानी आदिलाई बुझाउँछ। पर्यावरण प्रदूषित भएमा सामाजिक परिवेश नष्ट हुन्छ। यसले व्यक्तिका मानसिक तथा शारीरिक स्वस्थ्यमा प्रतिकूल प्रभाव पार्छ। पारिपार्श्वित परिवेश दुषित भएमा सामाजिक परिवेश नष्ट हुन्छ ।यसले व्यक्तिका मानसिक तथा शारीरिक स्वस्थ्यमा प्रतिकूल प्रभाव पार्छ। जीवनी शक्ति प्रदान गर्ने प्राकृतिक पर्यावरण उपादान अर्थात्–वायु, पानी र भूमि प्रदूषित भएमा मानव जाति सङ्कटमा पर्छ। भविष्यका नागरिकहरूलाई समयमै सचेत पार्ने लक्ष्य र उद्देश्य शिक्षाको रहनुपर्दछ। विज्ञान र प्रविधिका प्रभावले २१औ शताब्दीमा संसारका महादेश– युरोप, अमेरिका, एसिया र अफ्रिकाहरू एकएक पार्थीव ग्राममा परिणत हुने छन्। मानिसका सृष्टि–शक्तिको क्षेत्र सम्प्रसारित भएकाले उसका आशा, आकाङ्क्षाहरू चरमसीमातिर अग्रसर हुँदै छन्। शिक्षाको मूल उद्देश्य ती मानव आशा आकाङ्क्षाहरूलाई पूर्ति गर्ने हुनु आवश्यक छ।

**शब्दार्थ :**

| | | |
|---|---|---|
| पार्थीव | : | सांसारिक। |
| भऱ्याङ्ग | : | घरको तलमाथि वा अग्लो ठाउँमा जानका लागि भनाइएको खुट्किलो भएको साधन, लिस्नो, सिँढी। |



| | | |
|---|---|---|
| निधि | : | बहुमूल्य तथा महत्त्वको वस्तु, धैरै मात्रामा भएको ठाउँ, खजाना, गुप्त भण्डार । |
| तमसो मा ज्योतिर्गमय | : | अन्धकारबाट उज्यालोतर्फ। |
| एकनायकवादी | : | तानासाही प्रवृत्तिको। |
| प्रविधि | : | व्यवहारिक ज्ञान, टेक्नोलोजी। |
| नाडी | : | मुटुको धड्कन थाहा हुने हात आदिको नसा, भित्री क्षमता,मर्म, हत्केलाको फेद। |
| अभिलाषा | : | कुनै कुराप्रति विशेष चाहना, कामना, आकाङ्क्षा। |
| बाागडोर | : | क्षमता, दखल। |
| माओपन्थी | : | वाममार्गी, प्रगतिवादी र समाजवादी विचारधाराका मानिसलाई भनिन्छ। |

**प्रश्नः**

**क. अति छोटा प्रश्न ( प्रत्येकको मूल्याङ्क १ )**

१. तारापति उपाध्यायको बसोबोस कहाँ छ ?

२. तारापति उपाध्यायले साहित्यमा अनुवाद अकादमी पुरस्कार कुन सन्मा पाएका हुन् ?

३. Education शब्द केबाट उद्भव भएको भनिएको छ ? तिम्रा पाठका आधारमा उत्तर देऊ।

४. प्लेटोका अनुसार शिक्षा के हो ?

५. एरिस्टोटल को हुन् ?

६. जोनदिवले शिक्षालाई कति भागमा बाँडेका छन् ? पाठका आधारमा लेख।

७. पण्डित याज्ञवल्क्यले शिक्षाको उद्देश्य के भनेका छन् ?

८. वैदिक शिक्षाको लक्ष्य के हो ?

९. 'तमसो मा ज्योतिर्गमयको' अर्थ लेख ।

१०. बी. भोक पढ्दा के फाइदा हुन्छ ?

**ख. छोटा प्रश्न( प्रत्येकको मूल्याङ्क २ )**

१. शिक्षा के हो ? तिम्रो पाठ्यपुस्तकका आधारमा उत्तर देऊ।

२. उपनिषदअनुसार शिक्षाले मानिसलाई के दिन्छ ?

३. गान्धीजीको शिक्षा विषयक मत के छ ?

४. भारतीय शिक्षा आयोगले शिक्षालाई कति भागमा बाँडेको छ ?

५. गणतन्त्र पद्धतिमुखी शिक्षा व्यवस्थाबारे लेख।

६. व्यक्तिवादी शिक्षा व्यवस्थाका विद्वान्हरूको भनाइ के छ ?

**ग. लामा प्रश्न( प्रत्येकको मूल्याङ्क ४ वा ५ )**

१. वास्तववादी विद्वान्हरूको शिक्षा विषयक मत के छ ?

२. 'समाजको आर्थिक उन्नति नै शिक्षाको प्रधान लक्ष्य हो'
उक्त भनाइको अर्थ खुलस्त पार।

३. रोडिनको शिक्षा सम्पर्कको संज्ञा के हो ?

४. पर्यावरणसम्बन्धी शिक्षा के हो ?

५. 'ईश्वर सृष्टि गर्छन् सबै राम्रा वस्तु, मानिसका हातपरेपछि ती बिग्रन्छन्'।
उक्त भनाइलाई स्पष्ट पार।

**पाठबोध :**

मानव जीवनको सभ्यता, विकास र संस्कारसँग सम्बन्धित शिक्षा विषयक निबन्ध 'शिक्षाको आधार र उद्देश्य'का अनुसार शिक्षा मानव जीवनको अभिन्न अङ्ग तथा घनिष्ट मित्र हो। शिक्षा वेदको 'विद' बाट आएको हो, जसको अर्थ हुन्छ, जान्नु। यस निबन्धमा शिक्षा विषयक धार्मिक ग्रन्थ वेदले 'तमसो मा ज्यतिर्गमय' र उपनिषद्मा मानिसलाई मुक्ति दिने ज्ञान नै शिक्षा भनिएको पाइन्छ। यहाँ विभिन्न विद्वान्का मतहरू अघिसार्दै मानिसको सर्वोपरी, सर्वाङ्गीण बौद्धिक, मानसिक र शारीरिक विकास शिक्षाले गर्छ भनिएको छ। दार्शनिक, राजनीतिक, सामाजिक र सांस्कृतिक



तत्वले समय समयमा शिक्षाको उद्देश्य र लक्ष्यलाई प्रभावित पारेको पाइन्छ। त्यसैले प्रायजसो विद्वान्हरूको मतमा समाज र व्यक्तिको विकासमा मानवको उन्नति देखेका छन् र त्यो शिक्षाको माध्यमबाट हुन्छ भनेका छन्।

भारतका शिक्षा आयोगका विद्वान्हरूले उत्पादनमुखी शिक्षा, सामाजिक तथा राष्ट्रिय संहतिका निम्ति शिक्षा, गणतन्त्र–पद्धतिमुखी शिक्षा, अत्याधुनिकमुखी शिक्षा, धार्मिक, सामाजिक औ नीति शिक्षा, जनसङ्ख्या विषय शिक्षा र पर्यावरण सम्बन्धी यी ७ वटा बुँदा शिक्षाको लक्ष्य र उद्देश्य ठानेका छन्। अर्थात् भारतवर्षको विभिन्नतामा छिपेका ऐक्यलाई संहतिपूर्ण अघि बढाउनु हो। देशका सबै व्यक्ति, जाति, समाज, धर्मका मानिसको संस्कृतिको सुरक्षा गर्नु हो। हर नागरिकलाई सर्वाङ्गीण स्वावलम्बी बनाउनु, स्वाधीन भारतको रक्षा गरेर देश र हरेक नागरिको स्वभिमानलाई अक्षुण्ण राख्नु भारतवर्षको शिक्षाको लक्ष्य र उद्देश्य रहेको पाइन्छ।

**शिक्षण निर्देशन :**

लेखकका रूपमा तारापति उपाध्यायलाई अझ राम्ररी चिनाउने,भाषा मान्यतामा रहेको उनको अहम् योगदानको कुरा विद्यार्थीलाई अवगत गराउँदै नैतिक तथा नीति शिक्षाको थप ज्ञान दिन प्रयास गर्ने। विद्यार्थीका लागि शिक्षा सर्वोत्तम शक्ति हो भन्ने कुरामा डोड दिने। औपचारिक शिक्षाका साथ प्रविधिलाई पनि सदुपयोग गर्न प्रेरित गर्ने। विभिन्न कलेजहरूमा चलिरहेका बी.भोक पाठ्यक्रमको थप जानकारी दिने।

• • •

# व्याकरण

**पुरुष**

पुरुषको अर्थ हो मानिस। व्याकरणिक दृष्टिले पहिलो,दोस्रो र तेस्रो मानिस बुझाउने तरिका यहाँ प्रस्तुत गरिएको छ।

**पुरुष के हो ?**

१. म जान्छु।

२. तँ जान्छस्(पुरुष)।

३. ऊ जान्छ(पुरुष)।

यहाँ १ को 'म जान्छु' ले कुनै व्यक्ति वक्ताको रूपमा रहेको जनाएको छ। २ को 'तँ जान्छस्' ले कुनै व्यक्ति श्रोताको रूपमा रहेको जनाएको छ। त्यसै गरी ३ को 'ऊ जान्छ' ले कुनै व्यक्ति वक्ता र श्रोता नभई कुराकानीको विषयको रूपमा रहेको जनाएको छ। यसरी कुराकानी वा बोलचालका सन्दर्भमा वक्ता, श्रोता वा विषयको रूपमा आउने कुनै व्यक्तिलाई नै पुरुष भनिन्छ। भाषामा पुरुषले कुराकानीको सन्दर्भमा कुनै व्यक्तिको स्थिति वक्ताको रूपमा छ वा श्रोताको रूपमा छ अथवा कुराकानीमा भाग नलिने असहभागी व्यक्तिको रूपमा छ भन्ने कुराको अभिव्यक्ति गर्छ, यसरी व्यक्तिलाई बुझाउने पुरुष नेपालीमा सर्वनाम र क्रियापदमा अभिव्यक्त हुन्छ, जस्तै :



**सर्वनामपदमा**

४. म, हामी

५. तँ, तिमी, तिमीहरू..........।

६. ऊ, उनीहरू, त्यो, तिमीहरू.......।

**क्रियापदमा**

७. खान्छु, खान्छौ........।

८. खान्छस्, खान्छौ........।

९. खान्छु, खान्छे, खान्छन्......।

**पुरुषका किसिम**

कुराकानीका सन्दर्भमा वक्ता, श्रोता वा विषयको रूपमा आउने व्यक्ति नै पुरुष हो भन्ने परिभाषाबाट पुरुष तीन किसिमका छन् भन्ने कुरो प्रष्ट भइसकेको छ। ती निम्न छन् –

– प्रथम पुरुष

– द्वितीय पुरुष

– तृतीय पुरुष

**प्रथम पुरुष :**

१०. म जान्छु।

११. हामी जान्छौँ।

यहाँ १० र ११ मा दिइएका उदाहरणहरूलाई कुराकानीको को रूपमा सन्दर्भित गर्ने हो भने यिनले कुनै व्यक्तिको को स्थिति वक्ताको रूपमा रहेको जनाएका छन्। यसरी कुराकानी वा बोलचालको क्रममा वक्ताको रूपमा आउने 'म' र 'हामीजस्ता' सर्वनाम र लेख्छु ,जान्छु, पढ्छौँ..... जस्ता क्रियापदले व्यक्त गर्ने पुरुष प्रथम पुरुष हो। अथवा कुराकानीमा वक्ताको रूपमा आउने पुरुष (व्यक्ति) लाई प्रथम पुरुष भनिन्छ।

**तृतीय पुरुष :**

१५ ऊ जान्छ।

१६ उनीहरू जान्छन्।

१७ उहाँ (हरू) जानुहुन्छ।

यी (१५, १६, १७) उदाहरणमा व्यक्त भएका पुरुष कुराकानीका क्रममा व्यक्ता पनि होइनन् र श्रोता पनि होइनन् बरु यिनले वक्ता र श्रोताभन्दा भिन्न कुराकानीमा सहभागी नभएका व्यक्तिहरूलाई बुझाएका छन्। यसरी कुराकानी वा बोलचालको क्रममा वक्ता र श्रोताभन्दा भिन्न विषयको रूपमा आउने ऊ, उनीहरू, त्यो, तिमीहरू, उहाँ जस्ता सर्वनाम र जान्छ, जानुहुन्छ, जान्छे ..... जस्ता क्रियापदले व्यक्त गर्ने पुरुष तृतीय पुरुष हो। अथवा, कुराकानीमा सहभागी नहुने तर कुराकानीको विषय हुन आउने पुरुष (व्यक्ति) लाई तृतीय पुरुष भनिन्छ।

**पुरुष- परिवर्तन**

१८. (क) म जान्छु।

(ख) तँ जान्छस्।

(ग) ऊ जान्छ।

यहाँ १८ (क) मा वक्ताको रूपमा रहेको 'म जान्छु' (ख) मा श्रोताको रूपमा 'तँ जान्छस्' र (ग) मा विषयको रूपमा 'ऊ जान्छ' भएका छन्। यसरी एउटा पुरुषमा रहेको संरचनालाई अर्को वा अन्य पुरुषमा बदल्ने कार्यलाई पुरुष- परिवर्तन भनिन्छ। अथवा, प्रथम पुरुषबाट द्वितीय वा तृतीय पुरुषमा लैजाने, द्वितीय पुरुषबाट प्रथम वा तृतीय पुरुषमा लैजाने वा तृतीय पुरुषबाट प्रथम पुरुष वा द्वितीय पुरुषमा लैजाने काम नै पुरुष- परिवर्तन हो।

**पुरुष- परिवर्तनका लागि तल केही उदाहरण छन् :**

| **प्रथम पुरुष** | **द्वितीय पुरुष** | **तृतीय पुरुष** |
|---|---|---|
| म गएँ। | तँ गइस्। | ऊ गयो। |
| हामी गयौँ। | तिमीहरू गयौ। | उनीहरू गए। |



| | | |
|---|---|---|
| मैले फुटबल खेलेँ। | तैले फुटबल खेलिस्। | उसले फुटबल खेल्यो। |
| हामीले फुटबल खेल्यौँ। | तिमीहरूले फुटबल खेल्यौ। | उनीहरूले फुटबल खेले। |
| म जान्छु। | तँ जान्छस् वा<br>तिमी जान्छौ।<br>तपाई जानुहुन्छ। | ऊ जान्छ वा<br>त्यो जान्छ वा<br>उनी जान्छन् वा<br>उहाँ जानुहुन्छ। |

द्वितीय पुरुष र तृतीय पुरुषमा पुरुष-परिवर्तनका बहु सम्भावना छन्। तिनलाई विकल्पले प्रयोग गर्न सकिन्छ।

**अभ्यास**

**प्रश्न-१ तल दिएका मध्येबाट पुरुष छुट्याऊ।**

हामी, उनी, तिमी, त्यो, पढ्छ, म, खान्छु, गयो, ऊ, लेख्यो, तपाईँ, उनीहरू, तिनीहरू।

**प्रश्न-२ तलका मध्ये प्रथम पुरुष र तृतीय पुरुषका उदाहरणहरू कुनकुन हुन् ?**

त्यो, तिमी, म, उनी, उनीहरू, तिमीहरू, हामी, तिमी, तपाईँ।

**प्रश्न-३ तलका वाक्यहरूलाई कोष्ठकका सङ्केतका सहयोगले परिवर्तन गर।**

(क) हामीहरू भात खान्छौँ। (तृतीय पुरुष)

(ख) त्यो त्यहाँ थिएन। (द्वितीय पुरुष)

(ग) तिनीहरू स्कुल जान्छन्। (द्वितीय पुरुष)

(घ) ऊ किताब लेख्छ। (प्रथम पुरुष)

(ङ) तपाईँले नास्ता गर्नुभयो। (तृतीय पुरुष)

**प्रश्न–४ खाली ठाउँमा कोष्ठकभित्रबाट सुहाउँदो शब्द छानी पुरा गर।**

(क) उनीहरू क्याम्पसमा ............। (पढ्यौ, पढे, पढ्छन्)

(ख) म असहायप्रति दया ............। (देख्छु, देखाउँछु, देख्छन्)

(ग) तिमी कहिले .............. ? (जान्छौ, गइस्, गएँ)

**प्रश्न–५ तलका प्रश्नको उत्तर देऊ।**

(क) पुरुष भनेको के हो र यो कति प्रकारको हुन्छ?

(ख) प्रथम पुरुष र तृतीय पुरुषका बिचमा के कस्तो भिन्नता छ?

(ग) प्रथम पुरुषलाई वर्गीकरण गरी उदाहरणसहित उल्लेख गर?

(घ) पुरुष परिवर्तन गर्ने आधारहरू के के हुन्? उल्लेख गर।

• • •

# वचन

व्याकरणमा वचन के हो भन्ने कुरा बुझ्न तल उदाहरणका साथ प्रष्ट पार्ने प्रयास गरिएको छ।

१. सानो केटो आयो।

२. साना केटाहरू आए।

यहाँ १ मा भएका तीनवटै पदहरूले छुट्टाछुट्टै हुँदा पनि वा सामूहिक रूपमा पनि एक वा एउटा मात्र बुझाएका छन्। यो तिनै पदको संरचना या यिनमा गाँसिएका प्रत्यय (सान् + ओ = सानो, केट् + ओ = केटो, आउ + ओ = आयो) नै त्यस्तो छ, जसले सधैँ त्यो संरचनाको एक सङ्ख्यालाई मात्र बुझाउँछ। त्यसै गरी २ मा त्यस्ता संरचना भएका पदहरू छन्, जसले सधैँ एकभन्दा बढी सङ्ख्याको बारेमा बुझाउँछ। 'सानो केटो आयो' एक सङ्ख्याबोधी संरचना हो भने 'साना केटाहरू आए' बहु सङ्ख्याबोधी संरचना हो। यसबाट के स्पष्ट हुन्छ भने एक वा अनेक सङ्ख्या बुझाउने संरचनाको भेदलाई वचन भनिन्छ। नेपाली भाषामा चारै प्रकारका विकारी पदमा वचनको भेद देखिन्छ, जस्तै :

| | |
|---|---|
| नामपदमा → | छोरो → छोराहरू |
| | केटो → केटाहरू |
| | घर → घरहरू |
| सर्वनामपदमा → | ऊ → उनीहरू |
| | तँ → तिमीहरू |
| | म → हामीहरू |

| | |
|---|---|
| विशेषणपदमा → | सानो →साना |
| | ठुलो →ठुला |
| | काली →काला |
| क्रियापदमा → | खान्छ →खान्छन् |
| | लेख्छ →लेख्छन् |
| | बोल्यो →बोले |

माथिका सबै जोडी पदहरूमध्ये अघिल्लाले एक सङ्ख्यालाई पछिल्लाले एकभन्दा बढी (अनेक) सङ्ख्यालाई अभिव्यक्त गरेका छन्।

**वचनका किसिम**

वचन संसारकै भाषाहरूमा पाइने एक प्रकारको व्याकरणात्मक कोटि हो। संस्कृत, हिब्रू, लिम्बू, सतारजस्ता भाषाहरूमा एकवचन, द्विवचन र बहुचवन गरी तीन किसिमको वचन व्यवस्था पाइन्छ। नेपाली भाषामा भने अङ्ग्रेजी, हिन्दी,असमीया आदि जस्तै एकवचन र बहुवचन गरी दुई किसिमको वचन व्यवस्था पाइन्छ।

**एकवचन**

(क) स्कुल

(ख) राम्रो केटो

(ग) छोरो आयो।

यहाँ (क) को पद 'स्कुल', (ख) को पदावली 'राम्रो केटो' र (ग) को वाक्य 'छोरो आयो' जस्ता संरचनाले एक वा एउटा सङ्ख्या मात्र बुझाएका छन्। यसरी कुनै एक वा एउटा मात्र हो भनी बुझाउने वचनको भेदलाई एकवचन भनिन्छ। अथवा, कुनै वाक्यात्मक एकाइ (पद, पदावलीसमेत) ले बुझाउने व्यक्ति, वस्तु वा पदार्थ एउटै मात्र हो भनी जेले बुझाउँछ, त्यो नै एकवचन हो।



**बहुवचन**

(क) स्कुलहरू

(ख) राम्रा केटाहरू

(ग) छोराहरू आए।

यहाँ (क) को पद 'स्कुलहरू', (ख) को पदावली 'राम्रा केटाहरू' र (ग) को वाक्य 'छोराहरू आए' जस्ता संरचनाले एकभन्दा बढी वा अनेक सङ्ख्या बुझाएका छन्। यसरी कुनै वाक्यात्मक एकाइ एकभन्दा बढी वा अनेक सङ्ख्या बोधक हो भनी बुझाउने वचनको भेदलाई बहुवचन भनिन्छ।

**वचन - परिवर्तन**

| **(क)** | | **(ख)** |
|---|---|---|
| भाइ | → | भाइहरू |
| म | → | हामी |
| कालो | → | काला |
| खायो | → | खाए |

यहाँ खण्ड (क) का एकवचन बुझाउने 'भाइ', 'म', 'कालो' र 'खायो' जस्ता पदहरू खण्ड (ख) मा क्रमश: छोराहरू, हामी, काला, र खाए भई बहुवचन जनाउने पद भएका छन्। यसरी एकवचनबाट बहुवचन र बहुवचनबाट एकवचनमा लैजाने कामलाई वचन परिवर्तन भनिन्छ। सामान्यतया वचन परिवर्तन गर्दा एकवचनलाई आधार मानिन्छ :

यहाँ एकवचनलाई बहुवचनमा लैजाँदा अपनाइने केही तरिकाहरू दिइएका छन् ।

**१. सामान्यतया नामको पछाडि 'हरू' थपेर :**

| **एकवचन** | **बहुवचन** |
|---|---|
| कलम | कलमहरू |
| बजार | बजारहरू |

| | |
|---|---|
| फुल | फुलहरू |
| मानिस | मानिसहरू |
| कलम | कलमहरू |
| साथी | साथीहरू |

तर आधारभूत रूपमा 'ओ' मा टुङ्गिने नाममा 'हरू' जोडिनुभन्दा अघि नै 'ओ' लाई 'आ' मा बदलिने नेपाली भाषाको प्रकृति हो, जस्तै :

| **एकवचन** | **बहुवचन** |
|---|---|
| छोरो | छोराहरू |
| केटो | केटाहरू |
| बाटो | बाटाहरू |
| जाँतो | जाँताहरू |
| छानो | छानाहरू |

त्यसै गरी सर्वनामको पछाडि अलि फरक तरिकाले 'हरू' जोडिन्छ, जस्तै :

| **एकवचन** | **बहुवचन** |
|---|---|
| ऊ | उनीहरू ( * ऊहरू) |
| तँ | तिमीहरू ( * तँहरू) |
| म | हामी/हामीहरू ( * महरू) |
| त्यो | तिनीहरू/ती ( * त्योहरू) |
| यो | यिनीहरू/यी ( * यीहरू) |
| तपाईं | तपाईंहरू |

* चिन्हले सूत्रको सङ्केत गराए तापनि मानक लेखनमा प्रयोग नहुने अवस्था छ।

**२. नाममा 'गण', 'जन', 'वृन्द', वर्ग आदि थपेर, जस्तै :**

| **एकवचन** | **बहुवचन** |
|---|---|
| विद्यार्थी | विद्यार्थीवर्ग |
| साधु | साधुगण |
| पाठक | पाठकवृन्द |
| भद्र | भद्रजन |



**३. आधारभूत रूपमा 'ओ' मा टुङ्गिने ( स्त्रीलिङ्गी ईकारान्त ) विशेषणहरूको 'ओ' लाई 'आ' मा बदलेर, जस्तै :**

| **एकवचन** | **बहुवचन** |
|---|---|
| कालो | काला |
| ठुलो | ठुला |
| राम्रो | राम्रा |
| सानी | साना |
| बाठी | बाठा |

**४. क्रियापदमा फरकफरक प्रत्यय साटेर, जस्तै :**

| **एकवचन** | **बहुवचन** |
|---|---|
| पढ्यो | पढे |
| पढें | पढ्यौँ |
| पढिस् | पढ्यौ |
| पढ्छ | पढ्छन् |
| पढ्छस् | पढ्छौ |
| जा | जाओ |
| लेख् | लेख |
| जाओस् | जाऊन् |

**शब्दलाई दोहोऱ्याएर, जस्तै :**

| **एकवचन** | **बहुवचन** |
|---|---|
| घर | घरैघर |

| | |
|---|---|
| बाटो | बाटैबाटा |
| जे | जेजे |
| सहर | सहरैसहर |
| को | कोको |

वचन परिवर्तन पदमा मात्र होइन, पदावली र वाक्यको तहमा पनि परिवर्तन हुन्छ। पदावली र वाक्यको तहमा वचन परिवर्तन हुँदा पनि आधारभूत रूपमा माथिकै प्रक्रियालाई अप्नाइन्छ, जस्तै :

| **एकवचन** | **बहुवचन** |
|---|---|
| माइलो छोरो | माइला छोरा (हरू) |
| गोरो केटो | गोरा केटा (हरू) |
| पढेको मान्छे | पढेका मान्छे (हरू) |
| मेरो साथी | मेरा साथी (हरू) |
| यसको भाइ | यसका भाइ (हरू) |

यहाँ **हरू** नलेखे पनि बहुवचन बुझिन्छ।

**वाक्यको तहमा**

| **एकवचन** | **बहुवचन** |
|---|---|
| छोरो आयो। | छोरा (हरू) आए। |
| तिम्रो गोरु हरायो। | तिम्रा गोरु (हरू) हराए। |
| तँ हराइस्। | तिमीहरू हरायौ। |
| बाटो राम्रो छ। | बाटा (हरू) राम्रा छन्। |
| सानी बहिनी आई। | साना बहिनी (हरू) आए। |
| राम्री छोरी गई। | राम्रा छोरी (हरू) गए। |
| म जान्छु। | हामी जान्छौँ। |
| उसले जानेको छ। | उनीहरूले जानेका छन्। |



**अभ्यास**

**प्रश्न–१ तल दिएका शब्दहरूमध्येबाट एकवचन र बहुवचन छुट्याऊ।**

घर, केटो, छोराहरू, कलम, साथीहरू, फुलहरू, मान्छे, किताबहरू, उनीहरू, तँ, त्यो, हामी, जङ्गल, बाटो, नदीहरू, क्याम्पस, स्कुलहरू, नेपाल, जिल्लाहरू।

**प्रश्न–२ तलका मध्येबाट बहुवचन छुट्याऊ।**

पानी, माटो, घर, हावा, बाटो, स्कुलहरू, बगैचाहरू, गोरु, विद्यार्थी, कोठाहरू, चक, डस्टरहरू, कालोपाटी, रुमालहरू, जुत्ता, कपडाहरू, ओढ्ने, लेखकहरू।

**प्रश्न–३ तल दिएका शब्दहरूलाई एकवचनबाट बहुवचनमा लैजाऊ।**

नदी, खोला, त्यो, केटो, फुल, बगैँचा, घर, मान्छे, पुस्तक, कलम, जान्छ, पढोस्।

**प्रश्न–४ बहुवचनबाट एकवचनमा लैजाऊ।**

हामी, उनीहरू, तिनीहरू, फुलहरू, बगैँचाहरू, ती, यी, पुस्तकहरू गाईहरू, भाइहरू, पढ्छन्, लेखून्, आए, पढ्यौ।

**प्रश्न–५ तलका वाक्यमा सुहाउँदा शब्द राखी खाली ठाउँ भर।**

(क) त्यहाँ राम्रा ......... छन्। (पुस्तकहरू, पानी, माटो)

(ख) बगैचामा ......... छन्। (माली, फुलहरू, रुख)

(ग) उनको ......... राम्रो छ। (घर, किताबहरू, पुस्तकहरू)

(घ) .......... स्कुलमा पढ्छन्। (भाइहरू, तपाईहरू, तिमीहरू)

**प्रश्न–६ एकवचनलाई बहुवचनमा लैजाऊ।**

(क) छोरी →

(ख) विद्यार्थी →

(ग) भद्र →

(घ) साधु →

(ङ) सज्जन →

**प्रश्न–७ तल दिएका वाक्यहरूलाई कोष्ठकका सङ्केतका सहयोगले वचन परिवर्तन गर।**

(क) म भात खान गएँ। (बहुवचन)

(ख) हिमालहरू अग्ला छन्। ( एकवचन)

(ग) विद्यार्थीहरू रुन थाले। (एकवचन)

(घ) हुलाकीले चिट्ठी ल्यायो। (बहुवचन)

(ङ) म राम्ररी पढ्दै छु। (बहुवचन)

(च) तिमी घर जाऊ। (बहुवचन)

(छ) उनीहरू परीक्षामा उत्तीर्ण भए। (एकवचन)

(ज)केटाहरू दगुर्न थाले। (एकवचन)

(झ) हामी विद्यार्थी हौँ। (एकवचन)

(ञ) त्यो रेडियो निकै राम्रो छ। (बहुवचन)

**प्रश्न–८**

(क) वचन कति प्रकारको हुन्छ? उदाहरणसहित उल्लेख गर।

(ख) नेपालीमा वचनको परिवर्तन कसरी हुन्छ?

(ग) अङग्रेजी,हिन्दी र असमीया भाषामा कस्तो खाल्को वचन व्यवस्था हुन्छ भन्नेबारे फुर्सद निकाली सोचेर तुलनात्मक रूपमा छलफल गर।

• • •

# लिङ्ग

**नेपाली भाषामा दुइटा व्याकरणिक लिङ्ग रहेको सैद्धान्तिक विषयलाई यहाँ यसरी उल्लेख गरिएको छ।**

**भाषामा लिङ्ग व्यवस्था कस्तो हुन्छ ?**

१. केटो–केटी

२. छोरो– छोरी

माथिका दुइटै जोडीका पदहरूमा देखिएको संरचनाको भेदले अघिल्ला पदहरू ‘केटो’ र ‘छोरो’ भाले जातिबोधक हुन पुगेका छन् भने पछिल्ला पदहरू ‘छोरी’ र ‘केटी’ चाहिं पोथी बोधक हुन पुगेका छन्। यसरी सामान्यतया भाले जाति र पोथी जाति छुट्याउने गरी कुनै पनि पदमा देखिएको संरचनाको भेदलाई लिङ्ग भनिन्छ। अथवा, सामान्य रूपमा लिङ्ग त्यस व्याकरणिक चिन्ह वा सङ्केतलाई भनिन्छ, जसले कुनै संरचना (पद आदि) भाले जाति वा पोथीजाति हो भनी छुट्याइदिन्छ।

नेपाली भाषामा सर्वनामपदबाहेक अन्य विकारीपदमा सीमित रूपमा लिङ्ग भेद देखिन्छ, जस्तै :

नामपदमा → छोरा–छोरी

केटो–केटी

छेत्री–छेत्रिनी

गायक– गायिका

| | |
|---|---|
| विशेषणपदमा → | मोटो–मोटी |
| | कालो–काली |
| | सानो–सानी |
| | छुच्चो–छुच्ची |
| क्रियापदमा → | खायो–खाई |
| | खान्छ–खान्छे |
| | खाएको छ–खाएकी छे |
| | खाला–खाली |

यी जोडी पदहरूमा अघिल्ला खण्डका पदहरूले भाले जातिलाई बुझाएका छन् भने पछिल्ला खण्डका पदहरूले पोथी जातिलाई बुझाएका छन्। यहाँ देखिएको लिङ्ग भेद प्रत्ययको भेदमा आधारित छ।

**लिङ्गका किसिम**

माथिका विभिन्न उदाहरणबाट के प्रस्ट भइसकेको छ भने भाले पोथीका आधारमा नेपाली भाषामा दुई किसिमका लिङ्ग छन्– पुलिङ्ग र स्त्रीलिङ्ग।

**पुलिङ्ग**

१. छोरो आयो।

२. सानो केटो गयो।

माथिका उदाहरणहरूमा प्रयोग भएका पदहरूले भालेजातिलाई बुझाएका छन्। यसरी भाले जाति बुझाउने प्रत्ययको भेदलाई पुलिङ्ग भन्दछन्। पुलिङ्ग पनि दुई किसिमका हुन्छन्– मानवीय(ह्युमेन) पुलिङ्ग र मानवेतर(नन–ह्युमेन) पुलिङ्ग।

(क) मानवीय पुलिङ्ग : छोरो, केटो, कार्की, काका..............।

(ख) मानवेतर पुलिङ्ग : बाछो, पाडो, घोडा, बाघ, भँगेरो.........।

**५.२.२ स्त्रीलिङ्ग**

१. छोरी आई।

२. सानी केटी गई।



माथिका उदाहरणमा प्रयोग भएका पदहरूले पोथी वा स्त्रीजातिलाई बुझाएका छन्। यसरी पोथी वा स्त्रीजातिलाई बुझाउने प्रत्ययको भेदलाई स्त्रीलिङ्ग भनिन्छ। स्त्रीलिङ्ग पनि दुई किसिमका हुन्छन्– मानवीय स्त्रीलिङ्ग र मानवेतर स्त्रीलिङ्ग।

(क) मानवीय स्त्रीलिङ्ग : छोरी, केटी, कार्किनी, काकी.......।

(ख) मानवेतर स्त्रीलिङ्ग : बाछी, पाडी, घोडी, बघिनी, भँगेरी.....।

यीबाहेक परम्परागत व्याकरणमा निर्जीव वस्तुहरू (घर, कलम, कापी, टेबल आदि) लाई *नपुंसक लिङ्ग* र भालेपोथी दुवै जनाउने वस्तुहरू (मान्छे, हात्ती, माछो, पङ्क्षी, विद्यार्थी आदि) लाई *उभयलिङ्ग* वा *सामान्य लिङ्ग* भन्ने गरेको पाइन्छ तर वाक्यात्मक प्रयोगका सन्दर्भमा यस्ता पदहरूले पुलिङ्गसरह काम गर्छन्। त्यसैले भाषावैज्ञानिक तथा व्याकरणिक दृष्टिले नेपालीमा दुइटा लिङ्ग (पुलिङ्ग र स्त्रीलिङ्ग) मात्र छन्,चारवटा होइन।

**५.३ लिङ्ग– परिवर्तन**

| **(क)** | | **(ख)** |
|---|---|---|
| छोरो | – | छोरी |
| मोटो | – | मोटी |
| हुन्छ | – | हुन्छे |

यहाँ (क) खण्डमा परेका 'छोरो', 'मोटो' र 'हुन्छ' पदले बुझाउने लिङ्ग पुलिङ्ग हो तर तिनै (क मा रहेका) पदहरू खण्ड (ख) मा क्रमशः 'छोरी', 'मोटी' र 'हुन्छे' हुन पुग्दा स्त्रीलिङ्ग हुन पुगेका छन्। यसरी पद, पदावली वा वाक्यलाई एउटा लिङ्गबाट अर्को लिङ्गमा बदल्ने कामलाई लिङ्ग परिवर्तन भनिन्छ। अथवा पुलिङ्गबाट स्त्रीलिङ्ग र स्त्रीलिङ्गबाट पुलिङ्गमा बदल्ने काम नै लिङ्ग–परिवर्तन हो।

पदहरूलाई पुलिङ्गबाट स्त्रीलिङ्गमा बदल्दा सामान्यतया निम्न तरिकाहरू अपनाइन्छन्।

**१. पदलाई ईकारान्त ( ई, मा टुङ्गिने ) बनाएर, जस्तै :**

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| छोरो (छोर् + ओ) | छोरी (छोर् + ई) |
| केटो | केटी |
| बाठो | बाठी |
| मोटो | मोटी |
| काका | काकी |
| कुमार | कुमारी |
| ठिटो | ठिटी |
| घोडा | घोडी |
| पाठो | पाठी |
| गयो | गई |
| खायो | खाई |

**पुलिङ्गमा नी' थपेर स्त्रीलिङ्ग बनाइन्छ वा बनिन्छ, जस्तै :**

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| नाति | नातिनी |
| छेत्री | छेत्रिनी |
| लिम्बू | लिम्बुनी |
| राई | राइनी |
| बाहुन | बाहुन्नी |
| मगर | मगर्नी |
| मास्टर | मास्टर्नी |
| कार्की | कर्किनी |
| पण्डित | पण्डित्नी |



| | |
|---|---|
| साहू | साहुनी |
| मिसिङ | मिसिङ्नी |

**'इनी' वा 'एनी' थपेर, जस्तै :**

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| भक्त | भक्तिनी |
| लामा | लामिनी/लमेनी |
| मीत | मितिनी |
| सेर्पा | सेर्पिनी/सेर्पेनी |
| मुखिया | मुखिनी/मुखेनी |

**'इका' प्रत्यय थपेर, जस्तै :**

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| नायक | नायिका |
| गायक | गायिका |
| धावक | धाविका |
| सम्पादक | सम्पादिका |
| शिक्षक | शिक्षिका |
| लेखक | लेखिका |

**समस्त शब्दको अघिल्लो रूप बदलेर, जस्तै :**

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| बाबुसाहेब | मैयासाहेब |
| राजासाहेब | रानीसाहेब |
| लोग्नेमान्छे | स्वास्नीमान्छे |
| भालेहाँस | पोथीहाँस |

**समस्त शब्दको पछिल्लो रूप बदलेर, जस्तै :**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गुरुबा | गुरुमा |
| हजुरबा | हजुरआमा |
| युवराजा | युवराज्ञी |
| भान्दाइ | भान्दिदी |
| सानोबा | सानिमा |

**सिङ्गै शब्द बदलेर, जस्तै :**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| बाबू | आमा |
| बाजे | बज्यै |
| गोरु | गाई |
| भाइ | बहिनी |
| विद्वान् | विदुषी |
| बीर | भुनी |
| बीर | बीराङ्गना |
| मत्ता | ढोई |
| जुर्रा | साही |
| बादशाह | बेगम |
| कवि | कवयित्री |
| झाँक | मुडुली |

तर भाषावैज्ञानिक दृष्टिले यस तरिकालाई लिङ्ग परिवर्तन मानिंदैन।

माथि दिइएका विभिन्न तरिकाका साथै छ्यासमिसे प्रत्ययको प्रयोगले पनि पुलिङ्गबाट स्त्रीलिङ्गमा बदल्न सकिन्छ, जस्तै :



| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| राजा | रानी |
| मामा | माइजू |
| फुपाजु | फुपू |
| तन्नेरी | तरुनी |
| दाजु | दिदी |
| गुरुङ | गुरुङ्सेनी |
| देवर | देवरानी |
| जेठाजु | जेठानी |
| सम्राट | साम्राज्ञी |
| भदो | भदै/भदैनी |
| प्रिय | प्रिया |
| युवक | युवती |

**लिङ्ग**– परिवर्तन पदको तहमा मात्र होइन, पदावली तथा वाक्यको तहमा पनि गर्न सकिन्छ, जस्तै :

**पदावलीको तहमा**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| राम्रो केटो | राम्री केटी |
| ठुलो छोरो | ठुली छोरी |
| पढेको ठिटो | पढेकी ठिटी |
| उसको काका | उसकी काकी |
| साना भाइ(हरू) | साना बहिनी (हरू) |
| मोटो पाठो | मोटो पाठी |
| उडेको चरो | उडेकी चरी |

| | |
|---|---|
| महङ्गा गोरु(हरू) | महङ्गा गाई (हरू) |
| उसका छोरा (हरू) | उसका छोरी (हरू) |

**वाक्यको तहमा**

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| छोरो गयो | छोरी गई |
| सानो केटो हरायो | सानी केटी हराई |
| पाडोले घाँस खायो | पाडीले घाँस खायो |
| सानो चरो उड्यो | सानो चरी उड्यो |
| केटाहरूले खाए | केटीहरूले खाए |
| राम्रा गायकहरूले गीत गाए | राम्रा गायिकाहरूले गीत गाए |
| घोडाहरू मरे | घोडीहरू मरे |

● ● ●

# काल

सबै भाषामा पाइने व्याकरणिक काल व्यवस्थालाई नेपाली भाषाको प्रकृति अनुसार मुख्य रूपमा दुइटा कालमा समेटेर यहाँ व्याख्या गरिएको छ।

१. मैले लेखे।

२. म लेख्छु।

३. म लेख्ने छु।

यहाँ रेखाङ्कित सबै क्रियापद एउटै धातु 'लेख' बाट बनिएका हुन् तापनि तिनमा लागेका फरक–फरक प्रत्ययले गर्दा ती क्रियापदहरू फरक–फरक समय बुझाउने क्रियापद भएका छन्। १ को क्रियापद 'लेख्' धातुमा 'एँ' प्रत्यय लागेर बनेको छ र यसले लेख्ने काम कथनसमय (उक्त वाक्य भनिएको समय) भन्दा अघि नै भइसकेको जनाएको छ। २ को क्रियापद उही धातुमा 'छु' प्रत्यय थपिएर बनेको छ र यसले लेख्ने काम कथनसमयमा हुन्छ भन्ने जनाएको छ। ३ को क्रियापद पनि उही धातुमा 'ने छु' प्रत्यय थपिएर बनेको छ र यसले लेख्ने काम कथनसमयभन्दा पछि हुने कुरा जनाएको छ। यसरी कथनसमयको तुलनामा क्रियापदले बताउने समयको भेदलाई नै काल भनिन्छ। वा क्रियापदले बताउने समय नै काल हो।

क्रियापदले बताउने उक्त समय क्रियापद बन्दा धातुमा थपिने विभिन्न प्रत्ययहरूले निर्धारण गर्छन्, जस्तै :

<u>क्रियापद</u> = <u>धातु</u> + <u>प्रत्यय</u> → <u>कथनसमयको तुलनामा तिनले बुझाउने समय</u>

लेख्यो = लेख् + यो → कथनसमयभन्दा अघि (बितेको समय)

लेख्छ = लेख् + छ → कथनसमयमै (वर्तमान समय)

लेख्नेछ = लेख् + ने छ → कथनसमयभन्दा पछि (आउँदो समय)

काल क्रियापदमा घटित हुने व्याकरणात्मक कोटि हो।

**कालका किसिम :**

कथनसमय (भनिएको समय) बिन्दु र क्रियापदमा देखिने प्रत्ययलाई आधार मान्दा नेपालीमा दुई प्रकारका काल रहेछन् भन्ने कुरो माथिका विभिन्न उदाहरणबाट प्रस्ट हुन्छ। ती हुन् → भूतकाल र अभूतकाल।

→कथनसमयभन्दा अघिको (१ भूतकाल)

→कथनसमय र त्यसभन्दा पछिको (२ अभूतकाल)

अभूतकाल पनि दुई किसिमको हुन्छ - वर्तमान र भविष्यत्।

तल क्रमशः १. भूतकाल, २. वर्तमानकाल र ३. भविष्यत्कालका बारेमा चर्चा गरिएको छ।

**भूतकाल**

४. मैले <u>लेखेँ।</u>

५. तैँले <u>खाइस्।</u>

६. उसले <u>खेल्यो।</u>

यहाँ ४. को 'लेखेँ', ५. को 'खाइस्' र ६. को 'खेल्यो' जस्ता क्रियापदले उक्त वाक्यमा भनिएका बखतभन्दा अघि नै त्यस क्रियापदले बताएको काम घटित भइसकेको बुझाएका छन्। यसरी कथनसमयभन्दा अघि नै कुनै कुरा_भइसकेको बुझाउने क्रियापदको काललाई भूतकाल भनिन्छ। भूतकालले बितेको समयलाई बुझाउँछ।

यहाँ, 'खा' धातुबाट बनेको भूतकालका विभिन्न वचन, लिङ्ग र पुरुष



बुझाउने क्रियापदको रूपावली दिइएको छ।

| **करण** | **अकरण** |
|---|---|
| खाएँ | खाइनँ |
| खायौ | खाएनौ |
| खाइस् | खाइनस् |
| खायौ | खाएनौ |
| खायो | खाएन |
| खाई | खाइन |
| खाइन् | खाइनन् |
| खाए | खाएनन् |
| खानुभयो | खानुभएन |

**वर्तमान काल**

७. म लेख्छु।

८. तिमी खान्छौ।

९. राम खेल्छ।

यहाँ ७ को 'लेख्छु', ८ को 'खान्छौ' र ९ को 'खेल्छ' जस्ता क्रियापदले उक्त वाक्य भनिएका बखतमा नै त्यस क्रियापदले बताएको काम घटित हुन्छ भन्ने बुझाएका छन्। यसरी कथनसमयमा नै कुनै कुरो हुन्छ भनी बुझाउने क्रियापदको काललाई वर्तमानकाल भनिन्छ। वर्तमानकालले भइरहेको समयलाई बुझाउँछ।

यहाँ 'लेख्' धातुबाट बनेका वर्तमानकालका विभिन्न लचन, लिङ्ग र पुरुष बुझाउने क्रियापदका रूपावली दिइएको छ।

| **करण** | **अकरण** |
|---|---|
| लेख्छु | लेख्तिनँ |
| लेख्छौ | लेख्दैनौ |
| लेख्छस् | लेख्दैनस् |

| | |
|---|---|
| लेख्छौ | लेख्दैनौ |
| लेख्छ | लेख्दैन |
| लेख्छे | लेख्दिन |
| लेख्छिन् | लेख्दिनन् |
| लेख्छन् | लेख्दैनन् |
| लेख्नुहुन्छ | लेख्नुहुँदैन |

**भविष्यत्काल :**

१०. म <u>बोल्ने छु</u>।

११. तँ <u>जाने छस्</u>।

१२. ऊ <u>बस्ने छ</u>।

यहाँ १० को 'बोल्ने छु', ११ को 'जाने छस्' र १२ को 'बस्ने छ' जस्ता क्रियापदले उक्त वाक्य भनिएका बेलाभन्दा पछाडि त्यस क्रियापदले बताएको काम घटित हुने कुरा बताएका छन्। यसरी कथनसमयभन्दा पछि कुनै काम हुने कुरो बुझाउने क्रियापदको काललाई भविष्यत्काल भनिन्छ। भविष्यत्कालले पछि आउने समयलाई बुझाउँछ।

यहाँ 'बोल्' धातुबाट बनेका भविष्यत्कालका विभिन्न वचन, लिङ्ग र पुरुष बुझाउने क्रियापदका रूपावली दिइएको छ।

| **करण** | **अकरण** |
|---|---|
| बोल्ने छु | बोल्ने छैनँ |
| बोल्ने छौ | बोल्ने छैनौ |
| बोल्ने छस् | बोल्ने छैनस् |
| बोल्ने छौ | बोल्ने छैनौ |
| बोल्ने छ | बोल्ने छैन |
| बोल्ने छे | बोल्ने छैन |
| बोल्ने छिन् | बोल्ने छैनन् |
| बोल्ने छन् | बोल्ने छैनन् |



**काल- परिवर्तन**

१३. (क) म <u>सुतेँ</u>। (भूतकाल)

(ख) म <u>सुत्छु</u>। (वर्तमानकाल)

(ग) म <u>सुत्ने छु</u>। (भविष्यत्काल)

१३ (क) को 'सुतेँ' क्रियापदले बुझाउने काल भूतकाल हो र त्यसलाई वर्तमानकालमा लैजाँदा 'सुत्छु' (१३ ख) हुनपुगेको छ भने भविष्यत्कालमा लैजाँदा 'सुत्ने छु' (१३ ग) हुनपुगेको छ। यसरी एउटा कालबाट अर्को वा अन्य कालमा कुनै संरचनालाई बदल्ने कामलाई काल–परिवर्तन भनिन्छ। अथवा काल–परिवर्तन भनेको भूतकालबाट वर्तमान वा भविष्यत्कालमा, वर्तमानकालबाट भूत वा भविष्यत्मा र भविष्यत्कालबाट वर्तमान वा भूतकालमा लैजाने कार्य हो।

**काल- परिवर्तनका केही उदाहरण :**

| **भूतकाल** | **वर्तमानकाल** | **भविष्यत्काल** |
|---|---|---|
| म गएँ। | म जान्छु। | म जाने छु। |
| हामी गयौ। | हामी जान्छौ। | हामी जाने छौ। |
| तैले कुटिस्। | तँ कुट्छस्। | तँ कुट्ने छस्। |
| तिमी आयौ। | तिमी आउँछौ। | तिमी आउने छौ। |
| तपाई बस्नुभयो। | तपाई बस्नुहुन्छ। | तपाई बस्नुहुने छ। |
| ऊ सुत्यो। | ऊ सुत्छ। | ऊ सुत्ने छ। |
| सीता हाँसी। | सीता हाँस्छे। | सीता हाँस्ने छे। |
| उनीहरूले खेले। | उनीहरू खेल्छन्। | उनीहरू खेल्नेछन्। |

**काल- परिवर्तन गर्दा ध्यान दिनुपर्ने कुरा :**

परिवर्तन गर्नुपर्ने वाक्य (संरचना) जुन वचन, जुन लिङ्ग, जुन पुरुष र जुन आदरबोधी छ, परिवर्तित वाक्य पनि उही वचन, उही लिङ्ग, उही पुरुष र उही आदरबोधी हुनुपर्छ।

**अभ्यास**

**प्रश्न–१ तलका क्रियापदहरू कुनकुन कालका हुन् छुट्याऊ।**

खायो, आयौ, बस्छु, लेख्ने छु, खान्छ, खेल्यो, बोल्ने छ, हेर्ने छिन, ल्याएँ, बोली, खान्छु, टार्छस्, हार्छौ, बोल्ने छन्, मर्ने छु, आउँछे, हास्ने छे, टारिन, बोलिनँ, जाँदिन, मरेन।

(क) भूतकाल :

(ख) वर्तमानकाल :

(ग) भविष्यत्काल :

**प्रश्न–२ कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले वाक्य पुरा गर।**

(क) राम घर ............ (जा, भूतकाल)

(ख) हामीले भात ............ (खा, भूतकाल)

(ग) तिमी यही ............... (बस्, वर्तमानकाल)

(घ) राम पाठ ................. (पढ्, वर्तमानकाल)

(ङ) तिमी भोलि.............. (आउ, भविष्यत्काल)

(च) उनीहरू पाठ ............ (घोक्, भविष्यत्काल)

**प्रश्न –३ तलका वाक्यहरू कोष्ठकमा बताए अनुसार बदल।**

(क) म गृहकार्य गर्छु। (भूतकाल)

(ख) तिमी कहाँ जाने छौ। (वर्तमानकाल)

(ग) उनीहरू पाठ पढ्छन्। (भविष्यत्काल)

(घ) हामी हिमाल चढ्ने छौँ। (भूतकाल)

(ङ) तैँले भात खाइस्। (वर्तमानकाल)

(च) उसले गीत गायो। (भविष्यत्काल)



(छ) तपाईँले पाठ सार्नुभयो। (वर्तमानकाल)

(ज) तिनीहरू हल्ला गर्छन्। (भूतकाल)

(झ)उनी यही बसिन्। (भविष्य्काल)

**प्रश्न–४**

(क) काल भनेको के हो?

(ख) काल कति किसिमका हुन्छन्? नाम लेखी उदाहरणसमेत देऊ।

(ग) भूतकालले केलाई बुझाउँछ?

(घ) कस्तो काललाई वर्तमानकाल भनिन्छ?

(ङ) के कथन समयभन्दा पछि कुनै काम हुने कुरो बुझाउने क्रियापदको काल भविष्यत्काल हो?

(च) काल परिवर्तन गर्दा के कस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ।

• • •

# पक्ष

**कालपछि अध्ययन गर्नु पर्ने महत्वपूर्ण पाटो हो पक्ष। यसबारे यहाँ बताइएको छ।**

१. राम आयो।

२. राम आउँदै थियो।

३. राम आएको थियो।

४. राम आउँथ्यो।

५. राम आएछ।

यहाँ १ देखि ५ सम्ममा उदाहरणमा परेका रेखाङ्कित क्रियापदहरू एउटै काल (भूतकाल) का क्रियापद हुन् तापनि यिनमा रहेका संरचनाको भेदले त्यही कालभित्र पनि मसिना भेद प्रस्तुत गरेका छन्। १ को क्रियापद 'आयो' ले भूतकालमा आउने काम भयो भन्ने जानकारीसम्म दिएको छ। २ को क्रियापद 'आउँदै थियो' ले चाहिं त्यस कालमा आउने काम भइरहेको वा पुरा नभएको कुराको जानकारी दिएको छ। त्यसै गरी ३ को क्रियापद 'आएको थियो' ले त्यस कालमा आउने काम पुरा भएको कुराको जानकारी दिएको छ भने ४ को क्रियापद 'आउँथ्यो' ले त्यस कालमा आउने कामको अभ्यस्ततालाई बुझाएको छ र ५ को क्रियापद 'आएछ' ले चाहिँ त्यस कालमा आउने काम भइसके पनि पछि मात्र ज्ञात भएको कुरो बुझाएको छ। यसरी कुनै कालका बारेमा क्रियापदले बताउने अरू थप कुरालाई पक्ष भनिन्छ, पक्षले क्रियापदले बताउने समयको अरू मसिना भेद वा



अवस्थालाई सङ्केत गर्ने भएकाले यसलाई विशेषकाल पनि भनिन्छ।

पक्षले वाक्यको कथनसमयमा क्रियापदले बताएको काम पुरा भइसकेको हो वा चालू अवस्थामा नै छ भन्ने कुरा बताउन सक्छ र नबताउन पनि सक्छ। यो पनि कालजस्तै क्रियापदमा अभिव्यक्त हुने व्याकरणिक कोटि हो।

**पक्षका किसिम :**

**पक्ष**

↓

१. सामान्य २. अपूर्ण ३. पूर्ण ४. अभ्यस्त ५.अज्ञात

यी भूतकालमा ५ वटै, वर्तमानकालमा र भविष्यत्कालमा ३/३ वटा (अभ्यस्त र अज्ञातबाहेक) मात्र घटित हुन्छन् वा देखिन्छन्। यहाँ तीनवटै काल अनुसार वितरित हुने पक्षहरूको बारेमा चर्चा गरिएको छ।

**भूतकाल : सामान्य पक्ष**

६. उसले पढ्यो।

७. तैले लेखिस्।

यहाँ ६ को क्रियापद 'पढ्यो' र ७ को क्रियापद 'लेखिस्' ले कथनसमयभन्दा अघि ती क्रियापदले बनाएको काम भयो भन्ने बुझाएको छ, तर काम पूर्ण भएको वा चालू अवस्थामा रहेको केही पनि बनाएको छैन। यसरी क्रियापदले बताएको कार्यव्यापार सामान्यरूपमा अघि नै भइसकेका तर पूर्ण वा चालू अवस्थामा छ भनी नबुझाउने पक्ष भूतकालको सामान्य पक्ष हो।

भूतकालको सामान्य पक्ष बुझाउने करण क्रियापदको बनोट :

धातु+एँ/ यौं/ इस्/ यौ/ यो/ ई/ इन्/ ए/ नुभयो............।

'खा' धातुको भूतकाल : सामान्य पक्ष बुझाउने क्रियापदको करण रूपावली :

| धातु + | प्रत्यय | = क्रियापद |
|---|---|---|
| खा + | एँ | = खाएँ |
| खा + | यौ | = खायौ |

खा + इस् = खाइस्

खा + यौ = खायौ

खा + यो = खायो

खा + ई = खाई

खा + इन् = खाइन्

खा + ए = खाए

खा + नुभयो = खानुभयो

यसलाई सामान्य भूतकाल भनिन्छ।

**८.२.२ भूतकाल : अपूर्ण पक्ष**

८. म हिंड्दै थिएँ।

९. ऊ बोल्दै थियो।

यहाँ ८ को क्रियापद 'हिड्दै थिएँ' र ९ को क्रियापद 'बोल्दै थियो' ले बुझाउने कार्यव्यापार कथनसमयभन्दा अघि सुरु भएको तर पूर्ण नभएको भन्ने बुझाएका छन्। यसरी क्रियापदले बताएको कार्यव्यापार कथनसमयभन्दा अघि नै सुरु भएको तर अपूर्ण रहेको बताउने पक्ष भूतकालको अपूर्ण पक्ष हो।

**भूतकालको अपूर्ण पक्ष बुझाउने करण क्रियापदको बनोट :**

धातु+तै/ दै/ थिएँ/ थियौ/ थिइस्/ थियौ/ थियो/ थिई/ थिई/ थिइन्/ थिए/ हुनुहुन्थ्यो।

**'जा' धातुको भूतकाल : अपूर्ण पक्ष बनाउने क्रियापदको करण रूपावली :**

| धातु + | प्रत्यय | = क्रियापद |
|---|---|---|
| जा + | तै/दै थियौ | = जाँदै थियौ |
| जा + | तै/दै थिइस् | = जाँदै थिइस् |
| जा + | तै/दै थियो | = जाँदै थियो |
| जा + | तै/दै थियौ | = जाँदै थियौ |
| जा + | तै/ दै थिई | = जाँदै थिई |
| जा + | तै/ दै थिइन् | = जाँदै थिइन् |
| जा + | तै/ दै थिए | = जाँदै थिए |
| जा + | तै/ दै हुनुहुन्थ्यो | = जाँदै हुनुहुन्थ्यो। |



यसलाई अपूर्ण भूतकाल भनिन्छ।

यहाँ १० को क्रियापद 'बसेका थियौ' र ११ को क्रियापद 'भनेको थियौ' ले क्रियापदले बुझाउने कथनसमयभन्दा अघि नै पूर्ण भएको बुझाएका छन्। यसरी क्रियापदले बताएको कार्यव्यापार कथनसमयभन्दा धेरै अघि नै पूर्ण भएको र त्यसको असर वा महत्त्वसमेत समाप्त भएको बताउने पक्ष भूतकालको पूर्णपक्ष हो।

**भूतकालको पूर्ण पक्ष बुझाउने करण क्रियापदको बनोट :**

धातु+एको/ एका/ एकी/ थिएँ/ थियौ/ थिइस्/ थियौ/ थियो/ थिई/ थिइन्/ थिए/ हुनुहुन्थ्यो।

**'सुत्' धातुको भूतकाल : पूर्ण पक्ष बुझाउने क्रियापदको करण रूपावली :**

| धातु + | प्रत्यय | = क्रियापद |
|---|---|---|
| सुत् + | एको थिएँ | = सुतेको थिएँ |
| सुत् + | एका थियौ | = सुतेका थियौ |
| सुत् + | एको थिइस् | = सुतेको थिइस् |
| सुत् + | एका थियौ | = सुतेका थियौ |
| सुत् + | एकी थिई | = सुतेकी थिई |
| सत् + | एकी थिइन् | = सुतेकी थिइन् |
| सत् + | एका थिए | = सुतेका थिए |
| सत् + | एको हुनुहुन्थ्यो | = सुत्नुभएको थियो। |

यसलाई पूर्ण भूतकाल भनिन्छ।

**भूतकाल : अभ्यस्त पक्ष**

१२. तँ मन्दिर जाँन्थिस्।

१३. रमेश पढ्न आउँथ्यो।

यहाँ १२ को क्रियापद 'जान्तिस्' र १३ को क्रियापद 'आउँथ्यो' क्रयाले बुझाउने कार्यव्यापार कथनसमयभन्दा अघि सम्बन्धित कर्ता (१२ को 'तँ' र १३ को 'रमेश') को बानी या आदतको रूपमा रहेको तर अब त्यो बानी या आदत नरहेको कुरा बुझाएका छन्। यसरी क्रियापदले बताएको कार्यव्यापार कथनसमयभन्दा अघि कर्ताको बानी या आदतको रूपमा रहेको तर अब त्यो बानी या आदत नरहेको बताउने पक्ष भूतकालको अभ्यस्त पक्ष हो।

**भूतकालको अभ्यस्त पक्ष बुझाउने करण क्रियापदको बनोट :**

धातु + थे/ थ्यौ/ थिस्/ थ्यो/ थ्यौ/ थ्यो/ थ्यो/ थी/ थिस्/ थे/ नुहुन्थ्यो....

**'खेल्' धातुको भूतकाल : अभ्यस्त पक्ष बुझाउने क्रियापदको करण रूपावली :**

| **धातु** + | **प्रत्यय** | = **क्रियापद** |
|---|---|---|
| खेल् + | थेँ | = खेल्थेँ |
| खेल् + | थ्यौ | = खेल्थ्यौ |
| खेल् + | थिस् | = खेल्थिस् |
| खेल् + | थ्यौ | = खेल्थ्यौ |
| खेल् + | थ्यो | = खेल्थ्यो |
| खेल् + | थी | = खेल्थी |
| खेल् + | थिन् | = खेल्थिन् |
| खेल् + | थे | = खेल्थे |
| खेल् + | नुहुन्थ्यो | = खेल्नुहुन्थ्यो। |

यसलाई अभ्यस्त भूतकाल भनिन्छ।

**भूतकाल : अज्ञात पक्ष**

१४. तिमी हिड्डँछौ।



१५. दिवस पुगेछ।

यहाँ १४ को क्रियापद 'हिड्छौ' र १५ को क्रियापद 'पुगेछ' ले बुझाउने कार्यव्यापार पहिले नै भइसकेको तर वक्तालाई पछि ज्ञात हुन आएको कुरा बुझाएका छन्। यसरी क्रियापदले बनाएको कार्यव्यापार कथनसमयभन्दा अघि (पहिले नै) भइसकेको तर वक्तालाई पछि थाहा हुन आएको कुरो बताउने पक्ष भूतकालको अज्ञात पक्ष हो।

**भूतकालको अज्ञात पक्ष बुझाउने करण क्रियापदको बनोट :**

धातु + ए/ इ/ छ/ छौ/ छस्/ छौ/ छ/ छे/ छिन्/ छन्/ हुनुहुन्छ....

**'पुग्' धातुको भूतकाल : अज्ञात पक्ष बुझाउने क्रियापदको करण रूपावली :**

| **धातु** + | **प्रत्यय** | = **क्रियापद** |
|---|---|---|
| पुग् + | एछु | = पुगेछु |
| पुग् + | इ/एछस् | = पुगेछस्/पुगिछस् |
| पुग् + | एछौ | = पुगेछौ |
| पुग् + | एछ | = पुगेछ |
| पुग् + | इछे | = पुगिछे |
| पुग् + | इछन् | = पुगिछन् |
| पुग् + | एछन् | = पुगेछन् |
| पुग् + | नुभएछ | = पुग्नुभएछ |

यसलाई अज्ञात भूतकाल भनिन्छ।

**वर्तमान : सामान्य पक्ष :**

१७. म सिनेमा हेर्छु।

१८. उनीहरू चिठी लेख्छन्।

यहाँ १७ को क्रियापद 'हेर्छु' र १८ को क्रियापद 'लेख्छन्' ले क्रियापदले बुझाउने कार्यव्यापार कथनसमयमा नै हुन्छ भनी बुझाएका छन् र तर तिनको अवस्था

(पूर्ण–अपूर्ण) का बारेमा भने केही पनि बताएका छैनन्। यसरी कथनसमयमा नै क्रियापदले बताएको कार्यव्यापार सामान्यरूपले हुने नहुने निश्चित गर्ने तर तिनको अवस्थाका बारेमा केही नबताउने पक्ष वर्तमानकालको सामान्य पक्ष हो।

**वर्तमानकालको सामान्य पक्ष बुझाउने करण क्रियापदको बनोट :**

धातु + छु/ छौ/ छन्/ छस्/ छौ/ छ/ छे/ छिन्/ छन्/ नहुन्छ.....

**'हिड्' धातुको वर्तमानका : सामान्य पक्ष बुझाउने करण क्रियापदको रूपावली :**

| धातु + | प्रत्यय | = क्रियापद |
|---|---|---|
| हिड् + | छु | = हिँड्छु |
| हिड् + | छौ | = हिँड्छौ |
| हिड् + | छस् | = हिँड्छस् |
| हिड् + | छौ | = हिँड्छौ |
| हिड् + | छ | = हिँड्छ |
| हिड् + | छे | = हिँड्छे |
| हिड् + | छिन् | = हिँड्छिन् |
| हिड् + | छन् | = हिँड्छन् |
| हिड् + | छस् | = हिँड्छस् |
| हिड् + | नुहन्छ | = हिँड्नुहुन्छ। |

यसलाई सामान्य वर्तमानकाल भनिन्छ।

**वर्तमानकाल : अपूर्ण पक्ष**

१९. तिमी किताब पढ्दै छौ।

२०. ऊ सारङ्गी बजाउँदै छ।

यहाँ १९ को क्रियापद 'पढ्दै छौ' र २०को क्रियापद 'बजाउँदै छ' ले क्रियापद बुझाउने कार्यव्यापार कथनसमयमा नै सुरु भई चालू अवस्थामा रहेको तर पूरा नभएको बुझाएका छन्। यसरी कथनसमयमा नै क्रियापदले बनाएको कार्यव्यापार सुरु भई चालू अवस्थामा रहेको बताउने पक्ष वर्तमानकालको अपूर्ण पक्ष हो।



**वर्तमानकालको अपूर्ण पक्ष बुझाउने करण क्रियापदको बनोट :**

धातु + तै/दै छु/ छौ/ छस्/ छौ/ छ/ छे/ छिन्/ छन्/ हुनुहुन्छ .....

**'सार्' धातुको वर्तमानकाल : अपूर्ण पक्ष बुझाउने करण क्रियापदको रूपावली :**

**धातु + प्रत्यय = क्रियापद**

सार् + दै छु = सार्दै छु

सार् + दै छौ = सार्दै छौ

सार् + दै छस् = सार्दै छस्

सार् + दै छौ = सार्दै छौ

सार् + दै छ = सार्दै छ

सार् + दै छे = सार्दै छे

सार् + दै छिन् = सार्दै छिन्

सार् + दै छन् = सार्दै छन्

सार् + दै हुनुहुन्छ = सार्दै हुनुहुन्छ।

यसलाई अपूर्ण वर्तमानकाल भनिन्छ।

२१. हामीले हिमाल देखेका छौँ।

२२. उनीहरू हिमाल चढेका छन्।

यहाँ २१ को क्रियापद 'देखेका छौ' र २२ को क्रियापद 'चढेका छन्' ले यिनले बुझाउने कार्यव्यापार कथनसमयमा पुरा भइसकेको तर असर भने अझै बाँकी रहेको कुरा बुझाएका छन्। यसरी कथनसमयकै सेरोफेरोमा क्रियापदले बताएको कार्यव्यापार पुरा भइसकेको तर असर भने बाँकी नै रहेको बुझाउने पक्ष वर्तमानकालको पूर्ण पक्ष हो।

**वर्तमानकालको पूर्ण पक्ष बुझाउने करण क्रियापदको बनोट :**

धातु + एको/एका/एकी छु/ छौ/ छस्/ छौ/ छ/ छे/ छिन्/छस्/ हुनुहुन्छ......

**'पिट्' धातुको वर्तमानकाल : पूर्ण पक्ष बुझाउने करण क्रियापदको रूपावली :**

**धातु + प्रत्यय = क्रियापद**
पिट् + एको छु = पिटेको छु
पिट् + एका छौं = पिटेका छौं
पिट् + एको छस् = पिटेको छस्
पिट् + एका छौ = पिटेका छौ
पिट् + एको छ = पिटेको छ
पिट् + एकी छे = पिटेकी छे
पिट् + एकी छिन् = पिटेकी छिन्
पिट् + एका छन् = पिटेका छन्
पिट् + एको हुनुहुन्छ = पिटेको हुनुहुन्छ।
यसलाई पूर्ण वर्तमानकाल भनिन्छ।

**भविष्यत्काल : सामान्य पक्ष**

२३. म घर पुग्ने छु।

२४. ऊ भोलि आउने छ।

यहाँ, २३ को क्रियापद 'पुग्ने छ' र २४ को क्रियापद 'आउने छ' ले आफ्नो कार्यव्यापार कथनसमयभनदा पछि हुने कुराको सामान्य जानकारी दिएका छन्। यसरी क्रियापदले बताउने कार्यव्यापार कथनसमयभन्दा पछि हुने कुराको सामान्य जानकारी दिने तर त्यसको ठ्याक्क अवस्थाको बारेमा केही नबताउने पक्ष भविष्यत्कालको सामान्य पक्ष हो।

**भविष्यत्कालको सामान्य पक्ष बुझाउने करण क्रियापदको बनोटः**

धातु + ने छु/ ने छौं/ ने छस्/ ने छौ/ ने छ/ ने छे/ ने छिन्/ ने छन्/ नुहेछ.......।

'आउ' धातुको भविष्यत्काल सामान्य पक्ष बुझाउने करण क्रियापदको रूपावली।



**धातु + प्रत्यय = क्रियापद**
आउ + ने छौ = आउने छु
आउ + ने छौ = आउने छौ
आउ + ने छस् = आउने छस्
आउ + ने छौ = आउने छौ
आउ + ने छ = आउने छ
आउ + ने छे = आउने छे
आउ + ने छिन् = आउने छिन्
आउ + ने छन् = आउने छन्
आउ + नेहुने छ = आउनु हुने छ
यसलाई सामान्य भविष्यत्काल भनिन्छ।

**भविष्यत्काल : अपूर्ण पक्ष**

२५. तँ पढ्दै हुने छस्।

२६. ऊ लेख्दै हुने छ। यहाँ २५ को क्रियापद 'पढ्दै हुने छस्' र २६ को क्रियापद 'लेख्दै हुने छ' ले आफ्नो कार्यव्यापार कथनसमयभन्दा पछिको अवस्था बुझाएको छ।

• • •

# आदरार्थी

**सबै भाषाका आ–आफ्नौ किसिमका आदरार्थी व्यवस्था हुन्छन्। नेपालीको आदरार्थी हिन्दीको नजिक रहेको देखिन्छ। शुद्ध भाषाको प्रयोग हुन वा गर्न आदरार्थीको अहम् भूमिका रहेको हुन्छ।**

१. तँ आउँछस्। तँ आउँछेस्।

२. तिमी आउँछौ।

३. तपाई आउनुहुन्छ।

नेपालीमा व्यक्तिको सामाजिक स्तर, शक्ति वा प्रभुत्व वा प्रतिष्ठा अनुसार भाषिक प्रयोग गरिन्छ। माथिको उदाहरण १ देखि ३ सम्ममा पनि यही कुरो व्यक्त भएको छ। १ को 'तँ आउँछस्, आउँछेस्।' सम्बन्धित व्यक्तिको सामाजिक स्तर वक्ता स्वयम्‌को तुलनामा बिलकुल आदरहीन देखाएको छ, २ को 'तिमी आउँछौ' ले १ को तुलनामा केही उच्च सामाजिक स्तर भएको कुरो बताएको छ, ३ को 'तपाई आउनुहुन्छ' ले सम्बन्धित व्यक्तिको आदरको तह उच्च रहेको बताएको छ। यसरी वक्ता वा अन्य व्यक्तिका तुलनामा सम्बोधित व्यक्तिको सामाजिक प्रतिष्ठा र तिनका सम्बन्धलाई बुझाउने रूपतत्व वा वाक्य गठनको भेदलाई बुझाउने कोटि नै आदरार्थी हो। आदरार्थी द्वितीय तथा तृतीय पुरुष सर्वनाम (तँ → तिमी → तपाई → हजुर → ऊ → उनी → उही → हजुर र सोही पुरुषका क्रियापद (आउँछन् → आउँछौ → आउनुहुन्छ) बाट अभिव्यक्त हुन्छन्।



**आदरार्थीका तह**

नेपालीमा मोटामोटी आदरार्थीका तीन तह छन् भन्ने कुरो माथि १ देखि ३ सम्मका उदाहरणबाट समेत प्रस्ट भएको छ।

१. निम्न आदरार्थी / अनादरार्थी

२. मध्यम आदरार्थी / सामान्य आदरार्थी

३. उच्च आदरार्थी

**निम्न आदरार्थी / अनादरार्थी :**

वक्ता वा अन्यका तुलनामा सम्बोधित व्यक्तिको सामाजिक प्रतिष्ठा स्तर वा तिनीहरूबीचको सम्बन्ध निम्न तहको हो भनी बुझाउने आदरार्थीको भेदलाई निम्न आदरार्थी वा सामान्य आदरार्थी भनिन्छ, जस्तै :

८. तँ घरमा बस्छस्।

९. त्यो हल्ला गर्छ।

आदरार्थीको यस तहको प्रयोग आफूभन्दा साना, आफूले हेपेका र निर्जीव तथा अमानवीय वस्तुका लागि गरिन्छ।

**मध्यम आदरार्थी / सामान्य आदरार्थी**

वक्ता वा अन्यका तुलनामा सम्बोधित व्यक्तिको सामाजिक प्रतिष्ठा, स्तर वा तिनीहरूबिचको सम्बन्ध निम्न आदरार्थीको तुलनामा केही उच्च तहको हो भनी बुझाउने आदरार्थीको भेदलाई मध्यम आदरार्थी वा सामान्य आदरार्थी भनिन्छ, जस्तै :

८. तिमी घर जान्छौ।

९. उनी यही पढ्छन्।

आदरार्थीको यस तहको प्रयोग आफूभन्दा सानालाई माया गर्दा वा आफूसमान व्यक्तिहरूसँग भाषिक व्यवहार गर्दा प्रयोग गरिन्छ।

**उच्च आदरार्थी**

वक्ता वा अन्यका तुलनामा सम्बोधित व्यक्तिको सामाजिक प्रतिष्ठा वा

तिनीहरूबिचको सम्बन्ध माथिल्लो किसिमको छ भनी बुझाउने आदरार्थीको भेदलाई उच्च आदरार्थी भनिन्छ, जस्तै :

१०. तपाईंले कथा भन्नुभयो।

११. उहाँ आजै आउनुहुन्छ।

आदरार्थीका यस तहको प्रयोग आफूभन्दा ठुला र मान सम्मान गर्नु पर्ने व्यक्तिका सन्दर्भका लागि प्रयुक्त शब्द व्यवहार गरिन्छ।

**प्रश्न–१ कोष्ठकमा दिइएको सङ्केतका आधारमा खाली ठाउँ भर।**

(क) उहाँ को ---- ? (उच्च आदरार्थी)

(ख) तपाई ......। (उच्च आदरार्थी)

(ग) ....... आउँछन्। (निम्न आदरार्थी / अनादरार्थी)

(घ) हजुर .........। (उच्च आदरार्थी)

(ङ) तिमी ........। (मध्यम आदरार्थी / सामान्य आदरार्थी)

**प्रश्न–२ तलका वाक्यमा सुहाउँदा आदरार्थी क्रियापदहरूको प्रयोग गर।**

(क) मेरा भाइहरू आजै ................।

(ख) हजुर कहिले ..................॥

(ग) तपाईँ .........................।

(घ) तँ कहिले..................।

**प्रश्न–३ तलका प्रश्नको उत्तर देऊ :**

(क) आदरार्थी भनेको के हो ?

(ख) आदरार्थीका कति तह छन् ? उदाहरणसहित उल्लेख गर।

● ● ●

# समयको मूल्य

'के तिमीलाई आफ्नो जीवनको माया छ ?' तब समयलाई बरबाद नगर किनभने जीवन समयले बनेको छ। बेन्जामिन फ्रेङ्कलिनले यसो भनेका थिए अनि फ्रेङ्कलिन दुनियाँमा अगाडि बढेका थिए किनभने तिनले समयको मूल्य बुझेका थिए। महान् व्यक्तिहरू समयको मूल्य जान्दछन् र सफलताको सगरमाथामा पुग्छन्। कबीरदासले पनि भनेका छन्–

**'काल करै सो आज कर, आज करै सो अब्ब।**
**पल में परलय होयगी, बहुरी करैगो कब्ब।'**

अर्थात् भोलि गर्ने काम आजै गर, आज गर्ने काम अहिले गर। पलमा प्रलय हुन सक्छ, कसले जान्दछ ? फेरि त्यो काम कहिले गर्छौ ? महात्मा कबीरदासको यो अमरवाणी हामीले छातीमा सिउरिएर हिंड्नुपर्छ।

हाम्रो समय सीमित छ र प्रत्येक पल मूल्यवान छ। कला लामो छ र जीवन छोटो, कवि वर्डस्वर्थ भन्थे। प्रत्येक दिन हाम्रो सामु मित्र जस्तो भएर उपस्थित हुन्छ र प्रत्येक दिनले प्रकृतिको मूल्यवान उपहार लिएर आउँछ। मौका फेरि–फेरि आउँदैन, त्यसलाई चुल्ठीमा समात्नुपर्छ भन्ने अङ्ग्रेजहरूको आहान छ। प्रत्येक सुन्दर प्रात:काल सुन्दर वस्तुहरू लिएर उपस्थित हुन्छ। त्यस सुन्दर प्रात:कालबाट फाइदा नउठाउने मान्छे लम्फु र भुसको थैली बन्दछ, जीवनमा त्यो हरुवा गोरु हुन्छ। कुनै बुद्धिमान्ले ठीकै भनेका छन्, हराएको सम्पत्ति उद्योगले पाउन सकिन्छ, बिर्सेको विद्या पठन–पाठनले फेरि याद हुन्छ, नष्ट भएको स्वास्थ्य औषधी र

समयले प्राप्त हुन्छ तर विनष्ट भएको समय सदाका निम्ति जान्छ, त्यो सपनाको चिज हुन्छ। 'अब पछताए क्या होय जब चिडिया चुग गई खेत' भनेको जस्तो हुन्छ।

जो मानिस दुनियाँमा अघि बढेका छन्, उनीहरूले समयको मूल्य बुझेका छन्। जब अरू सुतेका हुन्थे एल हुबरिट काम गरेका हुन्थे, अरू विलासमा मग्न हुँदा ती शिर झुकाएर आफ्नो काममा लागेका हुन्थे। यसैले तिनले भनेका थिए–'म एक घण्टापछि अर्को घण्टा, एक विचारपछि अर्को विचारको बलमा अघि बढेको हुँ र देशमा नवयुवकहरूका सामु यही उदाहरण उपस्थित गर्न चाहन्छु जसद्वारा तिनीहरूले समयका मूल्यवान खण्डहरू जसलाई क्षण भन्दछन् तिनको प्रयोग गर्न सकून्।' कवि बर्न्सले आफ्ना अमर कृतिहरू खेतमा काम गर्दा लेखेका थिए। मिल्टनले आफ्नो प्रसिद्ध पुस्तक 'प्याराडाइज लस्ट' आफ्नो अस्तव्यस्त जीवनबाट बँचेका क्षणहरूको उपयोग गरेर लेखेका थिए। जान स्टुअर्ट मिलले आफ्नो सर्वोत्तम ग्रन्थ 'इस्ट इन्डिया हाउस'–मा क्लर्क काम गर्दा लेखेका थिए। ग्ल्याडस्टोनले सधैं आफ्नो जेबमा पुस्तक राख्थे। यस्तै अस्तव्यस्त जीवनमा देवकोटाले आफ्ना कृतिहरू लेखेका थिए। माइकल फ्याराडे किताबहरूमा जिल्द लाउने काम गर्थे तर बँचेको समयमा ती वैज्ञानिक परीक्षण गर्थे। एकपल्ट साथीलाई तिनले चिट्ठी लेखेका थिए–'मलाई समयको आवश्यकता छ। कति राम्रो हुने थियो यदि मैले सस्तो दाममा अनेक महाशयहरूका बँचेका घण्टाहरू, दिनहरू किन्न सकेको भए।'

जसले समयको दुरुपयोग गर्छ त्यसले आफ्नै घुँडामा बञ्चरो हानेको हुन्छ। प्रत्येक क्षणको राम्रो प्रयोग गरेर कोही व्यक्ति गुरु बन्दछ, त्यही समय नष्ट गरेर कहीं मान्छे गोबर बन्दछ। मसित समय नै छैन, थिएन भनेर हिँड्दा लाज लाग्ने कुरा हो। समय सबैका निम्ति छ। समयको मूल्य बुझेर काम गर्नेहरू महान् बने तर कल्पनामा विभोर भएर मनको लड्डू घिउसित खान्छु भन्ने मूर्खहरू जीवनमा अलपत्र परेका छन्। प्रतिदिन एक घण्टा काम सिकेर मूर्ख व्यक्ति निपुण हुन सक्छ। एक घण्टामा



प्रतिदिन २० पृष्ठ पढ्ने व्यक्तिले एक वर्षमा कति हजार पृष्ठ र लगभग अठारवटा पुस्तकहरू पढ्न सक्छ। सधैं एक घण्टाको उपयोग गरेर मामुली मानिस ठुलो हुन सक्छ, समय र देशका निम्ति काम लाग्ने बन्न सक्छ। जब एक घण्टामा यत्रो सामर्थ्य छ भने, एक घण्टाले जीवनमा यत्रो उल्टापाल्टो गर्न सक्छ भने, दुई चार घण्टा प्रतिदिन गुमाउने युवकहरूले संसारमा के गर्न सक्तैनन् यदि व्यर्थ जाने समयको ठिक उपयोग गरे भने ? महान् व्यक्तिहरूले त्यसै गरेका छन्, दुनियामा अघि बढ्नेहरूले समयको सदुपयोग गर्ने मन्त्र सिकाएका छन्। सेक्सपियरले भन्थे–'मैले समयलाई नष्ट गरेँ अनि अहिले समयले मलाई नष्ट गरिरहेको छ।'

समय हाम्रो पूँजी हो, हाम्रो मूल्य सम्पत्ति। समयको सदुपयोगले हाम्रो निर्माण हुन्छ र समाज र देशका निम्ति हामी काम लाग्ने बन्न सक्छौं। समय अविराम गतिले बगेर जान्छ, कुनै शक्तिले यसलाई रोक्न सक्तैन। गएको समय जीवन जस्तै फर्केर आउँदैन तर त्यही समयको सदुपयोग गरेर महान् व्यक्तिहरू हाम्रा पूज्य बनेका छन्, त्यही समयको सदुपयोग गरेर कति व्यक्तिहरू जीवनमा असफल त भए नै तर समाजका निम्ति बोझ पनि बनेक छन्। एडमण्ड एवरेटले भनेका छन्–'प्रत्येकको हातमा आफूलाई उपयोगी र यशस्वी, महान् र कीर्तिशाली बनाउने साधन छ, समय छ। प्रत्येक क्षण र अवसर आत्मसुधारमा लगाऊ र तिम्रो हातले भाग्य बन्नेछ।'

• • •

# अनुशासन

नियम पालन र आज्ञापान अनुशासनका दुई अङ्ग हुन्। जीवनको प्रत्येक क्षेत्रमा मानिसका निम्ति नियमहरू निश्चित छ। निरन्तरको चिन्तन र अनुभवका आधारमा यी नियमहरू निर्धारित गरिएका छन्, यी नियमहरूमा नै मानव सभ्यता अडेको छ। जहाँ यी नियमको पालन हुँदैन त्यहाँ जङ्गलको कानुन हुन्छ अथवा जसको लट्ठी उसको भैंसी भन्ने उखान जस्तो हुन जान्छ। अनुशासन एउटा शक्ति हो,मानिसको जीवनमा मात्र होइन, राष्ट्र व्यवस्थाको पनि। घरमा, बजारमा, स्टेसन, स्कुलमा सर्वत्र मानिसका निम्ति नियमहरू छन्। घरमा सबैले मनपरी गर्छन् भने त्यो घर भाँडिन्छ। बाटामा गाडी हिँड्ने नियम छ, ड्राइभरहरू नियम भङ्ग गर्छन् भने बस र ट्रक ठोकिन्छ, ट्रकको मुनि साइकल पस्छ। स्टेसनमा पनि समयमा पुगेन भने गाडी समात्न भने सकिँदैन, यसैले एकजना विद्वान्ले भनेका छन्, 'दगुर्नु बेकार छ, मुख्यत: समयमा काम कुरा नसिक्नु ठुलो क्षति हो।'

सरकारले जनतालाई हेर्दैन,अथवा जनताले सरकारलाई मान्दैन भने त्यो देश कस्तो हुन्छ? छात्रले शिक्षकलाई टेर्दैन अथवा शिक्षक स्कुलमा मातेर आउँछ भने त्यो स्कुल कस्तो हुन्छ? सर्वत्र भाँडभैलो हुँदैन र? प्रकृतिले पनि अनुशासन मान्छ नत्र बिहान घाम अस्ताएर बेलुकी घाम झुल्क्यो भने ब्रह्माण्डमा भद्रगोल हुँदैन र? अनुशासन छैन भने मानव समाज भाँडिन्छ, सभ्यताको खुट्टा भाँचिन्छ।

छात्रावस्था जीवनको निर्माणकाल हो र यही जीवनमा छात्रले अनुशासनको



महत्त्व सिक्दछ। आज देशमा छात्रहरूबिच जुन अनुशासनहीनता आएको छ त्यो अवश्य पनि राम्रो मति होइन। गुरुजनको अपमान गर्नु, स्कुलमा गण्डगोल गर्नु, परीक्षामा दुनियाँभरिको बदमाशी गर्नु सबै अनुशासनहीनता हो। यो समाजलाई भ्रष्ट पार्ने बाटो हो, देशलाई भाँड्ने कुबाटो हो। अनुशासनलाई कुल्चेर कुनै पनि समाज उन्नत हुन सक्तैन। त्यो पतनको सोझो बाटो हो। तर आज विद्यालय र विश्वविद्यालयमा अनुशासनहीनताले आफ्नो चरम-सीमा नाघेको छ,यसको सूत्रपात त्यहींबाट भएर समाजका अन्य क्षेत्रमा पनि यो व्याप्त छ। आजका विद्यार्थीको मति भाँडिएको देखिन्छ। यसको जिम्मेवार राजनीतिज्ञहरू पनि छन्। हाम्रो देशका ठुलाठालू नेताहरूमा पनि अनुशासन छैन। सभामण्डलमा टाउको फोराफोर गर्छन्, मुख हात बराबर चलाएका छन्। अनि त विद्यार्थीवर्ग उच्छृङ्खल र उद्दण्ड,पथभ्रष्ट र मतिभ्रष्ट हुन के बेर? आज समाजको सम्पूर्ण शक्ति लगाएर पनि यस प्रकृतिलाई रोक्नुपर्छ नत्र भने यसले समाज र राष्ट्र दुवैलाई अधोगतिको खाडलमा हाल्छ।

इन्साफ हराए गोर्खा जानु भनेको जस्तै आज अनुशासन खोज्नमा सेनामा जानुपर्छ। सैनिक जीवनमा अनुशासन नभई नहुने कुरो हो,यो छैन भने सैनिक जीवन एक चल्दैन। कोही भन्छन्, अनुशासनले हाम्रो इच्छालाई दमन गर्दछ र इच्छानुसार कुनै काम गर्न सक्तैनौं। तर यो ठनाइ ठिक होइन। अनुशासन स्वतन्त्रता होइन तर स्वेच्छाचारिताको विरोधी अवश्य हो। अनि स्वेच्छाचारिता अवश्य पनि ठिक होइन, ठिक हो भने यसले समाजमा अराजकता ल्याउँछ। जसले जे पायो त्यही गर्‍यो भने त्यो समाज कसरी बाँच्छ?

नियम र कानुनको पालन अनुशासन हो। कानुन तोड्नु अपराध हो,सबैले कानुन तोडे भने समाजमा भाँडभैलो मच्चिन्छ। चोर डाँकाहरू सबै असामाजिक तत्वहरूलाई ठेगाना लाउने पनि बन्दोबस्त छ। तर कति नियमहरू अघिदेखि चल्दै आएका छन्, लिखित छैनन् र कानुन पनि होइनन्। जस्तै छोराले बाबुको कुरा मान्नुपर्छ अथवा केही हदसम्म स्वास्नीले लोग्नेको कुरा मान्नुपर्छ भन्ने नियम कहीं लेखिएको छैन। तर बाबुलाई टेरपुच्छर नलाउने छोरा काम लाग्दैन, लोग्ने वा

परिवारको कुरा नसुनी बरालिइहिँड्ने स्वास्नी काम लाग्छे र? त्यस्तै स्वास्नीको वा परिवारको कुरा नसुनी लोग्ने पनि बरालिनु सही हो र? मानवजीवनको हरेक क्षेत्रमा अनुशासन छ, अनुशासन भङ्ग हुँदा समाज अलपत्र हुन्छ, घर–परिवार बरबाद हुन्छ।

उक्ति छ, अनुशासन जसले मान्छ उसैले शासन गर्न सक्छ। व्यवस्था र नियम अनुशासनको आधार हो। यसको पालनबाट व्यवस्थाको रक्षा हुन्छ। व्यवस्था नै प्रगति, शान्ति र स्वतन्त्रताको धात्री हो। प्राचीन युगदेखि नै सम्पूर्ण समाजको भित्ति अनुशासनको जगमा जडिएको छ। त्यही जग दुर्बल हुँदा सारा समाज धराशायी हुन्छ। जसले अनुशासनको पाठ पढेको छैन त्यो सभ्य होइन बर्बर हो, किनभने मानव सभ्यता अनुशासनमा अडिएको छ।

• • •

# परोपकार

महर्षि व्यासले मात्र होइन संसारका सबै महान् विभूतिहरूले पनि परोपकारलाई मानव जीवनको सर्वश्रेष्ठ कर्तव्य घोषित गरेका छन्। वैदिक ऋषिको 'सर्वे भवन्तु सुखिनः'–को महत् अभिलाषा भगवान बुद्धको 'बहुजन सुखाय'–को कामना तथा महात्मा गान्धीको 'सर्वजन सुखाय'–को सर्वोदयवादी भावनाको मूल धारा परोपकार नै हो। मार्क्सको साम्यवादी विचारधाराको नाभि–केन्द्र पनि समाजका निम्ति व्यक्तिगत स्वार्थहरूको परित्याग हो।

सत्य, क्षमा, धृति, अस्तेय, निग्रह आदि पनि मानव धर्मका लक्षण मानिन्छन् तर ती धर्मका लक्षण मात्र हुन् स्वयं धर्म होइनन्। सत्यवादी हुनु, स्वच्छता अपनाउनु, जितेन्द्रिय बन्नु यस्ता कार्य हुन् जुन स्वयं स्वार्थ साधनका निम्ति अनिवार्य छन्। तर साधना मात्र होइन, परार्थ भावना सर्वश्रेष्ठ गुण र धर्म हो। मानिस अन्य प्राणीभन्दा श्रेष्ठ यही अर्थमा हुन सक्छ कि उसले 'पर'–का निम्ति 'स्व'–को बलिदान गर्न सक्छ। जसले आफ्नो कामना–तुष्टि निम्ति, स्वार्थ–सिद्धका निम्ति अरूका स्वत्व र अधिकारहरूको चिन्ता गर्दैन ऊ मानवताको पङ्क्तिमा बस्न योग्य छैन।

परोपकार–भावनाको पूर्ण विकासको दृष्टान्त हामीलाई प्रकृतिको साहचर्यमा उपलब्ध हुन्छ। यस्तो प्रतीत हुन्छ मानौ प्रकृतिको प्रकृत उद्देश्य नै परोपकार गर्नु हो। कुनै प्रतिदानको कामना नराखेर उसले आफ्नो अक्षय कोष अरूका कल्याणको लागि उन्मुक्त भावले दान गर्दछ। वृक्षले स्वयं फल खाँदैन, नदीले आफ्नो तृप्तिका

निम्ति जल सञ्चय गर्दैन, वायु अरूलाई जीवन दान दिन अविधान्त भावले बहन्छ। सूर्य–चन्द्र अहोरात्र हामीलाई उष्णता, शीतलता र आलोक प्रदान गरिरहेका छन्। वसुन्धरा सबैको भाव बहन गरेका अन्न, जल, औषधि, खनिज द्रव्यहरूबाट सृष्टिको पालन–पोषणमा संलग्न छ। यसरी हामी देख्छौं परोपकार प्रकृतिको आत्मा हो। तर प्रकृति–कुमार मानव यदि परोपकारको पथदेखि विचलित भएर आत्मसेवी र स्वार्थी बन्दछ भने उसले प्रकृतिलाई द्रोह गरेको हो, मानवताको स्तरदेखि भ्रष्ट भएको हो।

परोपकारको क्षेत्र व्यापक र विस्तृत छ। यसमा धनको होइन त्यागको भावना प्रमुख छ। यहाँ रोग–शोक, दीनता, दरिद्रिता, अशिक्षा र मूढताको साम्राज्य छ र परोपकारका निम्ति हाम्रो सामु अनन्त क्षेत्र छ। शिक्षा कै क्षेत्रमा पनि हामी अरूको कल्याण गर्न सक्छौं, जहाँ अहिले लाखौं मानिसहरू अशिक्षा र अज्ञानको अन्धकारमा डुबेका छन् त्यहाँ देशका प्रत्येक नागरिक आफ्ना सीमित साधन भए पनि शिक्षा–प्रसारमा सहायक हुन सक्छन्। हामी आवश्यकताको समयमा धेरै यस्तै परोपकारी काम गर्न सक्छौं। हाम्रो देशमा ९० प्रतिशत व्यक्तिहरू दीनहीन अवस्थामा छन् जसका अघि अन्न, वस्त्र, आवास, चिकित्साका समस्याहरू उभिएका छन्। धनवान् व्यक्तिहरू तिनीहरूको धेरै प्रकारले सेवा गर्न सक्छन्। सामान्य श्रेणीका मानिसहरूले पनि सामूहिक प्रयासद्वारा जनकल्याणका निम्ति धेरै थोक गर्न सक्छन्।

भारतीय संस्कृति भोग प्रधान छ। हाम्रो देशमा अरूका निम्ति, समाजका निम्ति जीवन अर्पित गर्ने मानिसलाई महान् स्वीकार गरिन्छ। भारतीय संस्कृति महान् र श्रेष्ठ छ। हाम्रो भारतीय संस्कृतिको प्राचीन युगमा वर्णाश्रम व्यवस्था थियो। त्यसमा वानप्रस्थ र संन्यास आश्रम समाज र लोकसेवाका आश्रम थिए। यसैले परोपकारीहरूको शृङ्खला थियो। त्यागवीर दधीचिको नाम प्रसिद्ध छ। अस्थिकालको बर्बर युगमा पनि लोककल्याणको वेदीमा तिनले आफ्नो प्राण अर्पित गरेका थिए। राजा शिविले कपोतरक्षाका निम्ति आफ्नो शरीर दान गरेका थिए। दानवीर कर्ण र दानव श्रेष्ठ बलिको यशोगाथाले हाम्रा इतिहासका पाता रङ्गिएका



छन्। योगीश्वर कृष्ण महाभारतकालीन राजनीति र धर्मनीतिका सूत्रधार थिए र सहजै चक्रवर्ती सम्राट हुन सक्थे तर तिनले लिप्सालाई त्यागेर जनसेवालाई आफ्नो जीवनको आदर्श मानेका थिए। भगवान बुद्धले संसारबाट दुःखको समूल विनाश गर्नका लागि राज्य–सिंहासन, सुन्दरी भार्या र नवजात राहुलको परित्याग गरेका थिए। महान् अशोकले भिक्षुको जीवन बिताउनुमा त्यही भावना क्रियाशील थियो। आजको युगमा पनि स्वामी विवेकानन्द,महात्मा गान्धी, सन्त विनोबा आदि महामानवहरू पाउँछौं जो पीडित मानवताको शोक हरण गर्नका निम्ति सदैव सचेष्ट थिए।

परोपकारको मार्ग अवरुद्ध गर्ने तत्वहरूमा अहङ्कार र स्वार्थ–भावना प्रमुख छन्। अहङ्कार पतनको मूल नै हो। यसले मानिसलाई दम्भी र पाखण्डी बनाउँछ। अहङ्कार र परोपकार दुई नमिल्ने शब्द हुन्,परस्पर विरोधी थोकहरू। परोपकारी व्यक्तिमा अहंकारको लेश हुँदैन,अशेष विनम्रता हुन्छ। स्वार्थ भावनाले मानिसलाई कर्तव्य पक्षबाट विचलित गर्दछ, स्वार्थी भावनाले प्रेरित भएर गरेको कार्यमा परोपकार हुँदैन। स्वार्थी भावनालाई त्यागेर नै गौतम बुद्ध महान् भए, महात्मा गान्धी महामानव भए।

परोपकार मानिसको सर्वश्रेष्ठ धर्म हो। यसैको अभावले गर्दा आज संसार दीनता,शोषण,शोक,रोग,युद्ध र हिंसाको अखाडा भएको छ। स्वार्थी–भावना र अहङ्कारले गर्दा विश्वमा युद्धहरू हुन्छन्,हिंसा र मारकाट हुन्छ। यी दुर्गुणहरूको परिमाणमा मानवताको कल्याण छ, परोपकारको पतनमा विश्व र मानवताको अन्त छ। जबसम्म परोपकार भावना मानिसको प्रधान प्रवृत्ति हुँदैन तबसम्म मनुष्यता पूर्ण हुँदैन। परोपकार सर्वश्रेष्ठ धन हो भन्ने सत्यलाई जब प्रत्येक मानिसले हृदयङ्गम गर्छ तब यो संसार साँचो अर्थमा मानवलोक हुनेछ।

• • •

# विज्ञानको चमत्कार

आज विज्ञानले उदेक गरेको छ। सर्वत्र यसकै बोलबाला छ। हाम्रो दैनिक जीवनमा पनि विज्ञान नभई नहुने थोक भएको छ। आजको युगलाई वैज्ञानिक युग भन्छन् तर यो भुल हो। जसले सबभन्दा पहिला आगो पारे शायद उनै प्रथम वैज्ञानिक हुन्। ढुङ्गा तिखारेर हतियार बनाउने पनि वैज्ञानिक नै हुन्। यसरी आदिकाल देखि नै विज्ञानको प्रयोग हुँदै आएको छ। तर आजको युगमा विज्ञान उन्नतिको शिखरमा पुगेको छ। यसैले आजको युगलाई वैज्ञानिक युग भनेको पनि ठिकै हो।

मानिस प्रकृतिसँग लड्न थाले। धरतीको धुलो र माटाले घर बनाए। नदीमा पुल हाले, लामा चौडा सडक बनाए। जल मन्थन गरेर बिजुली निकाले। आकाशमा उडे, चन्द्रमासम्म पनि पुगे। विज्ञानले अब के गरेन?

जब स्थानको दूरी छैन। विश्वको कुनाकुना घरको आँगन भएको छ। मानिस अहिले जमिनमा दगुर्दछन्, सागर पार गर्छन्,आकाशमा उड्छन्। अहिले त मानिस अन्तरिक्षमा पनि पुग्न थाले। रकेट र स्पुतनिक बनाएर अन्य ग्रहमा पनि पुगिसके। अन्तरिक्षको यात्रा गरेर मानिसहरू सकुशल पृथ्वीमा फर्कन थाले। टेलिभिजन, टेलिस्कोप निस्किए। हामीले टाढाका वस्तु सहजै हेर्न थाल्यौं। रुसमा भएको नाच अमेरिकामा बसी टेलिभिजनमा हेर्न थाल्यौं,अमेरिकामा बोलेको रुसको कुनामा बसी सुन्न थाले। टेलिफोन, मोबाइल, इमेल,इन्टारनेट, सेटेलाइट निस्किए। देश–देश नजिकमा आए, भित्ताहरू भत्के अनि संसार साँघुरिँदै आयो।

एउटा स्विच दबाउनसाथ घर उज्यालो हुन्छ, बिजुलीकै भरमा भात पाक्छ, पानी तात्छ अनि जे पनि हुन्छ। घर र सहर उज्यालो पार्न मात्र होइन उद्योग–



धन्धामा बिजुलीकै प्रयोग हुन्छ, यसकै सहायताले रेल र ट्रम गाडीहरू चल्छन्। मुद्रणयन्त्रहरू आए, हजारहजार प्रति किताबहरू एकै छिनमा छापिन थाले, विद्याको सर्वत्र प्रचार भयो। चिकित्सामा पनि उद्देश्यको उन्नति भयो,भाँच्चिएको खुट्टा जोड्न थाले, बिग्रेको मुटु निकालेर अर्को मुटु हाल्न थाले, एक्सरे गरेर भित्रको नक्सा उतारे, किसिमकिसिमका ओखती मुलो निकाले।

अहिले जस्ताको तस्तै फोटो क्यामेराले उतार्छ, क्यामेराले गर्दा सिनेमा पनि आयो। सुरुमा यो सबैका निम्ति उदेकको रमिता भयो। अहिले त सिनेमा कतिका निम्ति दालभात जत्तिकै भएको छ मामुली तर आवश्यक पनि। सस्तोमा देश–विदेश हेर्न सक्छौं, ठिटा–ठिटी नाचेको हेर्छौं, गीतहरू सुन्छौं, रेडियो आयो अनि घरमा बसी दुनियाँको खबर सुन्न थाल्यौं, गीतहरू सुन्न थाल्यौं। लङ्कामा गाएको दार्जिलिङको कुनामा बसेर सुन्यौं, अमेरिकामा बजेको यहाँ पनि बज्न थाल्यो। हावाको लहरको भरमा सात समुद्र पारिका गीत र सङ्गीत, खबर र संदेश आउन थाले। अनि घरैमा बसी हामी गीतको तानमा झुम्न थाल्यौं। यी सब विज्ञानकै चमत्कार हुन्।

जता हेरे पनि विज्ञानकै जित र चमत्कार देख्छौं। आज मान्छे विज्ञानको तालमा नाच्छ। आकाशको उँचाइदेखि समुद्रको गहिराइसम्म पुगेको छ। अरू त के कुरा गर्नु चन्द्रमासमेतले आफ्नो रहस्य गुमाएको छ।

तर विज्ञानले उपद्रो पनि मच्चाएको छ, सर्वत्र आतङ्क फैलाएको पनि छ, बम गोला, ध्वंसात्मक चिजहरू निकालेर मान्छेलाई नै तर्साएको छ। अणु बम, हाइड्रोजन बम, मेगटन बमको निर्माणले महाप्रलय सम्भव भएको छ। यी बम यति शक्तिशाली छन् यिनको एउटै प्रहारले कोसौंको विस्तारमा फैलेका महानगर, वनभूमि तथा पर्वत प्रदेशहरूलाई पलभरमा उडाउन सक्छ। अर्को युद्धको अर्थ हो महाप्रलय र सभ्यताको अन्त्य। तर विज्ञान छुरा जस्तै हो, राम्रो प्रयोग गरे छुराले दारी खौरन्छ, नराम्रो प्रयोग भए मान्छेले छुराले घाँटी रेटेर आत्महत्या पनि गर्छ। तर विज्ञानले संसारको अनुहार बदलेको छ। यस्तालाई शिखरमा पुऱ्याएको छ। यसको सबै राम्रो प्रयोग हुन्छ भन्ने भविष्यले आशा राख्छ।

• • •

# नारी शिक्षा

ईश्वरको सृष्टिमा पुरुषको जुन महत्त्व छ, त्यही नारीको पनि छ। नारीले पनि एउटा सन्देश सुनाउँछन्, जागृतिको गीत गाउँछन्। नारीमा पनि बुद्धि, ज्ञान, शक्ति र जोश छ, तर मौका नपाएर उनीहरूको उज्वलता बादलले ढाकेझैं छ। समाजको थोत्रो नियम, विचार र रीतिथितिले उनीहरूलाई साङ्लो लाएको छ–चल्न नदिई, बढ्न नदिई। यसैले अब त उनीहरूले पनि आफ्नो विकास गर्न र समाज र देशको प्रगति गर्न अवकाश पाउनुपर्छ। यसमा प्रथम, शैक्षिक विकासको प्रबन्ध अति आवश्यक छ।

शिक्षा नै एउटा यस्तो साधन हो जसको आधारमा कसैले पनि आफ्नो विकास गर्न सक्छ। नारीको विकास र उन्नतिका निम्ति नारी शिक्षा अति आवश्यक भएको छ। वास्तवमा नारी शिक्षा हाम्रो देशमा नयाँ विषय होइन। वैदिक युगको इतिहास पढे यो स्पष्ट थाहा हुन्छ–त्यस समय नारी–शिक्षाको जोडदार प्रचार थियो, नारीहरू अति शिक्षित भए। उनीहरू प्रत्येक कार्यमा पुरुषसँगै अग्रसर हुन्थे। वेदका धेरै श्लोक र ऋचाहरू नारीहरूले रचेका छन्। आत्रेयी, गार्गी र अरू नारीहरूको नाम यसरी प्रचलित छ।

महान् सम्राट अशोकले नारी शिक्षाको विकासमा ठुलो प्रयास गरेको इतिहास बताउँछ। यसरी नै मध्ययुगमा मैसुर अधिपतिका छोरीहरू विद्यावती भएका थिए। रानी अहिल्याबाईले पुरुषले भन्दा सुचारु रूपले आफ्नो राज–शासन चलाइन्। त्यसरी नै रानी भवानी र लीलावतीको नाम स्मरणीय छ। तर पछिल्ला मुसलमान



राजाहरूको कालदेखि नारीको अवस्था बिग्रिएको गुनासो छ, कहाँसम्म भने नारीहरूलाई दासी पनि बनाइयो।

त्यसै समयदेखि मौकावादी समाजका कुपुरुषले नारीको स्वतन्त्रतामा बाधा हाले औ नारीलाई अशक्त र अबला बनाई राखे। नारी घरकै चारकुनामा बन्दी भई रहून् भन्ने यी स्वार्थीहरूको चाहना थियो। फलत: नारी जाति पछौटे भए, अशिक्षित असभ्य र अबला रहे।

त्यसरी पछि मानिस नारीशिक्षाको नामसँगसम्म घृणा गर्ने भए औ यस विषयमा शङ्कालु र सङ्कुचित बने। नारीको मुख्य कर्त्तव्य पुरुषलाई मनोरञ्जन गराउनु मात्र रह्यो। धेरै पुरुषले नारीहरूलाई समाज र बजारमा स्वतन्त्र हिँड्नु र आउजाउ गर्नसम्म आपत्ति लगाए यसरी नारीले पाए बुर्का, पर्दा र घुम्टो तर यी सबको परिणाम अझ नराम्रो भयो, तीन तलाक त छँदै थियो। नारीको साथसाथै समाज पनि सडेर गयो। कारण अशिक्षित र असभ्य नारीबाट समाजको कसरी उन्नति हुन सक्छ ? त्यस बाहेक बुर्का र पर्दाभित्र नारीको भ्रष्टाचार बढ्यो, घटेन। समाज डुब्ने भयो, यसैले एक दुई सुधारवादी नारी–स्वतन्त्रताका निम्ति अघि बढे। यिनमा ईश्वरचन्द्र विद्यासागर, गान्धीजी, राममोहन राय आदि प्रसिद्ध छन्।

यी महापुरुषका अथक परिश्रमले समाजको विचार र रीतिमा परिवर्तन ल्यायो। मानिसहरूले बुझ्दै गए औ नारी जागृतिको क्रान्ति चारैतिर देखिन लाग्यो। फलत: आज हामी पाउँछौं, नारी पनि पुरुषसरह काँधमा काँध मिलाई प्रगति पथमा बढिरहेका छन्। नारीहरूका निम्ति विद्यालय खोलिए, महाविद्यालय बनाइए र आज नारीहरू इन्जिनियर छन्, डाक्टर , वैज्ञानिक, प्रधानमन्त्री, राष्ट्रपति आदि पनि छन् ।

नेपोलियन भन्थे–एउटा देशको उन्नतिको निम्ति सबभन्दा ठुलो आवश्यकता हो–शिक्षित नारी (आमा)। नारी शिक्षामा नेपोलियनको ठुलो विश्वास थियो। यसरी नारी अघि बढे औ देश र जातिलाई पनि अघि बढाए। साँचै स्त्री र पुरुष समाज रूपी रथका दुई चक्का हुन् र दुवै चक्काका उन्नतिमै समाजको कल्याण छ। धेरै जसो पुरुषको प्रेरणा, सहायक र इज्जत नारी नै हुन्।

पश्चिमी देशमा नारीहरूले धेरै अघि उन्नति गरिसकेथे। त्यसले निश्चय हाम्रो देशलाई प्रेरणा दियो। नारी सेविका होइन, परन्तु सहयोगी बन्नुपर्छ भन्ने सबैले बुझे। हुनत लाजको विषय के थियो भने जुन देशमा सीता, सावित्री, दुर्गावती, प्रमिला, मीरा इत्यादि जन्मे त्यही देशले नारी प्रगतिका निम्ति पश्चिमलाई हेर्नुपऱ्यो, तापनि अब त्यो लामो कालो रातको अन्त भएर विकासको प्रभात आयो। भारतमा दामिनी काण्डले ठुलो परिवर्तन ल्यायो।

आज रसियाकी नारी रकेटमा चढेर शून्यको यात्रा गरिन् भने हाम्रा भारतका नारीले पनि शून्यताको यात्रा गरिसकेकी छन्। हाम्रा नारीहरू पनि वैज्ञानिक, डाक्टर र उच्च कलाकार बनिसकेका छन्। आज छोरी जन्माँदा रुने आवश्यकता कसैलाई छैन। सती जानु पर्ने त्यो क्रूर युग छैन अहिले,न विवाहमा छोरीको बाबुले दाइजोको दहमा डुब्नुपर्छ। आज स्त्री–पुरुष बराबर छन्। भारतीय संविधानले नारीको हकको जगेरा गर्छ। तर नारीले शिक्षाको सुप्रयोग गरी समाजलाई उच्च उठाउनुको बदला अधिकार र हकको नारा लगाई समाजमा फुट र भ्रष्टाचार ल्याउन त कदापि हुँदैन।

आज नेपाली समाजमा पनि नारी–प्रगतिको मुहान खुलेको छ। दुनियाँका नारीहरूसँग हाम्रा नारीहरू पनि होड गर्न लागेका छन्। प्रत्येक क्षेत्रमा नारीहरू अग्रसर भएका छन्। हाम्रो समाजमा नारीहरू कुनै नचाहिँदो बन्धनले बाँधिएका छैनन्। यसैले आमाबाबु, छोरा र छोरीमा केही भिन्नता देख्दैनन्। यसरी हाम्रा नारीहरू दिन प्रतिदिन अघि बढिरहेका छन्।

● ● ●